विश्व कम्प : विश्वकप विशेष

आइतबार • १० असार २०७५ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com



बेइजिङमा अग्निपरीक्षा

दुई वर्षअघि बेइजिङसँग दूरगामी महत्त्वको सम्झौता गरेका प्रधानमन्त्री ओलीको कूटनीतिक सामर्थ्यको परीक्षण चिनियाँ महाशक्तिको प्रयोगशालामा हुँदैछ ।

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
GUARANTEE
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO
500D 12
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

AMBE GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४

नेपालमा बनेको

ISO 9001:2008 CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
बेहतर फॉर्मुला
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

विश्व कम्प

विश्वकप ३९

१६ स्वास्थ्य
जन्मँदै डाउन सिन्ड्रोम

५४ झल्याकझुलुक
रामकहानीको भर
पूर्वमिस नेपालको प्रतीक्षा

२० न्यायालय
पीएसओमा बेखुस श्रीमान्



उपेक्षित सुपारी इलम १४
विश्लेषण : रामेश्वर खनाल १८
मैमत्त मन्त्री ३८
पर्सोनाज : कुमार नगरकोटी ४७
परदेशबाट : विश्वास हमाल ४८

ओलीको कूटनीतिक परीक्षा
२४ आवरण

स्थायी स्तम्भ >>

चिट्ठी (६), स्मरण (७), सोझै (८), परिहास (१०), तीन किताब (४६), फिल्म (५६), अचानक (५७), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा, जनक नेपाल, माधव बस्नेत
संवाददाता : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : ३ असार २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

पौरखी पाँच पात्र

शारीरिक रूपमा अपांग भए पनि मानसिक रूपमा सबलांगभन्दा अब्बल रहेछन्, *नेपाल*ले फेला पारेका पाँच पात्र *(बोझ होइन, ओत, ३ असार)*। अपांगतालाई फरक क्षमता भएको देखाउने यी पाँच पात्र आफ्नो समूहका लागि मात्र नभएर सबलांगका लागि पनि उदाहरणीय हुन्। विविध कारणले शारीरिक रूपमा अपांग भए पनि यिनीहरूको क्षमता सबलांगभन्दा धेरै गुणामाथि रहेको पाइयो। गोविन्द आचार्य, लक्ष्मी घिमिरे, निर्मला ज्ञवाली, राम गोले र रामचन्द्र कार्की फरक क्षमता भएका पौरखी रहेछन्।

शारीरिक रूपमा अक्षम यी पाँच पात्रले भोगेको कष्टकर पीडाले जो-कोही सबलांगको मनलाई एकपटक सोच्न बाध्य बनाउँछ- संघर्षबिना सफलता चुम्न सकिँदैन भन्ने। अझ, शारीरिक रूपमा फरक क्षमताका भए पनि आफ्नै पौरख पसिनाबाट घरपरिवारको गर्जो टार्नमा समेत यिनीहरूको योगदान रहेछ। सबैलाई केही कर्म गराउन उत्साहित पार्ने यस्ता पात्रलाई सलाम।

● **अभिषेक टण्डन**
धुम्बाराही, काठमाडौं

पानीमा छिमेकी चासो

दुई छिमेकी भारत र चीनबीच नेपालको पानीलाई कसरी आ-आफ्नो भूराजनीतिक रणनीतिमा पार्न सकिन्छ भन्ने प्रतिस्पर्धा चलिरहेको छ *(भूराजनीतिक भास, ३ असार)*। दुई तिहाई बहुमत प्राप्त वाम गठबन्धनको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी ओलीको सरकारले छिमेकी रिझाउने नाममा नेपाली परिश्रम र सीपमै बन्न सक्ने विभिन्न विद्युत् आयोजना दुई छिमेकीको जिम्मा लगाइदिनु नेपालको जलस्रोत विकासका लागि अशुभ संकेत हो।

रोचक पक्ष त भारतले नेपालमा चीनले बनाइदिएका आयोजनाबाट उत्पादित विद्युत् खरिद गर्न नसकिने र आफूलाई मात्र आयोजना निर्माणको जिम्मा दिनुपर्ने एकतर्फी दबाब दिइरहेको रहेछ। भारतले माथिल्लो कर्णाली, अरुण तेस्रोजस्ता आयोजना निर्माणको जिम्मा पाइसकेको छ भने चीनले निर्माण गरिदिने निश्चित भएको बूढीगण्डकी आयोजनामा पनि दुई मुलुकबीचको स्वार्थ सतहमै प्रकट भएको थियो। भारतको दबाबलाई थेग्न नसकेर तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले बूढीगण्डकीबाट चिनियाँ कम्पनीलाई हटाइदिएको थियो।

नेपालको पानी प्रयोगलाई दुई मुलुकबीचको रणनीतिक र सामरिक स्वार्थको भासमा लैजाने काम स्वयं राजनीतिक नेतृत्वले गरिरहेका रहेछन् भन्दा आश्चर्य लाग्यो।

● **तीर्थ अधिकारी**
कलंकी, काठमाडौं

एकतापछि असन्तुष्टि

पूर्वएमाले र माओवादी केन्द्रबीच पार्टी एकता भएसँगै दुवै समूहका आन्तरिक असन्तुष्टि बाहिर आउन थालेका छन् *(अव्यक्त असन्तुष्टि, ३ असार)*। प्रधानमन्त्री तथा नेकपा अध्यक्ष केपी शर्मा ओलीले महासचिव पदमा विष्णु पौडेललाई नियुक्त गरेपछि विवाद सतहमा आएको देखिन्छ।

पार्टी नेतृत्वमा बलशाली ओलीले विधानमै नभएको महासचिवमा पौडेललाई नियुक्त गर्दा अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को मौन समर्थन रहनुले कम्युनिस्टहरू विधिविधान अनुसार चल्दैनन् भन्ने देखाएको छ। बुटवल महाधिवेशनसम्म ओलीको दाहिना हात मानिने हालका रक्षामन्त्री ईश्वर पोखरेल, पार्टीका वरिष्ठ नेता झलनाथ खनाललगायतको पंक्ति अहिले प्रधानमन्त्रीप्रति असन्तुष्ट बनिरहेको बताइन्छ।

● **माधव ज्ञवाली**
मणिग्राम, रूपन्देही

चीनको खेल-कूटनीति

आर्थिक शक्तिमा अमेरिकापछि दोस्रो र जनशक्तिको हिसाबमा सबैभन्दा बढी जनसंख्या रहेको चीनले खेल-कूटनीतिमार्फत संसारभर आफ्नो वर्चस्व कायम गरिरहेको छ *(नखेलेरै फाइदामा, ३ असार)*।

चीनले विश्वकप खेल्न अझ धेरै वर्ष कुर्नुपरे पनि खेल प्रायोजनका हिसाबमा सबैलाई उछिनेको रहेछ। फुटबलमा मात्र नभई विश्वमा हुने सबैजसो ठूला खेलमा चिनियाँ कम्पनीको लगानी अग्र भागमा हुने गर्छ। चीनले आफ्नो कूटनीतिक दायरा अझ फराकिलो बनाउन अफ्रिकी मुलुकमा स्टेडियम निर्माण गरिरहेको रहेछ। ३१ जेठदेखि रुसमा सुरु भएको विश्वकपमा समेत चिनियाँ कम्पनीको प्रायोजन पहिलो नम्बरमा छ। खेल प्रायोजनमार्फत चीनले आफ्ना उत्पादन विश्वभर पुऱ्याउने रणनीति लिएको पनि हुन सक्छ।

● **सुरोज लामिछाने**
नारायणगढ, चितवन

अस्कलका अमृतप्रसाद

त्यसबेलाको काठमाडौँ शान्त र सानो थियो। घरघरमै बल्थे बिजुली तर भोल्टेज नपुगेर मधुरो बत्तीजस्तो लाग्थ्यो। महिनावारी २ रुपियाँ १२ पैसा मात्र थियो महसुल। धारामा बिहान ५ बजे नै आउँथ्यो पानी। छाउनीमा पानी छाडेको सुइँय्य आवाज ठमेलसम्म सुनिन्थ्यो। अहिलेका विश्वज्योति हलदेखि सञ्चयकोष हुँदै ज्याठासम्म अग्लो पर्खाल लगाइएको थियो। त्यहाँ कुनै बस्ती थिएनन्, जतातततै धानखेत मात्रै देखिन्थ्यो।

इँटा पेलेर बनाइएका सडक मात्रै थिए काठमाडौँमा। त्यो रातो बाटो टलक्क टल्किन्थ्यो। मोटरगाडी त छँदै थिएनन् भने पनि हुन्छ। मैले सम्झेसम्म ठमेलमा एउटा गाडी थियो ७९ नम्बरको। त्यो गाडी नरसिंह क्याम्पको कुनै नरसिंह राणाको थियो होला। अर्थात्, प्राइम मिनिस्टरको गाडी होला। तर, मैले उनले गाडी चढेको देखिनँ। घोडामै आउँथे सिंहदरबारसम्म। ठमेल र बांगेमुढाबीचको ठाउँ नै नरसिंह क्याम्प हो। त्यो ठाउँ आज पनि यसै नामले प्रसिद्ध छ। त्रिभुवनका अंगरक्षक नरहरिनरसिंह राणाका खलकहरू त्यहाँ बस्ने भएकाले तिनैको नामबाट यो क्याम्पको नामकरण भएको हो।

त्यतिबेला मानिसले तान्ने रिक्सा हुन्थ्यो। यस्तो रिक्सा चढ्नेचाहिँ तीन-चार जना मात्र थिए। पहिलो व्यक्ति एसएलसीका नियन्त्रक थिए। मलाई तिनको थर मात्र सम्झना छ, भट्ट। त्यसपछि जर्नेल योगविक्रम राणा, दरबारका गुरु सोमनाथ सिग्द्याल र अमृतप्रसाद प्रधानका बाजे अजरप्रसाद चढ्थे रिक्सा। अमृत तिनै शिक्षासेवी हुन्, जसले अमृत साइन्स कलेज (अस्कल) को स्थापना गरे। अमृत भद्र मानिस थिए। मलाई छात्रावास हेरिदेऊ भन्थे। तर, मैले विद्यार्थीलाई नियन्त्रण गर्न सक्छु जस्तो लागेन र अस्वीकार गरेँ। पछि दुर्घटनामा बिते अमृत।

हुनेखाने कसै-कसैले चढ्थे मोटरसाइकल। एक जना पकनाजोलतिरका बाबुसाहेब थिए। तिनी बाटामा पैसा छर्दै मोटरसाइकल हुँइक्याउँथे। हामी केटाकेटी मोटरसाइकलको आवाज सुन्नासाथ पैसा बटुल्न सडकमा दौडिन्थ्यौँ। उनले देउताका थानमा पैसा छर्दै हिँड्थे, हामी ठान्थ्यौँ-त्यो हामीलाई नै छरिदिएका हुन्। तिनको तराईमा ठूलो मौजा थियो। पछि त्यतै तिनको हत्या गरियो। अहिलेको दरबारमार्ग भएको ठाउँमा भाषण हुन्थे भन्दा अचम्म लाग्न सक्छ। त्यसबेला लैनचौर विशाल फाँट थियो। ठूलो आमसभा त्यहीँ हुन्थ्यो। ०१५ को चुनावताका सबैजसो दलका आमसभा त्यहीँ भएका थिए। मैले एक-दुई पटकको आमसभामा भाषण पनि सुनेको छु। जमल त त्यतिबेला सिस्नुघारी थियो। केही वर्षअघिसम्म त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय रहेको ठाउँमा गेहेन्द्रशमशेरको बन्दुक कारखाना थियो।

मैले थाहा पाउँदा राजधानीको मुख्य बजार भनेको इन्द्रचोक र असन थिए। नयाँसडक त १९९० को भूकम्पपछि बनिएको हो। त्यसैबेला बनिएको हो, जुद्धशमशेरको सालिक पनि। जुद्धशमशेर भूकम्प जाँदा तराईमा सिकार खेल्दै थिए। त्यहाँबाट फर्केर भूकम्प-पीडितको उद्धारमा धेरै ठूलो काम गरेपछि उनको सम्मानमा जनताबाट चार-चार दाम चन्दा उठाएर त्यो सालिक बनाइएको हो। पछि जुद्धले जनताको सबै दाम फिर्ता गरिदिए भन्ने सुनेको हुँ।

पूर्वबाट आएका मानिस राजधानीको पूर्वतिरको बागबजार र डिल्लीबजारतिर अनि पश्चिमतिरबाट आएकाहरू पश्चिमतिरैको ठमेल र पकनाजोलतिर डेरा गरी बस्थे। पुरानो बानेश्वर चोकैनेरको गणेश मन्दिरअगाडि एउटा प्रसिद्ध पाटी थियो। ००५ मा विश्वेश्वरप्रसाद कोइरालालाई धनकुटा जेलबाट सरुवा गरेर ल्याउँदा एक रात राखिएकाले पनि त्यो पाटी अझ प्रसिद्ध भयो। म ०३२ मा बत्तीसपुतली बस्न आउँदासम्म त्यो पाटी यथावत् थियो। तर, अहिले पाटी मासेर विशाल निजी भवन ठड्याइएको छ।

सिंहदरबारको दक्षिणतिर आवतजावतमा प्रतिबन्ध थियो। हामी सिंहदरबारबाट सीधै पश्चिम भद्रकाली हुँदै ठमेल जान्थ्यौँ। त्यसबेला कालोपत्रे सडक भनेको सिंहदरबारबाट भद्रकाली, अहिलेको गोश्वारा हुलाक हुँदै मोहनशमशेरको दरबार शीतल निवाससम्म मात्र थियो। गाडी नै नभएपछि कालोपत्रे सडक बनाउने कल्पनै थिएन सायद। पछि ००२ मा त्रिपुरेश्वरको महेन्द्रको सालिकसम्म कालोपत्रे गरियो। त्यही सालिक राखेको अवसर पारेर पहिलो पटक १ सयका पाँच लाख, १० का १० लाख र पाँचका १० लाख नोट जारी गरिएको थियो।

विश्वज्योति सिनेमाघरसँगैको लहरमा थियो, सेतो दरबार। त्यहाँ आगलागी हुँदा जंगबहादुरले बेलायतमा बनाएर ल्याएका आफ्ना ठूलठूला मुहारचित्रहरू पनि जलेर खरानी भए। त्यति मात्र होइन, त्यहाँ रहेका अत्तर फुटेर बग्दा त्यसको वासनाले तीनै सहर मगमगाएको थियो भन्ने मैले सुनेको छु। त्यही सेतो दरबार आगलागीमा परेपछि जुद्धशमशेरले नेपालमा पहिलोपटक दमकल झिकाएका हुन्- जुद्ध वारुणयन्त्र।

॥ प्रस्तुति : **रमण घिमिरे**

विदेशबाट

प्रि-मनसुनले किसानलाई फाइदा

मध्य जुनमा सुरु हुने मनसुन यस वर्ष चाँडै सुरू भएपछि किसानमा हर्षोल्लास छाएको छ । छिट्टै रोपाइँ गर्न पाउने भएपछि किसानले यसबाट लाभ प्राप्त गर्न सक्नेछन् । नेपालको कृषि क्षेत्रले कुल अर्थतन्त्रको २७.६ प्रतिशत धानेको छ । कृषिका आधुनिक विधिमा लगानी गर्नेको संख्या दिनानुदिन बढ्दै गइरहेको हुंदा यस क्षेत्रले फड्को मार्ने निश्चित रहेको विज्ञहरू बताउँछन् ।

फिलिपिन्सको समाचार संस्था *इन्क्वायरर डट नेट* लेख्छ, "विभिन्न उद्योगका लागि अत्यावश्यक कच्चापदार्थ कृषिबाटै आउने भएकाले यो क्षेत्र विकसित हुँदै गएपछि त्यसको प्रत्यक्ष-परोक्ष प्रभाव अन्य उद्योगमा पनि पर्छ । त्यसैले कृषिको विकास नभई अन्य उद्योगको विकास नसोचे पनि हुन्छ ।"

अतिवृष्टिका कारण अघिल्लो वर्ष नेपालका ३१ जिल्लाका खेतीयोग्य जमिन प्रभावित भएको थियो । त्यसका बाबजुद पनि धान उत्पादन भने अन्य वर्षका तुलनामा धेरै भएको थियो । ♦

सुर-बेसुर

"कम्युनिस्ट पार्टीभित्र बहुकेन्द्र हुँदा बुर्जुवा र कमाइ खाने भाँडोमा रुपान्तरण भएका छन् । कम्युनिस्टहरूको मानसिकता र आदर्श भनेको सामूहिकता नै हो । तर, केही समयदेखि सामूहिकता खलबलिँदै गएको छ, बलियो हेडक्वार्टर बनाएर राष्ट्र र वर्गको सेवा गर्ने भन्दा धेरै हेडक्वार्टर बनाउने, एउटै पार्टीभित्र धेरै केन्द्र हुने, बहुकेन्द्रको बहुअनुशासन हुने देखिएको छ ।"

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, नेकपा
अनलाइनखबर

तस्बिरमा इतिहास

पहिलो वर्ल्डकप

सन् १९३० मा विश्वकप फुटबल उपाधि जितेको उरूग्वेको राष्ट्रिय टोली ।

सोझै





स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | इन्फोग्राफिक्स : यमन मानन्धर

सताका चर्चित

पन्नालाल गुप्त 'चाचाजी'
पत्रकार

सादगी जीवनशैली र निरन्तर पत्रकारिता गरेबापत प्रेस युनियन बाँकेबाट नेपालगन्जमा नागरिक अभिनन्दन तथा सम्मान प्राप्त गरेकामा ।

मानबहादुर जिसी
मेयर, लेखनाथ महानगरपालिका

पोखराको फिर्के खोलामा पैदल मार्ग उद्घाटन गर्ने क्रममा गलत तरिकाले डोजर चलाउँदा ६ जना घाइते भएकाले ।

प्रचण्ड-बादल बातचित

प्रचण्डः मैले तपाईंलाई जति माया गरे पनि तपाईंलाई कुर्सी नफाप्दो रैछ कमरेड ।

बादल : अनि, कमरेड, यो कुरा रेड बुकमै लेखिएको छ कि तपाईंको निजी जोखना हो ?

प्रचण्ड : पहिले पनि आर्मी चिफलाई चलाउनु भो र आफूसहित मलाई डुबाउनु भो । यसपालि पनि तपाईं मेरो घरबेटीलाई छुने कसरतमा हुनुहुन्छ ।

बादल : कुर्सी दाउमै राख्ने हो म त फेरि । सिन्डिकेट फुटाउने अभियानमा छु । ठगदार टाइपका ठेकेदार छोडिन्न, चाहे त्यो तपाईंकै घरबेटी किन नहोस् ।

प्रचण्ड : अनि, घरबेटीले मेरो बिजुली-पानी काटिदिए भने ? घर निकाला गरिदिए भने ? यहाँ डेरा पाउन कम गाह्रो छ ! सडकमा पुग्छु म त कमरेड ! उनैले भत्काएर छाडेको सडकका धूलोधुवाँ कसरी सहनु मैले ? केही उपाय खोज्नुपर्‍यो ।

बादल : सजिलो उपाय छ– म राजीनामा दिन्छु । र, तपाईं गृहमन्त्रीको सपथ खाँदै क्वार्टरमा सर्नूस् ।

(त्यसपछिको सन्नाटा र स्तब्धता दुवै कमरेडका लागि अप्रीतिकर रह्यो ।)

■ **भर्जिन ब्वाय**

देउवा-समर्थक खोइ ?

जसरी फेसबुकमा ब्राजिल र अर्जेन्टिनाका अल्लारे समर्थक भेटिन्छन्, लाल कुमाल त्यस्तै डाइहार्ट फ्यान हो, शेरबहादुर देउवाको । भलै यसबारे देउवाजीलाई मट्ठै जानकारी छैन । किनभने, ऊ अर्जेन्टिना या ब्राजिलजस्तो देउवा-छाप गन्जी लगाएर फोटो टाँस्ने फेसबुके होइन ।

देउवाले हालै 'पार्टीका प्रतिपक्षी नेताहरू'सँग गरेको दुखेसो अत्यन्त सामयिक छ। समृद्धिका नाममा सरकारले मूल्यवृद्धिमा

सिंहदरबारमा सुनकाण्ड

यत्रतत्र सर्वत्र सुनकाण्ड मच्चिरहेको छ । यस्तैमा थपिएको छ, १७ तोलाको सुनकाण्ड । विवाह मण्डपमा सञ्चारमन्त्रीकी पत्नीले पाएको दाइजो गहनाको काण्ड भने पनि हुन्छ यसलाई । तिलहरी, औंठी, सिक्री आदि गरगहना कम्युनिस्ट मन्त्रीले दाइजो सम्पत्तिको रूपमा जोडेका रहेछन् । त्यसको प्रचारप्रसार सरकारी टेलिभिजन हुँदै सामाजिक सञ्जालमा भाइरल भो । अनि त के थियो ? मन्त्रीजीले हुकुमी शैलीमा टिभी कार्यक्रम नै बन्द गरिदिए । सुनकाण्डका अन्यान्य आरोपी कोही भूमिगत, कोही जेलमा छन् । धन्न, सिंहदरबारको सुनकाण्डमा मन्त्रीजीको जागिर भने सुरक्षित छ । प्रधानमन्त्रीको निजी निवास रूंग्न पाउने भाग्यमानी मन्त्री न परे ।

■ **लुकुवा बाजे**

माल अड्डामा मन्त्रीको छापा

सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले नयाँ फरमान जारी गरेछन्, लाल सलाम र जय नेपालधारी ट्रेड युनियनका नेता कर्मचारीलाई पनि काममा लगाउने । सरकार परिवर्तनसँगै आफ्ना पार्टीनिकट संघ-संगठनका नेतालाई मालदार अड्डामा पठाएर भागशान्तिका नाममा लक्ष्मीको बिटो थाप्ने त परम्परा नै हो मन्त्रीज्यू ! जनता जान्न चाहन्छन्- 'माथि' थैली बुझाउनु नपर्ने भएपछि कतै सरकारकै आम्दानी स्रोत सुक्ने त होइन ? मालदार अड्डामा अब कसलाई पठाउने ? अवैध असुली अब कुन पार्टी समर्थित कर्मचारीले सम्हाल्ने ? यसको 'ग्रान्ड डिजाइन' के छ ?

■ **अर्जेल काका**

छलाङ लगाइसक्यो । कांग्रेसजन भने सरकार प्रमुखमा केपी ओली नभएर देउवा नै भएजस्तो गरिरहेका छन् । मानौँ, वृद्ध भत्ता पाँच हजार पुर्‍याउने वाचा गरेर धोका दिने पनि उनै हुन् । ए बाबा, यसपालि पार्टीले हारिहाल्यो, कमसेकम अर्को चुनावसम्म त सन्चोले सभापति खान देऊ । मलेसियामा ९२ वर्ष बूढाले सत्ता चलाइरहेका छन्, जम्मा ७४ वर्षेलाई त्यत्तिकै बूढा भनिदिने ? गाली खान ल्याएको हो र लोकतन्त्र ? प्लिज ! अब गालीसाली छाडिदिऊँ, घर-घरमा देउवाजीको पूजापाठ गरौँ । लोकतन्त्रको लाज पचाऔँ ।

■ लाल कुमाल

नेपालीमार्का दूध

दूधमा युरिया र सोडा मिसाइने भन्ने खबरले हल्लीखल्ली मच्चियो । चियाको चुस्की लिँदै अखबार पढ्नेहरूले वाकवाक गर्न थाले । आइन्दा दूध खाइन्नँ भनेर कान समात्नेहरूको संख्या ह्वात्तै बढ्यो ।

दूध चियाको बजार स्वात्तै झर्‍यो । कालो चियाको माग ह्वात्तै बढ्यो ।

दूध कारखाना नेपालीको स्वास्थ्यप्रति चिन्तित छन् भन्ने कसैले बुझ्दै बुझेनन् । किसानले त कारखानामा खालि दूध बेच्छ । दूध पिउँदा ग्यास्ट्रिक हुन्छ । ग्यास्ट्रिकको औषधि हो सोडा । त्यसैले नेपाली मार्काको रोग नलागोस् भनेर सोडा मिसाइएको खै बुझेको ? हलक्क बढोस् भनेर बिरूवालाई युरिया खुवाइन्छ । त्यही युरिया मान्छेले खान पाए ज्यान पनि खाइलाग्दो हुन्छ । यही कारणले दूधमा युरिया मिसाइएको खै बुझेको ? छुल्याहा गुरूको हुल्याहा कुरा कहिले बुझ्ने ?

■ छुल्याहा गुरु

झटारो | ■ लक्ष्मण गाम्नागे

फौजदारी योगदान

अन्ततः फौजदारी अभियोगमा कुनै माननीय सांसद महोदय पक्राउ परे पनि उहाँको पद नजाने नियमावली पास भएछ । नियम-कानुन बनाउनेले आफूलाई नै हानि पुर्‍याउने गरी बनाउने कुरा पनि हुँदैनथ्यो । केही अबुझ नागरिक र सञ्चारमाध्यमको निरन्तरको लिँडे विरोधका बाबजुद संघीय जनप्रतिनिधिहरूले आफ्नो क्षमता प्रदर्शन गरेरै छाडे, फौजदारी अभियोग लागेर थुनामै गए पनि निलम्बनमा नपर्ने नियमावली बनाइछाडे । हामी जनता हाम्रा प्रतिनिधिप्रति गौरवान्वित भयौँ, धन्य भयौँ ।

लामो समयसम्म दलहरूले व्यर्थै रस्साकस्सी गरेका रहेछन् । यसो किताब पल्टाई हेर्दा ती फौजदारी अपराध भनेका खासै ठूला अपराध पनि होइन रहेछन् । हामीले सधैँ सुनिआएका हत्या, बलात्कार, अपहरण, लुटपाट, कुटपिट, मानव तस्करी, चेलिबेटी बेचबिखन, डकैती, लागूऔषध ओसारपसार, भ्रष्टाचार, कीर्ते, जुवा, आगजनी यस्तै-यस्तै सानातिना अपराध रहेछन् ती । यस्ता झिनामसिना अपराध कर्ममा सहभागी हुँदैमा माननीयजस्तो महात्मालाई अपमान गरेर पदबाट गलहत्याउनु त अन्याय मात्र होइन, अपराधै हुने रहेछ । दुनियाँले जति नै विरोध गरे पनि धन्य हाम्रो नेपाली कांग्रेस पार्टीको अग्राखी अडानले गर्दा बाँकी सबै पार्टीहरू पनि आफ्ना माननीय सदस्यहरूको पक्षमा ऐतिहासिक निर्णय गर्न सफल भए । उनीहरूले कुनै त्यस्तो पापको भारी बोक्नु परेन ।

माननीय भनेको माननीय नै हो, सर्वसाधारण जनतासरह नियम-कानुन मान्नुपर्ने भए केको माननीय ! राज्यले नै किन माननीयको मान्यता दिनु ? मान्छेभन्दा एक तहमाथि मानिने भएर त उहाँहरूलाई माननीय भनेको । माननीय भनिसकेपछि उहाँहरूलाई त्यस्ता फौजदारी कर्ममा सहभागी भएको पाइए पदबाट निलम्बनको त के कुरा समाउन, थुन्न, मुद्दा चलाउन वा सार्वजनिक रूपमा आरोप लगाउनसमेत नपाइने कानुन बनाउनुपर्ने हो । यस्तो माग राखेर चाहिँ कुनै सांसदज्यूले संशोधन प्रस्ताव राख्नुभएन कि कसो ! नत्र त्यो पनि लटरपटरमा पास भइहाल्ने थियो ।

निलम्बनको विरोध गर्ने दलहरूको तर्क एकदम सही छ । त्यस्ता सानातिना अपराधको अभियोग लाग्दैमा निलम्बन गर्न थाल्ने हो भने भोलि संसद्मा बैठक बस्ने कोरम नपुगेरै लोकतन्त्रै खतरामा पर्ला, त्यसको जिम्मेवारी कसले लिन्छ ? देश र जनताका लागि काम गर्दागर्दै कहिलेकाहीँ मान्छे मार्न पुगिन्छ, पहिला-पहिला त्यो भएकै हो । कहिलेकाहीँ अपहरण नगरी नहुने बाध्यता आइपर्छ, पहिला-पहिला पनि त्यस्तो परेकै हो । भ्रष्टाचार त दालभात खाएभन्दा पनि सामान्य कुरा भइगो । राजनीतिमा उल्लिखित प्रकारका फौजदारी कर्महरू पहिल्यैदेखि जायजै हुँदै आएका छन् । विगतमा भएका कुरा भविष्यमा हुँदैनन् भन्न सकिन्न । गुन्डागर्दी, कुटपिट, लुटपाटमा इतिहास रचना गरेका धेरै लडाकु व्यक्तित्वले चुनाव जित्नुभएको छ, माननीय हुनुभएको छ । थुप्रै त्यस्ता जेहनदार महानुभावहरू भविष्यको माननीय हुने लहरमा हुनुहुन्छ । भविष्यमा पनि माननीयज्यूहरूबाट फौजदारी कर्महरू हुने सम्भावना छँदैछ । तसर्थ विगत, वर्तमान र भविष्यसमेत विचार गरी गरिएको यो निर्णय सर्वथा उचित, दूरदर्शी र सभ्य समाजका लागि उदाहरणीय छ ।

र, अन्तिम कुरा के हो भने, जनप्रतिनिधिले जे गर्छन्, जनताकै लागि गर्छन् । जनताका लागि काम गर्दा जानी-नजानी हुन जाने त्यस्ता कर्महरूलाई अपराध होइन, जनसेवा मान्नुपर्छ, राष्ट्रका लागि योगदान ठान्नुपर्छ । त्यस्ता कर्म गर्ने माननीयहरूलाई निलम्बन होइन, सय किलोको मालाले स्वागत गर्नुपर्छ, अभिनन्दन गर्नुपर्छ ।

सुप्पत बात

॥सुरेन्द्र लाभ

मधेस आन्दोलनको घाउ

तीन वर्षअघि तेस्रो मधेस आन्दोलन थाल्ने बेला नेताहरूले माग सम्बोधन नभए काठमाडौंको दानापानी बन्द गरिदिने चेतावनी दिएका थिए। उनीहरूले दक्षिणी नाकाहरूमा धर्ना दिने र भारतबाट आउने सामान रोक्ने संकेत गरेका थिए। नाका रोक्ने आवाज एक दशकअघिका पहिलो र दोस्रो मधेस आन्दोलनमा पनि नउठेका होइनन्। आंशिक रूपमा प्रयोग पनि भएको थियो यस्तो तरिका- तर, नगन्य अथवा सांकेतिक रूपमा।

दुवै मधेस आन्दोलन राज्यसँग भएको सम्झौताबाट टुंगिए। तर, सम्झौताका बुँदालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएन। तेस्रो मधेस आन्दोलनको (०७२) को बिगुल फुकियो। आमहडताल घोषणा गरियो। शिक्षण संस्था, यातायात, उद्योग, कार्यालय बन्द र त्यसपछि नाकाबन्द। मधेसको आमहडतालले काठमाडौंलाई त्यति छोएको थिएन। तर, नाकाबन्दीले काठमाडौंमा हाहाकारको स्थिति सिर्जना गऱ्यो। खाना पकाउने ग्यास छैन। गाडीमा पेट्रोल, डिजेल छैन। नयाँ संकट उत्पन्न भयो। तराई-मधेसतिर पनि यस्ता सामानको अभाव भयो। तर, आन्दोलनमा होमिएकाले गर्दा मधेसले यस्ता कष्टको ६ महिनासम्म वास्ता नै गरेन।

काठमाडौंका शासक भने केही थाहा नपाएझैं बसिरहे। जनता भूकम्पको त्रासदीबाट उन्मुक्ति नपाउँदै नाकाबन्दीबाट सिर्जित संकटको भुमरीमा फसिहाले। पहिलो र दोस्रो मधेस आन्दोलनबाट केही हदसम्म काठमाडौंमा मधेसीको स्वीकार्यता बढेको थियो। शासकहरूको मानसिकता पुरानै भए पनि नेपालकै नागरिकको आन्दोलनका रूपमा स्थापित भएका थिए- ती दुई आन्दोलन।

तेस्रो मधेस आन्दोलन अभूतपूर्व भए पनि भारततिर धकेलियो। नाकाबन्दीमा भारतको सहयोग थियो, समर्थन थियो अथवा भारतद्वारा नाकाबन्दी गरिएको थियो- आज पनि विवादास्पद विषय छ। मधेसी दलका नेताहरूले आज पनि 'हामीले नाकाबन्दी गरेका थियौं' भन्ने अभिव्यक्ति दिइरहेका छन्। उता, भारतका विदेशमन्त्रीले संसदमा बोल्दै 'नेपाललाई भारतको यस्तो पहिलोचोटी भएको होइन, कंग्रेस (आई)को पालामा पनि भएको थियो' भनी प्रस्टीकरण दिएपछि काठमाडौंले नाकाबन्दी कसले गरेको थियो भन्ने जवाफ पायो। चिसिएको सम्बन्ध झन् बल्झियो।

मधेसी नेताहरू कराइ-कराइ भन्ने गर्थे, "सहरमा बस्दा गोली हान्ने, लखेट्ने ? अनि हामी के गर्ने ? बाध्य भएर दसगजामा गएर धर्ना दिन्छौं र नेपालमा सामान छिर्न दिँदैनौं।" तर, कहिले यो नाकाबाट कहिले त्यो नाकाबाट थोरै भए पनि ग्यास, पेट्रोल, डिजेल आदि काठमाडौं पुगिरह्यो। त्यसैले कतिपय विद्वान्ले 'नाकाकस्सी'शब्दको प्रयोग गरिरहेका छन्। शब्द जे-जस्तो प्रयोग गरौं तर यस्तो नाकावरोधबाट उत्पन्न काठमाडौंको महापीडाप्रति मधेसले समानुभूति राख्न सकेन। त्यस्तै, मधेसको आन्दोलनबाट ठप्प शिक्षण संस्था, यातायात, कलकारखानाको क्रन्दनलाई काठमाडौंले सुन्न सकेन। आश्चर्यजनक स्थितिको सिर्जना भयो नेपालको इतिहासमा। न कुनै वार्ता, न त कुनै पहल। सरकार मौन बसेन, बरु मधेसको आन्दोलन र भारतप्रति आक्रामक बन्यो। र, नयाँ राष्ट्रवादको जन्म भयो काठमाडौंमा।

उता, नाकाबन्दीलाई रामवाण ठानेका तराई-मधेस आन्दोलनका योजनाकारहरूको सपनामा ठूलो तुषारापात गरे- भारतीय सीमानाबाट काठमाडौंसम्म ग्यास, पेट्रोल, डिजेल आदि पुऱ्याउनेहरूले। नाकाबन्दीमाथि भारी पऱ्यो 'बलेकिया'।

बीचैमा संविधान आयो। राष्ट्रवादीहरूले दीपावली मनाए। मधेसी आन्दोलनकारीले 'ब्ल्याक आउट' गरे। तराई-मधेसको २०-२२ जिल्ला माग्दामाग्दै ८ जिल्ला मिलाएर प्रदेश २ बनाउँदा मधेसी दलहरू नचाहँदानचाहँदै निर्वाचनमा गए। र, सरकार बनाए। काठमाडौंमा राष्ट्रवादीहरूको सरकार बन्यो। सबै नेताहरू आ-आफ्ना राजनीतिक कर्ममा लागे। पुराना तुष हराएजस्तो लाग्न थाल्यो।

प्रधानमन्त्री केपी शर्मा ओली राजकीय भ्रमणमा भारत गए। उनको राष्ट्रवादी छविमाथि प्रश्न उठ्न थाल्यो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी राजकीय भ्रमणमा नेपाल आए- त्यो पनि काठमाडौंमा होइन, मधेसको हृदयस्थल जनकपुरधाममा सर्वप्रथम पदार्पण गरे, त्यसपछि काठमाडौं र मुक्तिनाथ।

भारतीय प्रधानमन्त्री जनकपुर आउँदा सीधा जानकी मन्दिर आए। नेपालका प्रधानमन्त्री उनको स्वागतका लागि मोदीजस्तै कुर्ता-पाइजामा लगाएर जानकी मन्दिरमै उपस्थित थिए। भारतीय प्रधानमन्त्री बाह्रबिघा (रंगभूमि) मैदान गएर सम्बोधन गरे। तर, नेपालका प्रधानमन्त्री आफ्नै नागरिकसँग कुनै प्रत्यक्ष संवाद नगरी काठमाडौं फर्के। बाह्रबिघा मैदानमा जनकपुरमै बढेका, पढेका र मैथिली भाषा राम्रै बोल्न सक्ने देशका रक्षामन्त्री ईश्वर पोखरेल भारतीय प्रधानमन्त्रीको स्वागत नेपाली भाषामा गर्न उठ्दा जनताका तर्फबाट हुटिङको दृश्य पनि देखियो।

यता, भारतीय प्रधानमन्त्री काठमाडौं प्रवेश गर्दा 'नाकाबन्दी हामीले बिर्सेका छैनौं' भन्ने सन्देशबाट सामाजिक सञ्जाल पनि सजियो।

यी अनेक दृश्यहरूको खास अर्थ छ। नाकाबन्दी र मधेस आन्दोलनको घाउ अहिले पनि आलै छ। ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज प्रा. लि.
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज प्रा. लि.
रोल्पा सिमेन्ट प्रा. लि.

तस्विर: पर्वत पोर्तेल

उपेक्षित सुपारी इलम

तस्करीका लागि आयातीत सुपारीले किसान मर्कामा

पर्वत पोर्तेल/काँकडभिट्टा

सुपारी उत्पादनमा झापाको सुनाम छ, सुपारी तस्करीमा बदनाम । मलेसिया, थाइल्यान्ड, इन्डोनेसिया आदि मुलुकबाट भित्रिने सुपारीको 'साम्राज्य'का कारण स्थानीय उत्पादनलाई भने जबर्जस्त किनारा लगाएको अवस्था छ ।

यहाँका बाहनडाँगी, शान्तिनगर, बुद्धशान्ति, अर्जुनधारा, मेचीनगर आदि क्षेत्र सुपारी उत्पादनमा गनिएका छन् । त्यहाँबाट व्यापारीले सुपारी खरिद गरेर ल्याउँछन् र प्रशोधन केन्द्रसम्म पुऱ्याउँछन् ।

विगतमा भारतीय साइकल केरियरले नेपाली सुपारी बोटबाटै ताछेर लान्थे । अहिले कम्तीमा भारतीयले काँचो सुपारी लैजान पाएका छैनन् । सुपारी प्रशोधनपछि मात्रै जान्छ । किसानबाट किनेर ल्याएको काँचो सुपारी भट्टीमा उसिनिन्छ । उसिनेको सुपारीलाई दुई फक्लेटो पारेर काटिन्छ । बोक्रा ताछिन्छ । पुन: घाममा सुकाइन्छ ।

मूलत: सुपारीका दुई जात प्रचलित छन् लाली र फाली । लाली उत्कृष्ट मानिन्छ । यसको भाउ पनि बढी छ । प्रशोधित लाली सुपारी चार सय भारुसम्म बिक्छ । फालीचाहिँ तीन सय नेपाली रुपियाँजतिमा बिक्छ ।

झापामा दुई दर्जनभन्दा बढी सुपारी प्रशोधन केन्द्र भएकाले धेरैले रोजगारी पनि पाएका छन् । किसानका नाममा छ्यापछ्याप्ती सुपारी सहकारी खुलेका छन् । उनीहरूको उद्देश्य स्थानीय उत्पादनको प्रवर्द्धन होइन, आयातीत सुपारीलाई स्थानीय भनेर निकासी गर्नु मात्रै हो ।

सरकारले नेपाली सुपारी निकासीको वार्षिक कोटा नै निर्धारण गरेको छ । करिब साढे नौ हजार मेट्रिकटनभन्दा बढी सुपारी सरकारी कोटामार्फत भारत निकासी हुन्छ । "किसानको नाम बेचेर नक्कली किसानले सुपारी निकासी गरिरहेका छन्," सुपारी व्यवसायी अनिल भेटुवाल भन्छन्, "निकासी अधिकार असली सुपारी किसानले पाएकै छैनन् ।"

नेपाल सुपारी खेती विकास संस्थालगायतले नक्कली किसान खडा गरेर एकलौटी ढंगबाट सुपारी निकासी गरिरहेको किसानको दाबी छ । "सुपारीको विषयमा जति पनि समस्या र चलखेल हुने गरेका छन् ती सबै आयातीत सुपारीका कारण हुन्," बुधबारे-९ का सुपारी किसान मनोरथ तिवारी भन्छन्, "तेस्रो मुलुकको सुपारी आयात बन्द गरिए सबै समस्या र चलखेल तुरुन्तै समाप्त हुन्छ ।" किसान तथा काँचो सुपारी व्यवसायीले उत्पत्तिको प्रमाणपत्र दिने र त्यसको सिफारिस गर्ने अधिकार कुनै एउटा संस्थालाई मात्र दिइने प्रचलन अन्त्य हुनुपर्ने माग पनि किसानको छ ।

केही वर्ष अघिसम्म सुपारीको आयात दर धेरै थियो । आयातसूचीमा पहिलो नम्बरमा हुन्थ्यो सधैँ । यस वर्ष भने छैटौँ नम्बरमा छ । सरकारले मूल्यांकन बढाएका कारण आयात निरुत्साहित भएको देखिन्छ । यद्यपि, आयात भने पूर्ण रूपमा रोकिएको छैन । ◆

Hisense
OFFICIAL SPONSOR
FIFA WORLD CUP
RUSSIA
2018
FEEL OUTSIDE. FRESH INSIDE.
We'll keep the air inside pure and flowing. With Hisense Air Conditioners, you'll always feel fresh in your mind too.
Now with 3 Start DC Inverter
• 50°c ambient temprature durable.
• Low voltage start.
• Super cooling.
• Saves upto 40% electricity.
Sole Distributor:
NAVIN
Navin Distributors Pvt. Ltd.
Log on to facebook.com/HisenseNepal for more details.
BRAND SHOP: Kathmandu: 4430785, 4428196 I Birgunj: 521684 I Biratnagar: 522467, 523598 I Nepalgunj: 520181, 520370
For institutional enquiry: corporate@navindistributors.com. I www.navindistributors.com
Sold over in 200 Countries

जन्मँदै डाउन सिन्ड्रोम

३५ वर्ष कटिसकेका महिलाबाट जन्मिएका सन्तान बढी प्रभावित

विभु लुइटेल

डाउन सिन्ड्रोम लिएरै जन्मिए सत्यम थापा, १६ । सत्यम पाँच महिनाका हुँदा उनकी आमाले बल्ल थाहा पाइन् । डाउन सिन्ड्रोमका अन्य लक्षण देखिन थाले नै, अझ मुटुको समस्या पनि देखिन थाल्यो। लामो समय उनी जीवन-मृत्युको दोसाँधमा रहिरहे ।

त्यही समय सत्यमकी आमा शीला थापाले प्रण गरिन्- छोरो बाँचे डाउन सिन्ड्रोम भएका व्यक्तिका लागि केही न केही काम गर्छु । फलस्वरूप, एक दशकअघि सत्यम डे केयर सेन्टर स्थापना भयो । डाउन सिन्ड्रोम समाज नेपालले कपुरधारा, काठमाडौँमा चलाइरहेको सत्यम डे केयर सेन्टरमा डाउन सिन्ड्रोमपीडित पाँच वर्षदेखि २८ सम्मका २८ जना भर्ना भएका छन् ।

लाजिम्पाटका प्रदेश अर्याल, १९, पनि सेन्टरमै छन् । ७ चैतको विश्व डाउन सिन्ड्रोम दिवस अवसरमा सत्यम डे केयरले आयोजना गरेको कार्यक्रममा प्रदेशले डाउन सिन्ड्रोमबारे कसैको साथ र सहयोगबिनै वक्तव्य दिए । "म अरूभन्दा भिन्न छु तर, यो कसैका कारण भएको होइन," प्रदेशले भने ।

उनको वक्तव्यको सार थियो- डाउन सिन्ड्रोम भए पनि मनोबल कमजोर छैन । त्यो सुनेर दर्शकदीर्घामा उपस्थित सबै भावविह्वल हुनु स्वाभाविक थियो । त्यसैले अहिले उनी आफ्ना साथीभाइमाझ 'हिरो' भनी चिनिन्छन् ।

"बिदाको दिन मलाई एकदम रिस उठ्छ । दिनभरि घर बस्नुपर्छ, यहाँ आउनै पाइँदैन," प्रदेशले सत्यम डे केयर सेन्टरप्रति प्रेम व्यक्त गरे । सेन्टरमा आउने सबै उनका साथी हुन् । उनीहरूसँग समय बिताउन पाउँदा उनी साह्रै रमाउँछन् । अझ आफूलाई मन परेका गीत गाउँदै साथीसँग नाच्न पाए उनलाई केही पनि चाहिँदैन ।

विद्यालयमा दिइने विषयगत ज्ञानभन्दा पनि दैनिक जीवनमा आवश्यक पर्ने व्यावहारिक सीप सिकाइन्छ सत्यम डे केयर सेन्टरमा । यहाँका केही विद्यार्थी मेधावी तथा जेहेनदार छन् । बोलेको कुरा टिपिहाल्छन् । केही नयाँ काम गर्ने भनेपछि उत्साहित हुन्छन् । उनीहरूले जागरुकता देखाए गणित, विज्ञान, सामाजिक शिक्षाजस्ता विषयका ज्ञान पनि दिइने गरिन्छ । अधिकांश कुरा खेलका

माध्यमबाट सिकाइन्छ।

प्रितम विक, १८ र रसिला खड्गी, २० पनि यही डे केयर सेन्टरमा आउने गर्छन्। प्रितम कान कम सुन्छन्, आँखा कम देख्छन् र बोली पनि प्रस्ट छैन। रसिला बोल्दा अक्मकाउँछिन्। यी दुई मिल्ने साथी हुन्। उनीहरूमाझ संवाद गर्ने आफ्नै तरिका छ। दुवैले आफूलाई मन पर्ने केही गीतमा नियमित नृत्य पनि गर्ने गरेका छन्। मित्रताको यस्तो अनुपम नमुना बिरलै देख्न पाइन्छ। त्यहाँका शिक्षक सबैलाई उनीहरूको मित्रताको उदाहरण दिई त्यसरी नै मिलेर बस्न भनिरहन्छन्।

प्रितम र रसिला सत्यम डे केयर सेन्टरमा आउने साना उमेरका विद्यार्थीलाई नाचगान र व्यायाम गर्न सिकाउँछन्। त्यसैले यी दुई सबैका प्रिय बन्न पुगेका छन्। प्रितमलाई थाहा छ- आफ्नो आवाज बुझ्न धेरैलाई हम्मेहम्मे पर्छ। त्यसैले कोही मानिसबाट उनी प्रभावित भइहाले भने कागजमा ठूला अक्षरमा 'आई लभ यू' लेखेर दिने गर्छन्।

रसिला भने अन्तर्मुखी स्वभावकी छन्। कसैले माया गर्दा उनी प्रफुल्लित हुन्छिन्। तर, व्यक्त भने गर्दिनन्। डाउन सिन्ड्रोम भएका धेरैजसो व्यक्तिमा अत्यधिक मोटोपन देखिने गर्छ। प्रितम पनि यसबाट ग्रसित छन्। तर, यसलाई हेर्ने सकारात्मक पाटो उनले खोजेका छन्। भन्छन्, "म त सुल्तानको सलमान खानजस्तै हुँ।"

प्रितमकी बहिनी पहिले उनलाई देखिसहँदैनथिन्। सधैं प्रश्न गर्थिन्, 'सबैका दाइ नर्मल छन्। मेरो दाइ मात्र किन यस्तो ?' बिस्तारै उनलाई थाहा हुँदै गयो, उनका दाइ मात्र नभएर डाउन सिन्ड्रोम भएका अन्य व्यक्ति पनि छन्। त्यसैले अहिले उनी सबैभन्दा धेरै माया आफ्ना दाइलाई गर्न थालेकी छन्।

लैनचौरस्थित सिल्भर माउन्टेन स्कुल अफ होटल म्यानेजमेन्टले डाउन सिन्ड्रोम भएका व्यक्तिलाई भान्छाका आधारभूत कार्यमा निःशुल्क प्रशिक्षण दिने गर्छ। यहाँ आएर उनीहरू खाना पकाउन, भाँडा माझ्न तथा अन्य सजिला काम गर्न सिक्छन्। यसले उनीहरूलाई आफ्ना काम आफैं गर्न थप प्रेरणा दिने गरेको छ भने आत्मनिर्भर पनि बनाइरहेको छ। त्यसैले उनीहरू बिनाव्यवधान भान्सामा आइपर्ने जस्तासुकै काम सजिलै गर्न सक्छन्।

डाउन सिन्ड्रोम कुनै रोग होइन। आमाको गर्भमै बच्चालाई यो रोग लागे-नलागेको पहिचान गर्न सकिन्छ। सामान्यतः डाउन सिन्ड्रोम भएका मानिसको अनुहार गोलो, आँखा अलि छड्के, नाक-कान साना र जोर्नी तथा मांशपेशी खुकुला हुने गर्छन्। यस्ता व्यक्ति शारीरिक र बौद्धिक रूपमा अन्यभन्दा कमजोर हुन्छन्।

मानिस जन्मँदा सामान्यतः २३ जोडी क्रोमोजोमका साथ जन्मन्छ। क्रोमोजोमको एक्काइसौँ जोडीमा एउटा अतिरिक्त क्रोमोजोम देखिनु डाउन सिन्ड्रोमको लक्षण हो। त्यसैले यसलाई ट्राइसोमी-२१ पनि भन्ने गरिन्छ। यो सिन्ड्रोम भएका अधिकांश व्यक्ति ३५ वर्ष कटिसकेका आमाबाट जन्मिएको पाइएको छ। ३५ वर्षमुनिका आमाबाट जन्मिएका बच्चामा यो समस्या देखिँदै नदेखिने होइन। तर, त्यसको सम्भावना न्यून छ।

पहिले भ्रुण अवस्थामा डाउन सिन्ड्रोम परीक्षण गर्न सम्भव थिएन। त्यसैले बच्चा जन्मिएको केही महिनापछि मात्र समस्या रहे-नरहेको यकिन गर्न सकिन्थ्यो। तर, अहिले बच्चामा डाउन सिन्ड्रोम भए/नभएको जानकारीका लागि डाइग्नोसिस गर्न दुईमध्ये कुनै एक विधि अपनाउन सकिन्छ। पहिलो विधि हो, कोरिओनिक भिलस स्याम्पलिङ। यसमा गर्भनालबाट केही कोष निकाली बच्चाको क्रोमोजोम स्वस्थ्य रहे-नरहेको जाँच गर्न सकिन्छ। दोस्रो विधि छ, अम्नियोसेन्टेसिस। आमाको गर्भाशयमा हुँदा बच्चाको वरिपरि रहेको तरल पदार्थको जाँच गरी क्रोमोजोमको अवस्था पत्ता लगाउन यो निकै प्रभावकारी रहेको पाइन्छ।

"बोझ नै हुन्छ, पछि गएर पाल्न सहज हुँदैन भन्ने लाग्छ भने अबोर्सन गर्दा केही फरक पर्दैन। तर, पाल्न सकिन्छ जस्तो लाग्छ भने किन फाल्ने ?" वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा विमल ढकाल भन्छन्। गर्भपात गर्नु ठीक हो कि होइन भन्ने विषयमा संसार दुई मतमा विभाजित भएको देखिन्छ। गर्भपात गर्दा केही फरक पर्दैन भनी तर्क राख्नेहरू भन्छन्, "स्वस्थ बच्चाको चाह सबैलाई हुन्छ। पछि स्याहार्न समस्या हुने बच्चा किन राख्नु ?" गर्भपात गर्न नरुचाउने पनि छन्। उनीहरू यसमा ममताको हवाला दिन्छन्।

डाउन सिन्ड्रोम देखिएका भ्रुण तुहाउने दर हेर्ने हो भने सय प्रतिशतका साथ आइसल्यान्ड विश्वमै सबैभन्दा अगाडि आउँछ। त्यहाँ डाक्टरले नै क्रोमोजोममा समस्या देखिएका बच्चा नजन्माउन गर्भवती आमालाई प्रेरित गर्छन्। नेपालमा भने सरकारले डाउन सिन्ड्रोमलाई लक्षित गरेर केही योजना नल्याएको बताउँछन्, बाल स्वास्थ्य महाशाखाका निर्देशक डा विकास लामिछाने। भन्छन्, "न यससम्बन्धी केही तथ्य नै सार्वजनिक छ, न त डाउन सिन्ड्रोम भएकाको हकहितका लागि राष्ट्रिय स्तरमा केही योजना नै बनेका छन्।"

उपचार नभए पनि वैज्ञानिकहरू यसका प्रभाव कम गर्न अनुसन्धान गरिरहेका छन्। प्रितमकी आमा धनकुमारी सुनार भन्छिन्, "छोराले गरेका साना-साना कामका पनि प्रशंसा गरिरहेकी हुन्छु। यसले उसको मनोबल बढाउने गरेको पाएकी छु।" अन्य अभिभावक पनि यसमा सही थाप्छन्। नियमित रूपमा स्पीच र बिहेबियर थेरापी गराइरहे यस्ता व्यक्तिले केही मात्रामा भए पनि मानसिक ऊर्जा प्राप्त गर्न सक्ने बताउँछिन्, शीला। ◆

तस्बिर : भाष्कर ओझा

जलविद्युत् सेयरका जोखिम



■ रामेश्वर खनाल

पछिल्लो दस वर्षको अवधिमा सार्वजनिक सेयर जारी गर्ने जलविद्युत् कम्पनीको संख्या चार गुणाभन्दा बढी बढ्न गएको छ। धितोपत्रको दोस्रो बजारमा हुने दैनिक कारोबारमा जलविद्युत् कम्पनीको हिस्सा बढ्दै गएको छ। सामान्यतः कारोबार रकमको हिसाबले वाणिज्य बैंक र बिमा कम्पनीपछि तेस्रोमा जलविद्युत् कम्पनी देखिएका छन्।

हाल धितोपत्र बजारमा सूचीकृत २ सय ९ कम्पनीमध्ये १८ वटा जलविद्युत्सम्बन्धी छन्। कुल बजार पुँजीकरणमा यिनको हिस्सा जम्मा तीन प्रतिशतजति छ। तर, आगामी दिनमा दोस्रो बजारमा थपिनेमा जलविद्युत् कम्पनीको संख्या बढी हुने देखिन्छ। अहिले ४ हजार ६ सय ४१ मेगावाट क्षमताका १७२ आयोजना निर्माणको चरणमा छन्। नेपाल विद्युत् प्राधिकरण र सहकारी संस्थाहरूले निर्माण गर्दै गरेका आयोजनाबाहेक करिब १ सय ६० नयाँ जलविद्युत् कम्पनीका सेयर धितोपत्रको दोस्रो बजारमा आउनेछन्। यसले आगामी तीन-चार वर्षमै धितोपत्र बजारको स्वरूप बदल्नेछ। यो समयमा केही उत्पादनमूलक उद्योग र होटल-व्यवसायका सेयर पनि दोस्रो बजारमा कारोबारका लागि सूचीकृत होलान्। केही स्थापित व्यावसायिक घरानाले आफ्ना निजी कम्पनीहरूको केही हिस्सा सार्वजनिक स्वामित्वमा छाड्ने निर्णय लेलान्। तर, जति प्रभाव जलविद्युत् कम्पनीले पार्नेछन्, त्यो प्रभाव अरू आर्थिक क्षेत्रका इकाइले यही अवधिमा पार्न मुस्किल छ।

त्यसपछिको अर्को दस वर्ष पनि झन् ठूला, अधिक पुँजीकरणसहितका जलविद्युत् कम्पनीकै दबदबा बजारमा रहने देखिन्छ। सरकारले १५ हजार ६ सय १८ मेगावाटका २ सय ८४ आयोजनालाई सर्वेक्षण अनुमतिपत्र दिएको छ। यीमध्ये कतिपय आगामी पाँच वर्षभित्रमा निर्माणको चरणमा जानेछन्। त्यसपछिको चार-पाँच वर्षभित्रमा आयोजना सम्पन्न गर्ने कम्पनीका सेयर धितोपत्र बजारमा प्रवेश गर्नेछन्।

कम्पनी ऐनमा ०७४ को संशोधनअघि बैंकिङ तथा वित्तीय, बिमा, निवृत्तिभरण कोष, सामूहिक बचत कोष, धितोपत्र बजारसम्बन्धी कारोबार गर्ने कम्पनीबाहेक अरूलाई पब्लिक कम्पनी नै हुनुपर्ने बाध्यात्मक व्यवस्था थिएन। अहिले ठूला दूरसञ्चार कम्पनीलाई पब्लिक हुनुपर्ने व्यवस्था थपिएको छ। जलविद्युत् कम्पनीलाई पब्लिक हुनैपर्ने व्यवस्था छैन। तथापि, विगत एक दशकमा जलविद्युत् कम्पनीलाई पब्लिक लिमिटेड स्वरूपमा लैजाने प्रवृत्ति बढ्यो।



स्वदेशी स्रोतमा चिलिमे आयोजना निर्माणको परिकल्पना गर्दा नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धकको हैसियतले प्राधिकरणका कर्मचारीलाई सेयर दिने सोच राख्यो। र, व्यावसायिक उत्पादन सुरु गरेपछि आयोजना प्रभावितलाई कुल सेयर पुँजीको १० प्रतिशत, सर्वसाधारणलाई १४ प्रतिशत र कर्मचारीलाई २५ प्रतिशत गरी ४९ प्रतिशत सेयर सार्वजनिक निष्कासन गर्‍यो।

तामाकोसी जलविद्युत् परियोजना स्वदेशी स्रोतबाट निर्माण गर्ने परिकल्पना गर्दा नै प्रभावित स्थानीय परिवारलाई सेयर दिने र सार्वजनिक निष्कासन पनि गर्ने अवधारणा बन्यो। सेयर दिइए आयोजना निर्माणका बेला स्थानीयले अवरोध होइन, सहयोग गर्छन् भन्ने प्राथमिक सोच थियो त्यसबेला।

स्थानीय समुदायको अवरोधले आयोजना रोकिएका, कतिपयको लागत र समय अत्यधिक बढेको सन्दर्भमा त्यो सोच विकास भएको थियो। त्यसपछिका अवधिमा स्वतन्त्र निजी प्रवर्द्धकहरूले पनि स्थानीयलाई सेयर दिने मोडेलका आयोजना विकास गर्न थाले। धितोपत्र बोर्डले ०७३ को धितोपत्र दर्ता तथा निष्कासन नियमावलीमा आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई मात्र लक्षित गरेर सार्वजनिक सेयर निष्कासन गर्न पाउने व्यवस्था गर्‍यो। यो विशिष्ट व्यवस्था भएकाले त्यसरी सेयर खरिद गर्नेले सार्वजनिक निष्कासनमा खरिद गरेजस्तो तुरुन्तै बेचबिखन गर्न पाउँदैनन्, तीन वर्ष कुर्नुपर्छ।

आयोजना प्रभावित क्षेत्रका वासिन्दालाई आंशिक स्वामित्व दिँदा आयोजना कार्यान्वयन गर्न सजिलो हुने मात्र होइन, प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभमा स्थानीयलाई अंशियार बनाउनु न्यायोचित पनि हो। जलविद्युत् कम्पनीका सेयरमा ग्रामीण क्षेत्रका मानिसको चासो बढेको छ। लाभांश पाइने र सेयरको मूल्य पनि बढ्ने हुँदा अन्यत्र लगानी गर्नुभन्दा सेयरमा लगानी गर्न चाहनु स्वाभाविक हो। आममानिस मात्र होइन, प्राकृतिक स्रोतको उपयोगमा सामान्यतः राज्यको नियन्त्रण हुनुपर्छ वा अर्थतन्त्रको प्रमुख खम्बा सहकारी हुनुपर्छ भन्ने मान्यता राख्ने राजनीतिक नेतृत्वले पनि जलविद्युत् कम्पनीको सेयर भनेपछि हुरुक्क हुने अभिव्यक्ति दिने गरेका छन्।

अघिल्लो सरकारका ऊर्जामन्त्रीले प्रत्येक नेपाली परिवारको स्वामित्वमा जलविद्युत् कम्पनीको सेयर पुर्‍याउने योजना नै ल्याए। अहिलेका ऊर्जामन्त्रीले जलविद्युत् कम्पनीका सेयर गाउँ-गाउँमा पुर्‍याउने घोषणा मात्र होइन, ज्वाइँ खोज्दा जलविद्युत् कम्पनीको सेयरलाई प्राथमिकता दिने चलन चलाउँछु भने। यिनीहरू सहकारी मोडेलमा जलविद्युत्को विकास गरिने कुरा गर्दैनन्। किनकि, सहकारी

स्वरूपमा सेयरको भाउ बढ्दैन । कम्पनीको सेयर दोस्रो बजारमा किनबेच भएजस्तो सहकारीको हुँदैन ।

स-साना लगानीकर्ताको पुँजी परिचालन गरेर नेपालको जलस्रोतले दिने लाभ राष्ट्रिय हितमा प्रयोग गर्न खोज्नु प्रशंसनीय हो । सेयर आकर्षणले गर्दा अहिले धेरै स्वदेशी लगानीकर्तालाई पुँजी जुटाउन सजिलो भएको छ । पछिल्लो एक दशकको छोटो अवधिमै दुई-चार मेगावाटका साना आयोजना सम्पन्न गरेका लगानीकर्ताले ५०-६० मेगावाटका मध्यमस्तरीय आयोजना निर्माण गर्ने हिम्मत बटुलेका छन् ।

जलविद्युत् कम्पनी र अरू कम्पनीको सेयरका बीच भने एउटा आधारभूत भिन्नता छ । यसको चर्चा अहिलेसम्म नीतिगत तहमा त्यति भएको देखिन्न । सेयर लिएका सर्वसाधारण वा आयोजना प्रभावितले पनि बुझेका छन् जस्तो लाग्दैन ।

एउटा बैंकिङ कारोबार गर्ने कम्पनीले निश्चित वर्ष पुगेपछि बैंकिङ व्यवसाय नै सरकारलाई हस्तान्तरण गर्नुपर्दैन । वास्तविक वा सेवाक्षेत्रका कुनै पनि कम्पनीले एउटा व्यवसाय प्रारम्भ गरेपछि आफ्नै योजना मुताबिक कुनै काम त्याग्न वा नयाँ काम थप्न सक्छन् । तर, त्यस्ता कुनै पनि व्यवसाय निश्चित अवधिपछि सञ्चालन गरिरहेको काम वा व्यावसायिक सम्पत्ति सरकारलाई बुझाउनुपर्ने व्यवस्था छैन ।

स्वाभाविक रूपमा कम्पनीका आफ्नै व्यावसायिक जोखिम हुन्छन्, जसको आधारमा सेयरको मूल्य घटबढ हुन सक्छ । विभिन्न कालखण्डमा कतिपय सफल कम्पनी पनि चुर्लुम्म डुबेका छन् भने सेयरधनीको सेयर मूल्य धुलिसात भएको छ । जलविद्युत् कम्पनीका आफ्नै व्यावसायिक जोखिम छन् । तर, यिनमा बिमा गर्न सकिने भएकाले अरूका तुलनामा कम जोखिमयुक्त मान्न सकिन्छ ।

विद्युत्को बजार जोखिम पनि अरूको तुलनामा कम नै हुन्छ । प्रचलित कानुनी व्यवस्थाले भने जलविद्युत् कम्पनीको सेयरलाई अरू कम्पनीको तुलनामा फरक बनाइदिएको छ । विद्युत् ऐन बमोजिम विद्युत् उत्पादन आयोजनाको अनुमतिपत्र अधिकतम ५० वर्षसम्मका लागि मात्र हुन सक्छ । ऐनमा यो व्यवस्था भए पनि सरकारले २५ देखि ४० वर्षसम्मको म्याद तोकेर अनुमति दिएको छ । अनुमतिपत्रको म्याद सकिएपछि कम्पनीले सञ्चालन गर्दै आएको जलविद्युत् आयोजना, अर्थात्, मूल सम्पत्ति सरकारलाई हस्तान्तरण गर्नुपर्छ । विद्युत् ऐनले ५० प्रतिशतभन्दा बढी वैदेशिक स्वामित्व भएका कम्पनी र नियन्त्रणात्मक स्वामित्व स्वदेशी लगानीकर्ता भएका कम्पनीबीच अलग-अलग व्यवस्था गरेको छ ।

यदि कम्पनीमा ५० प्रतिशतभन्दा बढी विदेशी लगानी भए अनुमतिपत्रको म्याद सकिएपछि विद्युत् आयोजना, त्यस्तो आयोजनासँग गाँसिएका सम्पूर्ण भौतिक संरचना र सम्पत्ति नेपाल सरकारलाई बुझाउनुपर्छ । कम्पनी त अस्तित्वमा रहन्छ, तर सम्पत्ति रहँदैन । अर्थात्, एकाएक सेयरको मूल्य शून्य हुन जान्छ ।

यदि कम्पनीले आयोजना सञ्चालन गरिरहन चाहन्छ भने सरकारसँग निश्चित मूल्यमा आयोजना पुनः खरिद गर्न सक्छ । खरिद गर्न चाहे सरकारले गठन गरेको पाँच सदस्यीय विज्ञ समूहले निर्धारण गरेको मूल्य तिर्नुपर्छ । त्यसका निम्ति कम्पनीले थप पुँजी जुटाउन सक्नुपर्‍यो वा सञ्चित मुनाफा नगदमै राख्न सफल भएको भए, प्रयोग गर्न सक्ने भयो ।

यदि कम्पनीमा ५० प्रतिशतभन्दा कम विदेशी लगानी छ, नियन्त्रणात्मक स्वामित्व स्वदेशी लगानीकर्ताको हातमा छ भने अनुमतिपत्रको म्याद सकिएपछि नेपाल सरकारसँग नयाँ सम्झौता गरेर आयोजना सञ्चालन गरिरहन पाउँछ । तर, नयाँ सम्झौतामा सर्त के हुने स्पष्ट छैन ।

आयोजनाको अनुमतिपत्र प्राप्त गर्दा ५० प्रतिशतभन्दा बढी स्वामित्व विदेशी लगानीकर्ताको थियो । व्यावसायिक उत्पादनमा गएपछि विदेशी लगानीकर्ताले सबै सेयर स्वदेशी लगानीकर्तालाई बिक्री गर्‍यो र अनुमतिपत्रको म्याद सकिने बेलामा कम्पनी पूर्ण नेपाली स्वामित्वमा रहन गएको छ भने पनि त्यस्तो कम्पनीले सञ्चालनमा रहेको आयोजना सरकारलाई बुझाउनुपर्छ । र, चाहेमा निर्धारित मूल्यमा पुनः खरिद गर्न सक्छ ।

> **जलविद्युत् कम्पनी र अरू कम्पनीका सेयरबीच आधारभूत भिन्नता छ । यसको चर्चा अहिलेसम्म भएको देखिन्न । सेयर लिएका सर्वसाधारण वा आयोजना प्रभावितले पनि बुझेजस्तो लाग्दैन ।**

प्रचलित यस्तो व्यवस्थाले ५० प्रतिशतभन्दा बढी लगानी गरेर जलविद्युत् आयोजना विकास गरेका विदेशी लगानीकर्ताले अनुमतिपत्रको अवधि सकिनुअगावै सेयरको मूल्य उच्च भएका बेला आफ्नो पूरै अंश बेचेर निस्किन सक्छ । यो कुनै समस्या भएन- आयोजना स्वदेशी लगानीकर्ताको हातमा आउँछ ।

स-साना लगानीकर्तालाई आम रूपमा सेयर बिक्री गरेर जलविद्युत् आयोजना निर्माण गरिएको छ भने यिनीहरूलाई समस्या पर्छ । यसमा पनि आयोजनाले व्यावसायिक उत्पादन गरेपछिका वर्षमा दोस्रो बजारबाट महँगोमा सेयर खरिद गरेका लगानीकर्ताको लगानी नउठ्दै सेयर मूल्यहीन हुने जोखिम रहन्छ । यदि प्राथमिक सेयर निष्कासनमा सेयर खरिद गरेको रहेछ भने अनुमतिपत्रको अवधिभर पाउने लाभांशले लगानी उठ्ला वा राम्रै लाभ पनि हुन सक्ला । तर, लाभांशसम्बन्धी निर्णय साना लगानीकर्ताको हातमा हुँदैन ।

अनुमतिपत्रसम्बन्धी वर्तमान व्यवस्थाका कारण पनि कतिपय प्रवर्द्धक-लगानीकर्ताले आयोजनाको निर्माण लागत उच्च देखाएर बैंकबाट कर्जा लिने, त्यही रकमबाट आफ्नो इक्विटीको पैसा उठाउने र पछि साना लगानीकर्तालाई भड्खालोमा जाक्ने काम गरेका छन् भन्ने पनि सुनिन्छ । यो हल्ला मात्र होइन । बैंकहरूले सही तरिकाले ऋण प्रस्तावको मूल्यांकन गर्ने क्षमता नबनाएका वा स्वार्थ गाँसिएका कारण यस्तो समस्या छ ।

यदि आयोजनाको म्याद सकिनुअघि कम्पनीले नयाँ-नयाँ आयोजनामा लगानी गरेको छ-चिलिमेले जस्तो वा अरू व्यवसायमा लगानी विविधीकरण गरेको छ भने साना लगानीकर्ताको सेयरको मूल्य सुरक्षित हुन सक्छ । एउटा मात्र आयोजना हो भने साना लगानीकर्ताले बोक्नुपर्ने जोखिम उच्च हुन्छ । तसर्थ, विद्युत् ऐनमा रहेको अनुमतिपत्रसम्बन्धी व्यवस्था परिमार्जन गरी साना लगानीकर्ताको लगानी र हित सुरक्षित गर्न ध्यान पुर्‍याउनु आवश्यक छ । कम्तीमा पनि अनुमतिपत्रको म्याद सकिएपछिको पुनः खरिद मूल्य वा नवीकरणका सर्तलाई पूर्वानुमानयोग्य बनाउन जरुरी छ । ◆

पीएसओमा बेखुस श्रीमान्

प्रहरी पीएसओ हटाएर सेनाको टोली राख्दा पूर्वप्रधानन्यायाधीशहरूको चित्त दुखाइ

■ जनक नेपाल

यसपालि ६३औँ कानुन दिवस समारोहमा अधिकांश पूर्वप्रधानन्यायाधीश देखिएनन् । निम्तो पाएर पनि अनुपस्थित हुनुको भित्री कारण थियो, निजी अंगरक्षक हटाउने सरकारी निर्णय । "सरकारलाई हाम्रो सुरक्षा र सम्मानको कुनै वास्ता देखिएन," पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ भन्छन्, "त्यसैले घरमै बसियो, गइएन ।"

विशिष्ट व्यक्ति सुरक्षा कार्यविधि कार्यान्वयन गर्दै सरकारले अधिकांश पूर्वप्रधानन्यायाधीशहरूको निजी अंगरक्षक (पीएसओ) हटायो । नयाँ कार्यविधि अनुसार अवकाशको पाँच वर्ष मात्र निजी सुरक्षा दिइनेछ । सुरक्षामा प्रहरी पीएसओको सट्टा चार सैनिकको टोली खटाइएको छ । सरकारको यो निर्णयले वर्षौंदेखि पीएसओ राख्दै आएका पूर्वप्रधानन्यायाधीशको चित्त दुखाएको छ । "हेर्दा ठूलो विषय होइन । पूर्वविशिष्टमा भेदभाव गरिनु दुःखलाग्दो कुरा हो," पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझी भन्छन्, "सुरक्षालाई शानजस्तो ठानियो । थाहै नदिएर पीएसओ हटाइयो ।"

विशिष्ट व्यक्ति सुरक्षा कार्यविधि ०७० अनुसार विशिष्ट तथा पूर्वविशिष्टहरूको सुरक्षामा थपघट गरिएको गृह मन्त्रालयको दाबी छ। गृह प्रवक्ता रामकृष्ण सुवेदी मन्त्रिपरिषद्को निर्णयपछि थ्रेटको विश्लेषण गरी निजी सुरक्षा थपघट गरिएको बताउँछन्। भन्छन्, "ढिलोचाँडो विशिष्टले पनि समाजमा पुनःस्थापित हुनैपर्छ। त्यसैले थ्रेट विश्लेषण गरेरै कतिपय विशिष्टको सुरक्षा कटौती गरिएको हो ।"

ललितपुरमा न्यायाधीश रणबहादुर बमको १८ जेठ ०६९ मा गोली हानी हत्या र बहालवाला प्रधानन्यायाधीश केदार गिरीको घरमा आक्रमणपछि न्यायकर्मीको सुरक्षामा विशेष सतर्कता अपनाइँदै आएको थियो । विशिष्ट सुरक्षा कार्यविधि कार्यान्वयन गर्न प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रामबहादुर थापाको निर्देशनपछि पीएसओ हेरफेर गरिएको हो । नेपाल प्रहरीको कार्य विभागका नायब महानिरीक्षक (डीआईजी) को नेतृत्वमा गृह मन्त्रालय, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रतिनिधि सम्मिलित टोलीले विशिष्ट पदाधिकारीको जोखिम मूल्यांकन गर्ने र त्यसै अनुसार पीएसओ खटाएको गृहको दाबी छ।

पूर्वराष्ट्रपति र उपराष्ट्रपतिलाई मात्र सैनिक पीएसओ दिइँदै आएकामा अहिले पूर्वप्रधानन्यायाधीशलाई पनि दिइएको छ । सेवा निवृत्त भएको पाँच वर्षसम्म पूर्वप्रधानन्यायाधीशलाई सेनाको सुरक्षा दिने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ । जसअनुसार पूर्वप्रधानन्यायाधीशहरू खिलराज रेग्मी, दामोदरप्रसाद शर्मा, रामकुमारप्रसाद साह, कल्याण श्रेष्ठ, सुशीला कार्की र गोपाल पराजुलीलाई सैनिक सुरक्षा दिन थालिएको छ । पाँच वर्ष नाघेका अरू पूर्वप्रधानन्यायाधीशका १७ पीएसओ भने फिर्ता भएको प्रहरी प्रवक्ता एसएसपी शैलेश थापा बताउँछन् । सेनाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, राष्ट्रिय सभाका सभामुख र प्रधानन्यायाधीशलाई सुरक्षा दिँदै आएको छ । त्यस्तै, संघीय सरकारका

हेर्दा ठूलो विषय होइन । पूर्वविशिष्टमा भेदभाव गरिनु दुःखलाग्दो कुरा हो, सुरक्षालाई शानजस्तो ठानियो । थाहै नदिएर पीएसओ हटाइयो ।

– मीनबहादुर रायमाझी
पूर्वप्रधानन्यायाधीश

मन्त्रीहरू, प्रदेश प्रमुख र मुख्यमन्त्रीलाई पनि सैनिक अंगरक्षक दिइएको छ ।

प्रहरी प्यारो

कुनै बेला प्रहरी पीएसओलाई न्यायाधीशविरुद्ध गुप्तचरीको आरोप लागेको थियो । तर, सेवा निवृत्त हुँदा भने अधिकांशलाई तिनै प्रहरी प्यारो लागेको छ । अहिले प्रहरी हटाएर सेनाको टोली राख्दा पूर्वप्रधानन्यायाधीशलाई चित्त बुझेको छैन ।

सैनिक पीएसओभन्दा प्रहरी रुचाइनुका केही कारण छन् । जस्तो कि, अधिकांश विशिष्टले सुरक्षाका लागि राखिएका प्रहरीलाई घरेलु कामदारसरह खटाउने गरेका छन् । पोसाक नलगाएरै अह्राएको जेसुकै काम गर्ने भएपछि सेवा निवृत्तका लागि सुरक्षा मात्र होइन, प्रहरी सहयोगीजस्ता भए । त्यसको तुलनामा सेनाले सुरक्षाबाहेक अह्राएका जुनसुकै काम गर्दैन । सैनिक पोसाकमै बस्छ र पेसागत अनुशासनलाई कायम राख्छ । त्यसैले सेनाको सट्टा प्रहरी पठाउन धेरै विशिष्टले आग्रह गर्दै आएको गृह मन्त्रालयका एक अधिकारी बताउँछन् ।

ती अधिकारीका अनुसार एक पटक विशिष्ट व्यक्तिकहाँ पीएसओ बसेको प्रहरी उनकै पारिवारिक सदस्यजस्तो हुन्छ । पूर्ववत् ड्युटीमा खटाउनै सकिन्न । कतिसम्म भने, एउटै व्यक्तिकहाँ पीएसओ बसेरै रिटायर्ड हुनेको संख्या पनि उल्लेख्य छ । पीएसओ प्रहरीलाई एकै विशिष्टकहाँ राखिदिन प्रस्ताव आउने गरेको ती अधिकारी बताउँछन् ।

"पीएसओ प्रहरीलाई तरकारी किन्न पठाउन र ड्राइभिङ गराउन पाएपछि रिटायर्ड नहुँदासम्म एउटैकहाँ राख्ने प्रस्ताव आउँछ," उनी भन्छन्, "सुरक्षा थ्रेट नभए पनि शानका लागि पीएसओ माग गर्ने प्रवृत्ति व्यापक छ ।"

पूर्वप्रधानन्यायाधीश श्रेष्ठ भने प्रहरी पीएसओ हटाएपछि व्यावहारिक कठिनाइ भएको बताउँछन् । "एयरपोर्ट जान्छु, पूर्वप्रधानमन्त्रीसरह भीआईपी कक्ष प्रयोग गर्न पाउने हक छ," उनी भन्छन्, "पहिले प्रहरी पीएसओ हुन्थ्यो र सबै प्रबन्ध मिलाउँथ्यो । अब म पूर्वसम्माननीय हुँ भन्दै परिचयपत्र देखाउँदै कहाँ-कहाँ जाऊँ ?"

प्रहरीको समन्वय कलाबाट पनि पूर्वविशिष्टहरू प्रभावित छन् । स्कर्टिङ गरेर लैजान, ट्राफिक व्यवस्थापन गर्न, अवरोध हटाउन र जिल्ला-जिल्ला जाँदा त्यहाँको प्रहरीसँग सुरक्षा माग्न धेरै सजिलो हुने गरेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको अनुभव छ । "त्यो अहिले खड्किएको छ," भन्छिन्, "आवास सुरक्षा सेनाले राम्रै गर्छ तर बाहिर लिएर जान सम्भव छैन ।"

न्यायमूर्तिका

सर्वोच्च अदालतको आधिकारिक कर्मचारी युनियनका पदाधिकारीले २९ चैत ०७४ मा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले चढ्दै आएको बा १२ च ६२३१ नम्बरको टोयाटा ल्यान्डक्रुजर प्राडोको चाबी खोसे । झन्डै एक लाखको गाडी मर्मत बिल लिएर चालक जोगमान महतो सर्वोच्च पुगेका थिए । ३० चैत ०७२ मा अवकाश लिएका श्रेष्ठले गैरकानुनी रूपमा गाडी लगेको भन्दै कर्मचारी युनियनले चाबी खोसेर मुख्य रजिस्ट्रारको कार्यालयमा बुझाएको थियो ।

सेवा निवृत्तपछि आफू चढ्दै आएको गाडी अनधिकृत रूपमा घर लैजाने श्रेष्ठ एक्ला पूर्वप्रधानन्यायाधीश भने होइनन् । निवर्तमान गोपालप्रसाद पराजुलीसहित १४ पूर्वप्रधानन्यायाधीशले त्यसरी गैरकानुनी रूपमा गाडी प्रयोग गर्दै आएका छन् । "सेवा निवृत्त हुँदा नयाँ र महँगा गाडी रोजेर लैजाने गरिएको छ । यो रोक्न नसकेपछि मर्मत बिल भर्पाइका लागि आएको गाडीको चाबी खोसेका हौँ," युनियनका सचिव हरि भट्टराई भन्छन्, "त्यस्ता सबै गाडी तत्काल फिर्ता गर्नुपर्ने हाम्रो माग छ ।"

पूर्वप्रधानन्यायाधीशले जबर्जस्ती गाडी मात्र होइन, ड्राइभर र सहयोगीसमेत लैजाने गरेका छन् । खिलराज रेग्मीले सर्वोच्चका चालक दीपक मिश्रलाई लगेका छन् भने रामकुमार प्रसाद साहले नेत्रबहादुर गिरी, कल्याण श्रेष्ठले महतो र गोपाल पराजुलीले राजु चौधरीलाई आफ्नो सवारी चलाउन लगेका छन् । त्यस्तै, सुशीला कार्कीले कमला तामाङलाई सहयोगीका रूपमा घर लगेकी छिन् ।

पूर्वप्रधानन्यायाधीशहरूले सर्वोच्चका

गैरकानुनी सवारी

सरकारी गाडीमा निजी नयाँ नम्बर राखेर चलाइरहेका छन् । रेग्मीले सर्वोच्चको स्कर्पियो जीप बा २ झ ११३ नम्बर फेरेर बा १२ च ६८५३ को रातो प्लेट हालेका छन्। त्यस्तै, शर्माले बा १ झ ९८७७ सेभ्रोलेट क्याप्टिभामा बा १० च ८४३३ को रातो नम्बर प्लेट राखेर चलाएका छन् । साहले बा २ झ ६५६ नम्बरको सफारी स्टोर्मस् भिएक्सलाई बा ११ च ४०८४ को निजी बनाएका छन् ।

यसैगरी, श्रेष्ठले बा १ झ ६३८६ नम्बरको टोयाटा ल्यान्डक्रुजर प्राडोलाई रातो प्लेटको बा १२ च ६२३१ बनाएका छन्। सरकारी गाडीलाई निजी नम्बर प्लेट राख्नेमा कार्की पनि पर्छिन्। उनले बा २ झ २५११ नम्बरको स्कार्पियोलाई बा १७ च ८३८३ को निजी बनाएकी छिन् । निवर्तमान प्रधानन्यायाधीश पराजुलीले बा १ झ ६३८६ नम्बरको टोयटा फर्च्युनरलाई बा १३ च ६२३१ नम्बरको नयाँ प्लेट लगाएका छन् । २० पूर्वन्यायाधीशको ल्यान्डलाइन टेलिफोन महसुल अझै पनि सर्वोच्चले तिर्दै आएको छ । त्यस्तो महसुल मासिक कम्तीमा तीन लाख हुने गरेको सर्वोच्च स्रोतले बतायो ।

“कानुनी शासनको योभन्दा ठूलो उपहास के हुन सक्छ ?,” पूर्वन्यायाधीश बलराम केसी भन्छन्, “सरकारी साधनको दुरुपयोग गर्नु भ्रष्टाचार हो । सवारी ऐनविपरीत नम्बर प्लेट फेर्नु अर्को अपराध हो ।” सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवा-सर्त र सुविधासम्बन्धी ऐनमा नभएको सुविधा लिइरहनु गैरकानुनी भएकाले ती गाडी तत्काल फिर्ता गरिनुपर्ने उनको धारणा छ। “पूर्वन्यायाधीश आदर्श कानुन पालक बन्नुपर्छ। अवकाशपछि साधारण नागरिक हुने हो, गैरकानुनी विशेष सहुलियतले न्याय क्षेत्रलाई बदनाम गर्छ,” केसी भन्छन् ।

महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, ०७४ ले पनि पूर्वप्रधानन्यायाधीशले सर्वोच्च अदालतबाट लगेका सवारी सुविधा फिर्ता गर्न सुझाव दिएको थियो । सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐनमा प्रधानन्यायाधीशलाई सवारी साधन एक, प्रतिमहिना दुई सय ५० लिटर पेट्रोल, त्रैमासिक १० लिटर मोबिल उपलब्ध गराउने र यस्तो सुविधा प्रधानन्यायाधीश वा न्यायाधीशलाई कार्यकाल समाप्त भएको सात दिनसम्म दिइने व्यवस्था छ ।

‘अवकाश प्राप्त १३ पूर्वप्रधानन्यायाधीशलाई उपलब्ध गराइएको ४ करोड ४९ लाख मूल्यका १३ सवारी साधन उक्त अवधि समाप्त भएपछि पनि फिर्ता भएको नदेखिएकाले कानुनमा व्यवस्था नभएको सुविधा फिर्ता हुनुपर्दछ,’ प्रतिवेदनमा भनिएको छ ।

सरकारी साधनको दुरूपयोग गर्नु भ्रष्टाचार हो । सवारी ऐनविपरीत नम्बर प्लेट फेर्नु अर्को अपराध हो ।

– बलराम केसी
पूर्वन्यायाधीश

गोपाल पराजुली
कार्यकाल : ०७४ असार २ देखि ०७४ फागुन ३०
टोयोटा फर्च्युनर
बजार मूल्य : रू १ करोड ३८ लाख

असुरक्षा कहिलेसम्म ?

पूर्वविशिष्टहरूको पीएसओ कटौतीको विरोधसँगै नयाँ बहस सुरु भएको छ, एक पटक विशिष्ट ओहोदामा पुगेका व्यक्तिलाई के जीवनभर सुरक्षा थ्रेट हुन्छ ? उनीहरूलाई आजीवन सुरक्षा दिनुपर्ने हो ? “पूर्वविशिष्ट निर्णायक हुँदैनन् । उनीहरूमाथि थ्रेट थियो भने पनि एकाध वर्षपछि रहन्न,” गृह सहसचिव एवं प्रवक्ता सुवेदी उदाहरण दिन्छन्, “काठमाडौंको प्रमुख जिल्ला अधिकारी हुँदा मलाई पनि धम्की आएका थिए । तर, भूमिका फेरिएसँगै त्यस्ता धम्की हराए ।”

पूर्वप्रधानन्यायाधीश मात्र नभई विशिष्ट पदाधिकारीलाई पाँच वर्षपछि कुनै सुरक्षा नचाहिने सर्वोच्चका पूर्वरजिस्ट्रार रामकृष्ण तिमिल्सिना बताउँछन् । “पूर्वविशिष्टलाई भेदभाव भने गर्न पाइन्न,” उनी भन्छन्। न्यायाधीश बमलाई उनको फैसलाकै निहुँमा गोली हानिएको उदाहरण दिँदै पूर्वप्रधानन्यायाधीशहरू भने ढुक्क हुन सक्ने गरी सुरक्षा प्रबन्ध मिलाउनुपर्ने बताउँछन् । गृहमन्त्री थापाले जेलमै गएर सर्वस्वसहित जन्मकैद पाएका पूर्वमाओवादी सांसद बालकृष्ण ढुंगेललाई भेट्नु, उनलाई माफी दिलाउनु, आफूविरुद्ध फैसला गर्ने न्यायाधीशको खुट्टा काट्छु भन्ने कैदी मुक्ति र पूर्वप्रधानन्यायाधीशको सुरक्षा कटौतीलाई उनीहरूले एउटै कडीमा हेरेका छन् ।

सैनिक सुरक्षा पाएर पनि सबैभन्दा धेरै चित्त दुखाइ पूर्वप्रधानन्यायाधीश श्रेष्ठको छ । ०६५ मा आठ जर्नेलको म्याद थप्ने चर्चित फैसला गरेका श्रेष्ठ संक्रमणकालीन धेरै मुद्दा किनारा लगाउने न्यायाधीशमा पर्छन् । जर्नेलको म्याद थप्ने फैसलापछि तत्कालीन माओवादीले उनको पुतलासमेत जलाएको थियो। पूर्वमाओवादीसहितको एकीकृत पार्टी अहिले सरकारमा रहेकाले त्यसैको बदला लिन सक्ने भन्दै उनका आफन्तले घरबाहिर ननिस्कन सल्लाह दिएका छन् । भन्छन्, “यो घटना क्रमले एउटा त्रास जन्माएको छ। त्यसैले सार्वजनिक कार्यक्रममा जाने छाडेको छु।”

पूर्वप्रधानन्यायाधीशको सुरक्षा, प्रहरी पीएसओ र सुविधाबारे कामु प्रधानन्यायाधीश दीपककुमार जोशीले गृहमन्त्री थापालाई भेटेरै ध्यानाकर्षणसमेत गराएका थिए । तर, कुनै सुनुवाइ नहुनुलाई पूर्वप्रधानन्यायाधीशहरूले सरकारको ‘बराबर र सम्मानजनक व्यवहार नगर्न सक्छु’ भन्ने भावभंगीका रूपमा लिएको बताउँछन्। विशिष्ट सुरक्षा कार्यविधि कार्यान्वयनसँगै सरकार भने अनावश्यक पीएसओ कटौती र अवधि घटाउने गरी परिमार्जनमा लागेको छ। सहसचिव सुवेदीको संयोजकत्वमा चार वटै सुरक्षा निकायका प्रतिनिधिसहितको समितिले अध्ययन थालेको छ । ◆

ओलीको

अघिल्लोपल्ट प्रधानमन्त्री छँदा भूराजनीतिमा दूरगामी महत्त्वका सम्झौता गरेका ओलीको परीक्षण पहिलो विश्वशक्ति बन्ने आकांक्षासहित बढिरहेको चिनियाँ प्रयोगशालामा हुँदैछ

आवरणसहित तस्बिर : भास्कर ओझा

मनबहादुर बस्नेत

काठमाडौँलाई चीनसँग जोड्ने अरनिको राजमार्ग बनेलगत्तै आफूसँग पारवहन सम्झौता नवीकरण गर्न आनाकानी गरेको आरोप लगाएर विसं २०२७ मा भारतले नेपालमाथि नाकाबन्दी लगायो। त्यसबखत नेपालमा सवारीसाधन कम भएकाले इन्धन हाहाकारको अवस्था आएन। सामान्य संवादलगत्तै नाकाबन्दी खुल्यो।

त्यसको १८ वर्षपछि अर्को नाकाबन्दी खेप्नुपर्‍यो, नेपालले। त्यही राजमार्गमार्फत चीनसँग व्यापार हुन थालेको, चीनबाट विमानभेदीलगायतका सैन्य बन्दोबस्तीका सामग्री ल्याएको झोँकमा पारवहन सम्झौता नवीकरणकै प्रसंग उठाएर भारतले नेपालमाथि अर्को नाकाबन्दी लगायो। १५ महिना लामो नाकाबन्दीताका तत्कालीन राजा वीरेन्द्रले पेट्रोलियम पदार्थको जोहो गर्न उत्तरी छिमेकीसँग आग्रह मात्रै गरेनन्, उससँग सम्बन्ध कसिलो बनाउन कार्यदलै गठन गरे। त्यसपछि ०४६ मा चिनियाँ प्रधानमन्त्री ली फङ नेपाल आउँदा चिनियाँ नाका जोड्ने स्याफ्रुबेसी-रसुवागढी,

कूटनीतिक परीक्षा

धनकुटा-किमाथांका, पोखरा-जोमसोम, सिमकोट-हिल्सा, दार्चुला-टिंकर सडक निर्माण र कोदारी मार्ग मर्मत गर्न ३८ करोड रुपियाँ अनुदान दिने निर्णय भयो ।

नाकाबन्दी फुकाएर आपूर्ति सहज हुनासाथै वीरेन्द्रले बनाएको कार्यदल निस्क्रिय भयो नै, रणनीतिक महत्वका उत्तर-दक्षिण सडकको चर्चासमेत सेलायो । समस्या पर्दा मात्रै छिमेकी खोज्ने नेपालप्रति चीनले समेत शंकाकै दृष्टिबाट हेर्‍यो । ०४६ मा बहुदलीय व्यवस्था आएपछि त सायदै नेपालले उत्तरतिरको ढोका खोल्ने गरी हेर्‍यो, एकाध अपवादलाई छाड्ने हो भने । परिणामतः फेरि नेपाल पुरानै नियतिमा पिल्सियो । नेपालको नयाँ संविधानप्रतिको असन्तुष्टि भारतले नाकाबन्दीमार्फत व्यक्त गर्‍यो, असोज ०७२ मा । जतिखेर भारतसँगको परनिर्भरता चरमचुलीमा पुगेको थियो । समस्या ०४५ को नाकाबन्दीमा जस्तै पेट्रोलियम पदार्थको थियो । यतिबेलासम्म आइपुग्दा पेट्रोलियम पदार्थबिना नेपालीको 'लाइफलाइन' नै हलचल नगर्ने अवस्थामा पुगिसकेको थियो ।

रन्थनिएको काठमाडौँले पहिलेजस्तै बेइजिङको आड लिने प्रयास गर्‍यो । त्यसबेला भर्खरै प्रधानमन्त्री चुनिएका थिए, केपी ओली । ओलीले ०७२ मा भएको चीन भ्रमणमा समकक्षी सी चिनफिङसँग पारवहन तथा व्यापारलगायतका १० बुँदे सम्झौता गरे, जुन नेपालको व्यापार तथा पारवहनमा भारतीय आधिपत्य तोड्ने रणनीतिक आधार थियो । यद्यपि, सम्झौताको दुई वर्षपछि उनै ओली शक्तिशाली प्रधानमन्त्रीका रूपमा चीन उड्दै गर्दा (५ देखि १० असार) उपलब्धिको फेहरिस्तभन्दा प्रगति हुन नसक्नुका कथा-व्यथा लगेर जाँदैछन् ।

अभर पर्दा छिमेकी सम्झने र सजिलो हुँदा बिर्सने यसअघि चीनले नेपालप्रति उठाइरहने आशंकालाई मेट्नुपर्ने दायित्व पनि छ, ओलीसामु यसपटक चीन भ्रमणमा निस्कँदा । परराष्ट्र मन्त्रालयले दुई वर्षअघिको 'सम्झौता कार्यान्वयन' ओली भ्रमणको मूल एजेन्डा भनेर सार्वजनिक गरेको छ । "दुई वर्षसम्म के भयो भनेर स्वाभाविक प्रश्न उठ्नेछ," सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक निश्चलनाथ पाण्डे भन्छन्, "राष्ट्रप्रमुखको तहमा भएको सम्झौता स्वतः कार्यान्वयनमा जानुपर्ने हो । तर, हामी कार्यान्वयन नहुनुको कारण बोकेर जाँदैछौँ । योभन्दा लाजमर्दो कुरा अरू के हुन्छ !"

बदलावै बदलाव

ओली अघिल्लो पटक चीन भ्रमणमा निस्कँदा नेपाल नाकाबन्दीको चपेटामा थियो । मुलुकभित्र भारतविरोधी भावना एकछत्र थियो । त्यही मौकामा ओलीले चीनसँग सम्झौता गरेर एकाएक राष्ट्रवादी छवि कमाए । नाकाबन्दीसँग मुकाबिला गर्दै चीनसँग गरेको सामरिक महत्त्वको सम्झौताकै कारण ओलीको चुनावी गठबन्धनले जनमत पायो । नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)बीचको एकता र संघीय समाजवादी फोरमको सत्तारोहणपछि ओली सरकार मजबुत हैसियतमा उक्लिएको छ ।

आन्तरिक राजनीति र सत्तामा शक्तिशाली देखिएका ओलीका लागि चीन भ्रमण अग्निपरीक्षा सावित हुनेछ । अर्थात्, ओलीको राष्ट्रवादको परीक्षण पहिलो विश्वशक्ति बन्ने महत्त्वाकांक्षासहित बढिरहेको चिनियाँ प्रयोगशालामा हुँदैछ । उत्तरी छिमेकसँग ०७२ कै रफ्तारमा उनले सम्झौता गर्छन् वा गर्दैनन् धेरैले चासोका साथ हेरिरहेका छन् । चीन भ्रमणमा ओलीले आफ्नो राष्ट्रवादी छविलाई दाउमा राखेको केही संकेत भने मिल्न थालिसकेका छन् । जस्तो : परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले ३१ असारमा पत्रकार सम्मेलन गरेर पारवहन तथा व्यापारसम्बन्धी 'प्रोटोकल'मा समझदारी नहुने बताएर यही जनाउ दिए । यही सम्झौता हो, जसले व्यापारमा नेपालको भारतीय एकल निर्भरता हटाउने अपेक्षा गरिएको थियो ।

पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझाका अनुसार कुनै पनि अन्तर्देशीय सन्धि-सम्झौतालाई व्यावहारिक कसीमा उतार्न प्रोटोकल सम्झौता नभई हुँदैन । तर, ओली यही 'नभई नहुने' कुरालाई बिर्सिएर चीन प्रस्थान गर्दैछन् ।

दुई वर्षअघि नै तय भएको रणनीतिक फड्को मार्ने आधार जहाँको तहीँ छाड्नुलाई भारतीय पक्षको भूमिकालाई समेत जोडिएर हेरिएको छ । अन्य छरछिमेकसँगको हिमचिममा भारतीय भूमिका विगतमा हस्तक्षेपकारी भएकाले पनि यस्तो आशंका अनपेक्षित होइन । यही भूराजनीतिक सन्तुलन मिलाउने चुनौती छ, ओलीलाई । यसअघिको कार्यकालमा समेत ओलीले भारतको मुख लामै समय नताकेका होइनन् ।

नाकाबन्दीका कारण इन्धनको हाहाकार भएपछि ११ कात्तिक ०७२ मा चीनसँग पेट्रोलियम पदार्थको कारोबार थाल्ने विकल्पसहित नेपाल आयल निगम र नेसनल युनाइटेड आयल कर्पोरेसन (पेट्रो चाइना)बीच फ्रेमवर्क एग्रिमेन्ट भएको थियो । तर, यसलाई व्यावहारिक रूप दिने इन्धन खरिद सम्झौतै भएन । सम्झौताको प्रारूप तयार पारेर वाणिज्य तथा आपूर्ति मन्त्रालयका तत्कालीन सहसचिव शम्भु कोइरालासहितको सात सदस्यीय टोली हस्ताक्षर गर्न तम्तयार भएर बस्यो । ४ मंसिरमा उक्त टोली चीन जाने तय भएको थियो । तर, पेट्रोलियम पदार्थको गुणस्तर, कर, मूल्यजस्ता प्राविधिक विषय पहिले टुंग्याउनुपर्ने कारण देखाउँदै सम्झौतामा हस्ताक्षर भएन । र, अन्ततः यिनै विषय अध्ययन गर्न ७ मंसिरमा निगमको दुई सदस्यीय प्राविधिक टोली मात्रै चीन उड्यो । खासमा त्यतिबेलाको सरकारले इच्छाशक्ति नदेखाएकाले सम्झौता हस्ताक्षर थन्किएको थियो । अझ प्रधानमन्त्रीको यसपालिको भ्रमणमा पारवहन तथा व्यापार सम्झौता कार्यान्वयन गर्ने संयन्त्रको विषय नै अटाएको छैन ।

अग्निपरीक्षा

दुई शक्तिशाली छिमेकीलाई सन्तुलित तुल्याउन नै ओली चीन जानुअघि तीनदिने भारत भ्रमणमा निस्किए, गत २३ चैतमा । नेपाल चीनको प्रभावमा नजाओस्

तीव्र रेल कूटनीति

केही वर्षअघिसम्म नेपालको रेल विभाग सुनसान थियो। कर्मचारी आफूलाई जगेडामा थन्किएको ठान्थे र उत्तिकै फुर्सदिला देखिन्थे। काठमाडौँको विशालनगरमा अवस्थित विभागको त्यो रूप अहिले बदलिएको छ । त्यसबेलाको उपेक्षित विभाग यतिबेला अन्तर्देशीय चासोको केन्द्र बनेको छ। उदाउँदा एसियाली दुई शक्ति चीन र भारत जोडिएका छन्, यो आकर्षणमा । दुवै छिमेकी मुलुक नेपालमा रेलमार्फत जोडिने प्रतिस्पर्धामा उत्रिएकाले त्यसको रन्को विभागमा देखिएको हो।

नेपाल-भारत सीमा वारपार रेलमार्ग निर्माणका लागि गठित सहसचिवस्तरीय संयुक्त परियोजना 'स्टियरिङ कमिटी'को बैठक एक महिनाभित्रै बसाल्ने पालो नेपालकै छ । ६/६ महिनामा यो कमिटीको बैठक बस्ने अभ्यास छ। यही बीचमा चिनियाँ रेल परियोजनाका लागि आफ्ना १२ जना इन्जिनियरलाई विभागले चीनमा २१ दिने तालिमका लागि पठाउँदैछ। असारभित्र अर्को टोली तालिमका लागि चीन जाँदैछ। चीनले नेपाल जोड्ने रेलमार्गलाई उच्च प्राथमिकतामा राखेको यसबाट प्रस्ट हुन्छ।

हुन पनि विभागले २३ मंसिरदेखि एक साता चिनियाँ रेलवेका २३ सदस्यीय जम्बो टोलीसँग छलफल गरेको थियो । रेल एड्मिनिस्ट्रेसन चाइनाका डेपुटी एड्मिनिस्ट्रेटर जेङ जिआनको नेतृत्वमा आएको टोलीले केरुङ-काठमाडौँ, काठमाडौँ-पोखरा र पोखरा-लुम्बिनी खण्डको स्थलगत निरीक्षण गरेको थियो । यी तीनवटै खण्डमा उसका परामर्शदाता प्राविधिक समूहले अध्ययन गरेको थियो । यो टोलीले भौगोलिक र प्राविधिक कठिनाइका बाबजुद रेलमार्ग बनाउन सकिने राय दिएको छ । "भूकम्पपछि जमिनमुनिको अवस्था कस्तो छ भन्ने हामीलाई पत्तो थिएन। चिनियाँले यसको अध्ययन गरेपछि सुरुङ बनाउन समस्या नरहेको प्रस्ट पारे," विभागका प्रवक्ता एवं सिनियर डिभिजनल इन्जिनियर प्रकाशभक्त उपाध्याय भन्छन्, "उनीहरू हामीसँग काम गर्न उत्सुक छन्।"

हिमाली भूखण्ड पार गरेर चिनियाँ रेलमार्गसँग नेपाल जोडिने कुरा केही वर्षअघिसम्म कोरा कल्पना मात्रै लाग्थ्यो। तर, जब चीनले रसुवागढीदेखि ६ सय किमि परको सिगात्सेलाई रेल सञ्जालसँग जोड्यो र सन् २०२० सम्म नेपाली सीमावर्ती केरुङसम्म ल्याउने लक्ष्य राख्यो, तब नेपालको समेत कान ठाडो बन्यो। यही बीचमा नेपालद्वारा जारी नयाँ संविधानप्रति असन्तुष्टि साँध्न ०७२ मा भारतले नाकाबन्दी लगायो । लगत्तै तत्कालीन केपी शर्मा ओली सरकारले चीनसँग व्यापार तथा पारवहन सम्झौता गर्‍यो, जुन भारतीय परनिर्भरता तोड्ने कडी मात्रै बनेन, नेपालको भूराजनीतिक नक्सा बदलावको संवाहक बन्ने बाटोमा छ।

"चीनसँगको पारवहन सम्झौताले तत्काल रेल ल्याउन सक्दैन थियो, ल्याएन। तर, यसले ठूलो राजनीतिक सन्देश भने दियो," विदेश मामिलाविज्ञ टीका ढकाल भन्छन्, "यही बेलादेखि दुई छिमेकीबीच नेपालमा कसले पहिले रेल सञ्जाल पुर्‍याउने भन्ने प्रतिस्पर्धा सुरु भयो।"

पारवहन सम्झौतापछि रसुवागढी-काठमाडौँ-पोखरा-लुम्बिनीसम्म रेल सञ्जाल बिछ्याउने योजना प्रक्रियामा छ । चाइना रेलवे फस्ट सर्भे डिजाइन इन्स्टिच्युट ग्रुप (एफडीएसआईजी) ले वैशाख/जेठ ०७३ मा तयार गरेको प्रारम्भिक सर्भेले १ सय ७ किमि रसुवागढीदेखि काठमाडौँको दूरी हुने प्रस्ताव गरेको थियो । चिनियाँ रेल हिमाली शृंखला छिचोलेर काठमाडौँ आउने खाका बनेपछि भारतसमेत आफ्नो रेल उतार्न कति हतारिएको छ भन्ने प्रधानमन्त्री ओलीको भारत भ्रमणका बेला भएको एउटा सम्झौताले देखाउँछ।

भारतले रक्सौलदेखि काठमाडौँसम्म अनुदानमा रेलमार्ग बनाइदिने अप्रत्यासित प्रस्ताव राख्यो। यो रेलमार्ग निर्माणबारे नेपाल आफैँले सम्भाव्यता अध्ययन गरिरहे पनि प्राथमिकतामा परेको मार्ग होइन । काठमाडौँलाई तराईसँग जोड्ने द्रुतमार्ग निर्माणाधीन रहेकाले रेल सञ्जालले बिस्तारै जोडे पनि हुने मनस्थितिमा छ, नेपाल । "उनीहरूले बनाइदिने भनेपछि हामीले आपसी सम्बन्ध नबिग्रियोस् भनेर स्वीकार्नै पर्‍यो," परराष्ट्र मन्त्रालयका एक सहसचिव भन्छन्। अकस्मात आइपरेको भारतीय प्रस्तावपछि कोरियाको सुसङ इन्जिनियरिङ एन्ड कम्पनी र विभागबीच सम्भाव्यता अध्ययनका लागि हस्ताक्षर गर्न ठिक्क पारिएको सम्झौता रद्ध भयो । "यसको सम्भाव्यता अध्ययन भारतले गरिरहेको छ," विभागका महानिर्देशक अनन्त आचार्य भन्छन्।

चिनियाँ रेल नेपालतिर सोझिँदै गएपछि यसअघि भारतले देखाएको हतारो झनै सम्झना लायक छ। तत्कालीन प्रधानमन्त्री ओली भारत भ्रमणबाट फर्किएलगत्तै १४ फागुन ०७२ मा भारतीय संसद्मा उत्तरप्रदेशको सिद्धार्थनगरदेखि काठमाडौँसम्म जोड्ने रेलवेको सम्भाव्यता अध्ययन गर्न ५४ लाख रुपियाँ भारतीय मुद्रा नै विनियोजित भयो। ज्ञातव्य रहोस्, यो परियोजनाबारे नेपालसँग सम्झौता नै भएको थिएन। त्यसयता यो विषय त्यत्तिकै सेलायो । चिनियाँ रेल काठमाडौँमा ल्याउने चीनको आकांक्षालाई धक्का दिने भारतले यस्तो कदम चालेको प्रस्ट छ।

परियोजना ओगटिराख्ने भारतीय प्रवृत्ति रेलवेमा समेत झल्किन्छ। नेपाल राणाकालमै रेलमार्गमार्फत भारतसँग जोडिएको हो । २४ माइल लामो रक्सौल-अमलेखगञ्ज रेलमार्ग सन् १९८४ मा बनेको थियो। तत्कालीन ब्रिटिस इन्डिया सरकारले नेपालको तराई भागको काठ ओसार्न रेलवे निर्माणमा सहयोग गरेको थियो । प्रयोजन सकिएपछि रेलवे विस्तार त भएन नै, भग्नावशेषमा परिणत भयो। त्यसपछि नेपाल भारतसँग रेल सञ्जालमा जोडिने कुरा थन्कियो। "एकैचोटि नेपाल-चीनबीच रेल सम्बन्ध गाँसिएपछि फेरि भारत उठ्यो," ढकाल भन्छन्, "त्यसपछि राजनीतिक, सामाजिक र आर्थिक तहमा रेलले बहस प्रारम्भ गर्‍यो।"

पछिल्लो पटक ०६२/६३ को राजनीतिक परिवर्तनपछि नेपालमा रेल सञ्जालको विषयले छिटफुट प्रवेश पाएको हो। ०६५ मा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल 'प्रचण्ड' चीन भ्रमणमा जाँदा चीन-नेपाल रेलमार्ग विस्तार गर्न इच्छुक रहेको जनाउ दिएका थिए । यो सुइँको भारतले पाएपछि ०६६ मा राष्ट्रपति रामवरण यादव भारत भ्रमणमा जाँदा नेपाल-भारत सीमा वारपार रेलमार्ग निर्माणबारे सम्झौता भयो । जस अन्तर्गत पाँच वटा परियोजना रहेकामा पहिलो चरणमा जयनगर-बर्दिबास र जोगवनी-विराटनगर सन् २०१६ मै सकाउने भनिएको थियो। जयनगर-बर्दिबास ०१८ भित्र सकाउने भनिएको छ भने जोगवनी-विराटनगर जग्गा अधिग्रहणमै अल्झिएको छ।

अन्य आयोजना विस्तृत परियोजना प्रतिवेदन तयारीकै चरणमा छन्। यी रेलमार्ग सामरिक र रणनीतिक हिसाबले अर्थपूर्ण मान्छन्, परराष्ट्रकै अधिकारीहरू। "यी हाम्रो सुविधाका लागि भन्दा

पनि रणनीतिक उद्देश्य पूर्तिका लागि ल्याइएको हो," परराष्ट्रका एक सहसचिव भन्छन्, "परेको खण्डमा उनीहरू सजिलै हाम्रा मुख्य ठाउँमा पुग्न सक्छन् ।"

शक्तिराष्ट्रका स्वार्थ

रेलसँग जोडिएका चीन र भारत दुवैका आ-आफ्नै स्वार्थ छन् । चीनको महत्त्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई)कै एउटा हिस्सा हो, नेपालसम्म रेल सञ्जाल विस्तार । यो मार्गबाट चीन कालान्तरमा दक्षिण एसियाली बजारमा प्रवेश गर्न चाहन्छ । भारत अहिले पनि चीनको व्यापारिक साझेदार हो, समुद्री मार्गबाट यी देशबीच व्यापार हुँदै आएको छ । संसारभर चिनियाँ सामानको प्रभावशाली उपस्थिति छ । तर, भारतको झन्डै आधा जनसंख्या रहेको उत्तर प्रदेश, बिहार र पश्चिम बंगालमा चिनियाँ बजार फैलिएको छैन ।

नेपाल हुँदै भारतसम्म रेल पुर्‍याएर चीन करिब ५० करोड जनसंख्या बस्ने यो बजारमा प्रतिस्पर्धा गर्ने दाउमा छ । अहिले चीन-भारतबीच हङकङतिरको समुद्री मार्गबाट मात्रै व्यापार हुने गर्छ, जस अनुसार समुद्री मार्ग हुँदै चिनियाँ सामान नेपाल आइपुग्न ३५ दिन लाग्छ । चिनियाँ अखबार *पिपल्स डेली*का अनुसार उक्त सामान नेपाल हुँदै भारत पुग्न दुई साताजति मात्रै लाग्नेछ । "नेपाल दुई ठूला एसियाली मुलुकबीचको रणनीतिक भूगोलमा उभिएको छ । चीनदेखि नेपालसम्म रेलमार्ग बन्नु भनेको एकातिर दुई देशलाई जोड्नु हो भने त्योभन्दा पनि महत्त्वपूर्ण कुरा भारत र दक्षिण एसियाली मुलुकलाई जोड्नु हो, जुन चीनको बीआरआई परियोजनाकै एक अंग हो," चीनको सिचुआन विश्वविद्यालयबाट चाइना वेस्टर्न फ्रन्टियर पोलिटिक्स एन्ड एथ्निक इस्यू विषयमा विद्यावारिधि गरिरहेका गाओ लिआङ भन्छन् । नेपालमा स्थायित्व र विकास भएमा चीनविरोधी गतिविधि रोक्न सहज हुने चीनको धारणा छ ।

उसो त भारतका लागि भने चिनियाँ रेलमार्ग सामरिक भयको विषय बन्ने गरेको छ । अझ लुम्बिनीसम्म रेलमार्ग बन्ने कुराले उसलाई बढी नै झस्काएको हो । किनभने, भारतीय वायु सेनाको बेस लुम्बिनीदेखि करिब १ सय ४० किमि दूरीको गोरखपुरमा छ । "यही भएर भारत सुरक्षाको दृष्टिले लुम्बिनीसम्म चिनियाँ रेल आउने कुराले सशंकित बनिरहेको छ," सेन्टर फर साउथ एसियन स्टडिजका निर्देशक निश्चलनाथ पाण्डे भन्छन् । उत्तरसँग सडक मार्गमा जोडिँदा त आपत्ति जनाउने भारतका लागि यो ठूलो टाउको दुखाइको विषय हो । परिआएमा चिनियाँ सेना सहजै आफ्नो भूमिमा पुग्न सक्ने र त्यसले सुरक्षा संवेदनशीलता बढाउने भारतीय विश्लेषण छ ।

बीआरआईको विपक्षमा रहेको भारतले भरसक छिमेकीलाई समेत रोक्ने कोसिस गरिरहेको छ । बीआरआईमा सहभागी हुने समझदारीमा हस्ताक्षर गरेपछि त्यसको अवधारणाको समझदारीपत्र (टीओआर)मा सहमति जनाउन दुई वर्ष लगायो । यसमा अदृश्य भूमिका भारतको थियो । ०७२ मै बीआरआईको सदस्य बनेको नेपालले टीओआरमा ०७४ वैशाखमा मात्र हस्ताक्षर गरेको थियो । बीआरआईमा अनिच्छा देखाएकै कारण दोस्रो पटक प्रधानमन्त्री बनेका प्रचण्डलाई चीन भ्रमणमा ढिलो गरी बोलायो ।

नेपालसँग रेलमार्गले जोडिएपछि आफू चीनको घेराबन्दीमा पर्ने भय भारतसँग छ । यस्तोमा नेपालले कूटनीतिक कौशलद्वारा आफ्नो रणनीति बनाउनुपर्नेछ । "कूटनीतिमा दान भन्ने कुरा नै हुँदैन," चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्य भन्छन्, "दुवै छिमेकीले हाम्रो हितका लागि प्रतिस्पर्धा गरेका होइनन् । हामीले आफ्नो राष्ट्रिय हित पूरा गर्ने गरी कदम चाल्नुपर्छ ।"

भन्ने भारतको प्रचलित मान्यता हो । ओली भ्रमणलगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल ओर्लनुको एउटा गुप्त सन्देश यो पनि हो । ज्ञातव्य रहोस्, मोदी नेपाल आएका थिए, २८ जेठमा । मोदी अचानक आउने भएपछि ओलीको चीन भ्रमण तालिकासमेत एक महिना पछाडि सरेको थियो । आर्थिक तागत बढाइरहेका यी दुई मुलुकसँग सन्तुलित सम्बन्ध राख्न कुन हदसम्मको दबाब छ भन्ने यसले पनि बुझाउँछ । "भारत हरचीजमा हामी छँदैछौं नि किन अरू चाहियो भन्ने भावमा प्रकट हुन्छ," चीनका लागि पूर्वराजदूत टंक कार्की भन्छन्, "त्यो विचारबाट ऊ तत्कालै उठ्न नसक्ने जस्तो छ व्यवहार हेर्दा ।"

रेलमार्ग निर्माणमा चीन अगाडि आएपछि भारतले अनायासै देखाएको प्रतिस्पर्धाले नेपालमा भूराजनीतिक चुनौती झनै पेचिलो बनेको छ । (हेर्नुस् बक्स, तीव्र रेल कूटनीति) । चिनियाँ प्राविधिक टोलीले गरिरहेको केरुङ-काठमाडौं रेलवेको अध्ययन प्रतिवेदन भदौसम्म मात्रै बुझाउने भएकाले यसबारे समेत ठोस समझदारी बन्न मुस्किल छ । जबकि, ओलीले आफूलाई नेपालमा उत्तरी रेल गुडाउने स्वप्नदर्शी व्यक्तिका रूपमा चित्रित गर्दै आएका छन् । र, पक्कै पनि नेपाल-चीन रेलमार्गले जोडिएपछिको भूराजनीतिक हैसियत भिन्न हुनेछ ।

ओलीका लागि केही सुविधाजनक

तस्बिर साभार : प्रकाशमान उपाध्यायको फेसबुक

केरुङ-काठमाडौं रेलवे निर्माण सम्भाव्यता अध्ययनका लागि काठमाडौं आएको चिनियाँ प्राविधिक टोली

परिस्थितिसमेत छ। लामो आन्तरिक राजनीतिक संक्रमणकाल टुंगोमा पुगेको छ । मधेस मामिलामा संलग्न संघीय समाजवादी फोरम सत्ता सहयात्री बनेको छ । यसले जुनसुकै बेला मधेसको समस्या चर्किन सक्ने सम्भावित जोखिम न्यून गरेको छ । चीन र नेपाल दुवै मुलुकमा कम्युनिस्ट सरकार हुनु, साँध जोडिएका पुराना छिमेकी हुनु र दुवै देशमा स्थिर सरकार हुनुलाई ओलीका लागि चिनियाँ सहयोग र सद्भाव पाउने सकारात्मक पाटाका रूपमा हेरिएको छ । यद्यपि, मूलतः अन्तर्देशीय सम्बन्ध आ-आफ्ना राष्ट्रिय स्वार्थमा आधारित हुन्छ । "विदेश नीतिमा विचारधाराले प्रधानता पाउँदैन," पूर्वराजदूत कार्की भन्छन्, "यो त राष्ट्रिय स्वार्थको लेनदेन हो ।"

यो स्वार्थ मिलाउन ओलीलाई हम्मे पर्न सक्छ । "चीन र नेपालबीच यो स्वार्थ त्यति धेरै मिल्ने छाँट देखिँदैन," वामपन्थी नेता राधाकृष्ण मैनाली भन्छन्, "हामीलाई संघीयता, धर्मनिरपेक्षता कार्यान्वयन गरेर छिटो विकास निर्माण चाहिएको छ । चीनका लागि तिब्बती सुरक्षा मामिला महत्त्वपूर्ण छ। त्यसको ग्यारेन्टी नहुने स्थितिमा हामीले चीनसँग जोडिएका नाका र रेलवेप्रति धेरै अपेक्षा गर्न सकिँदैन ।"

आफू वरिपरिका छिमेकीलाई समेत समृद्ध देख्न चाहेको भन्दै विश्वलाई एकापसमा जोड्ने महत्त्वाकांक्षी बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) परियोजनामार्फत चीनले बाह्य सम्बन्ध सुधार्न चाहेको छ। रुस, क्युबा, लाओस, भियतनाम, उत्तर कोरियाजस्ता कम्युनिस्ट मुलुकसँग चीनको सम्बन्ध कसिलो बन्दै गएको छ। "चीन मूलतः व्यापारी हो। भारतको बजार ताकिरहेकाले नेपालमार्फत उसले यो काम गर्न सक्छ," पाण्डेको विश्लेषण छ, "संयोगले नेपालमा समेत कम्युनिस्ट सरकार भएकाले यस्तो लाभ लिन उसलाई सहज हुन सक्छ ।"

चीनको चासो

चीन र नेपालको सम्बन्धमा नयाँ क्षितिज खोल्ने ठानिएको रेलमार्ग निर्माण सम्भाव्यता लेखाजोखाकै चरणमा छ भने दुई मुलुकमा आवतजावत हुने आठ वटा नाकालाई सडकले छुन्छ । जसमा दार्चुलाका टिंकर, हुम्लाको हिल्सा, मुस्ताङको कोरला, रसुवाको रसुवागढी, सिन्धुपाल्चोकको तातोपानी, दोलखाको लाप्चे, संखुवासभाको किमाथांका र ताप्लेजुङको ओलाङचुङगोला छन्। यीमध्ये तातोपानी-खासा र रसुवागढी-केरुङ व्यापारिक रूपले प्रयोगमा आएका नाका हुन् । तातोपानी बन्द छ भने रसुवागढी नेपालतिरको साँघुरो र जीर्ण सडकका कारण बलियो विकल्प बन्न सकेको छैन । कोरला नाका सञ्चालनमा आए पनि चीनले व्यापारिक प्रयोजनमा महत्त्व दिएकै छैन । टिंकर, हिल्सा-पुराङ, लाप्चे, किमाथांका-चाँगा र ओलाङचुङगोला नाकाको सडक ट्र्याक खोल्ने चरणमा छन्। यी आठ वटै सडकबाट सामान ढुवानी गर्ने सहमतिपत्रमा ओली भ्रमणमा हस्ताक्षर भने जुट्नेछ। यही विषयमा चिनियाँ पक्षसँग कुरा गरेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको टोली १ असारमा फर्कियो। टोलीमा सहभागी मन्त्रालयका सह-सचिव एवं सिनियर डिभिजनल इन्जिनियर गोपालप्रसाद सिग्देलका अनुसार मालसामान ओसार-पसारका लागि मात्रै यी नाका प्रयोगमा ल्याउन चीन सहमत भएको हो। भन्छन्, "यसको मतलब यी नाका खुलेको भने होइन ।"

बेइजिङमा हुने सम्झौताका बुँदा

- आठ वटा सीमा नाकामा सामान ढुवानी सुविधा
- ऊर्जा सहायता तथा सीमापार प्रसारण लाइन निर्माण
- रेलमार्ग निर्माण प्रक्रिया र परराष्ट्र मन्त्रालयस्तरीय संयन्त्र निर्माण
- कृषिमा सरकारी तथा निजी साझेदारी
- सातवटै प्रदेशमा विपद् व्यवस्थापन तथा उद्धार केन्द्र स्थापना

चीनको सर्वाधिक सुरक्षा चासो जोडिएको तिब्बती भूमि हो भन्ने कहीँ छिपेको छैन। त्यही भएर उसले निर्बाध नाका खुलाउन मञ्जुर नगरेको हो । ०७२ को भूकम्पपछि तातोपानी नाका बन्द हुनुको प्रमुख कारण नै स्वतन्त्र तिब्बत पक्षधरको गतिविधि बढ्नु थियो । भलै भूकम्पपछिको कमजोर बनेको भूधरातललाई उसले कारण देखाएको थियो । यो नाका पनि अब ढुवानी प्रयोजनका लागि मात्रै खुल्नेछ । यही नाका धेरै भारतीय पर्यटकले तिब्बतको मानसरोवर तीर्थाटनमा जान प्रयोग गर्थे । मानसरोवर पुग्न हिल्सा पनि अर्को प्रभावकारी नाका हो । हिल्साबाट सडक मार्ग हुँदै दुई घन्टामै मानसरोवर पुग्न सकिने जानकारहरू बताउँछन् । तर, तत्काल यी दुवै नाकाबाट पर्यटक आवागमनको लाभ नेपालले पाउने छैन। "चीनविरोधी काम नेपाली भूमिबाट हुँदैन भनेर हामीले आश्वस्त पार्न जरुरी छ," परराष्ट्र मामिलाका जानकार मिलन तुलाधर भन्छन्, "सुरक्षा र सडक तथा रेलवे विकासका कुरा उसले सँगसँगै हेर्छ ।"

बीआरआईको पाठ

जसरी बीआरआईमार्फत दक्षिणपूर्वी एसियाली मुलुकमा आफ्नो प्रभाव जमाउन चीनका लागि श्रीलंका महत्त्वपूर्ण बिन्दु हो, त्यसैगरी नेपालसमेत अर्को रणनीतिक थलो हो। श्रीलंका र नेपालबीच अन्य केही कुरा पनि मेल खान्छन् । दुवै मुलुक लामो आन्तरिक द्वन्द्वबाट तंग्रिँदै आइपुगेका हुन् । गृहयुद्धको अन्त्यपछि श्रीलंकाले पूर्वाधार निर्माणमा ध्यान केन्द्रित गरेजस्तै नेपालले समेत सशस्त्र द्वन्द्वपछिको एक दशकको संक्रमणकाललगत्तै आफूलाई पूर्वाधार विकासमा लगाउने प्रण गरेको छ । संयोगवश भारत र चीन दुवै नेपालसम्म 'कनेक्टिभिटी' बढाउने धुनमा छन् ।

वैशाख पहिलो साता परराष्ट्र मन्त्री ज्ञवालीले चिनियाँ समकक्षी वाङ यीसँग अनुदानमा रेल मार्ग बनाइदिन प्रस्ताव गरे। यसबारे चीनले मुख खोलेको छैन। रेललगायतका अन्य परियोजनामा चीनले कुन स्वरूपमा सहयोग गर्छ भन्ने पनि प्रस्ट छैन । ओली भ्रमणमा यसको प्रारूप तयार हुने अपेक्षा छ। तर, चीनको सहयोगमा सञ्चालित बीआरआईका केही परियोजनाबाट भने नेपालले पाठ सिक्नुपर्छ। यसको उदाहरण हो, श्रीलंकाको हम्बन्टोटा बन्दरगाह ।

सन् २००९ मा लिबरेसन टाइगर्स अफ तमिल इलम (एलटीटीई)सँगको सशस्त्र गृहयुद्ध समाप्तिपछि श्रीलंकाले आफूलाई पूर्वाधार

निर्माणमा होम्यो । यसमा चीनको बलियो भरथेग थियो । बन्दरगाह र विमानस्थलमा चीनले लगानी गरिरहेको छ । सन् २००८ देखि नै हम्बन्टोटा बन्दरगाह निर्माणमा सहयोगीका रूपमा जोडिएको चीनले नौ वर्षभित्र उक्त बन्दरगाह सञ्चालनको जिम्मा लियो । २३ मंसिर ०७४ मा चीनको मर्चेन्ट पोर्ट होल्डिङ्सले ९९ वर्षे लिजमा यो बन्दरगाहको व्यवस्थापन आफ्नो पकडमा लियो ।

यही बन्दरगाह श्रीलंकाका लागि पासो बन्ने विश्लेषण गरिएको छ । बन्दरगाह घाटामा सञ्चालन हुन थालेपछि श्रीलंकाले चीनको ऋण तिर्न नसके के हुन्छ भन्ने भय फैलिएको छ । श्रीलंकाको सार्वभौम बन्दरगाह प्रकरणसँगै गुमेको भन्दै आलोचना सुरु भएको छ, श्रीलंकाभित्रै । 'ऋणको पासोबाट मुक्त हुने गरी हामीले निर्णय गर्नुपर्थ्यो,' श्रीलंकाली खेलकुद तथा पानीजहाज मन्त्री महिन्दा समरसिंगेको भनाइ उद्धृत गर्दै जापानबाट प्रकाशित हुने *निक्की एसियन रिभ्यूले* लेखेको छ । यद्यपि, चीनका लागि पूर्वराजदूत टंक कार्की यसलाई चीनको शक्तिलाई मन नपराउने पश्चिमाहरूले फैलाएको प्रोपोगान्डा ठान्छन् । "काम गर्दै जाँदा समस्या आउँछन् । त्यसलाई नरमकरममा मिलाउन सकिन्छ," उनी भन्छन्, "ऋणको भय अहिले विदेशीभन्दा पनि बढ्ता विदेशी बन्न खोज्ने स्वदेशीद्वारा प्रचार गरिएको कुरा हो ।"

आर्थिक लाभहानिभन्दा रणनीतिक फाइदाका लागि यो परियोजनामा चीनले हात हालेको बताइन्छ । हम्बन्टोटा बन्दरगाहबाट चीनले हिन्द महासागरमा आफ्नो सैन्य प्रभाव फैलाउने प्रयासका लागि महत्त्वपूर्ण तटीय मोर्चाबन्दी प्राप्त गरेको भारतको दाबी छ । सन् २०१४ मा कोलम्बो बन्दरगाहमा चिनियाँ पानीजहाज देखापरेको थियो । त्यो घटनाले भारत बीआरआईबाट त्रसित छ । यसका साथै, यो बन्दरगाह चीनको ऊर्जा सुरक्षाका लागि अपरिहार्य छ । किनभने, चीनले आफ्नो इन्धनको दुई तिहाइ हिस्सा यही बन्दरगाहको दक्षिणी क्षेत्रबाट आयात गर्छ ।

श्रीलंकाले सन् २००९ मा चीनको ऋण लगानीमा माटालामा निर्माण गरेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलसमेत लाभदायी बनेन । साताका चार वटा मात्रै नियमित उडान हुन्छन् । चीनले आफ्नो हवाई बेसक्याम्प बनाउने उद्देश्यले यो विमानस्थल बनाएको भारतको आशंका छ । यदि चीनले विमानस्थल किन्यो भने यो उसको हवाई सेनाको शिविर बन्नेछ ।

श्रीलंकाजस्तै नेपालसमेत रणनीतिक बिन्दुमा उभिएकाले यस्ता जोखिम बेहोर्नुपर्ने हुन सक्छ । नेपालले कसरी सम्झौता गर्छ, त्यसमा धेरै विषय निर्भर रहनेछ । "कनेक्टिभिटीले नेपाल-चीन-भारत तीनवटै मुलुकलाई आपसी सम्बन्ध पुनःसंरचनाको चरणमा धकेलिदिएको छ," विदेश मामिलाविज्ञ टीका ढकाल भन्छन् । ◆

सैन्य कार्ड पनि

नेपाल सामरिक र रणनीतिक बदलावको बिन्दु भएकाले नै दुवै देशले रेल कूटनीतिलाई उच्चतम प्राथमिकतामा राखेको जोकोहीले अनुमान लगाउन सक्छ । चीनले त सैन्य स्रोतलाई समेत आफ्नो रेल कूटनीतिमा जोड्न थालेको छ । ६ वैशाखमा चिनियाँ रेलवे ब्युरो ग्रुपका प्रमुख कार्यकारी अधिकृत सोङ रोङ जडसहितको तीन सदस्यीय टोली र प्रधानसेनापति राजेन्द्र क्षेत्रीबीच अर्थपूर्ण भेट भयो, जसको सुइँको रक्षा र परराष्ट्र मन्त्रालयलाई समेत दिइएन । रक्षा मन्त्रालयमा त्यतिबेला प्रवक्ताको जिम्मेवारीमा रहेका सहसचिव ऋषि राजभण्डारीले उक्त भेटबारे केही पनि जानकारी नभएको बताए । "यसबारे हामीलाई जानकारी गराइएको थिएन । गराउनुपर्ने हो," उनी भन्छन्, "किन नगराएको सेनाकै प्रवक्तासँग बुझ्नुस् ।"

पछिल्लो कालखण्डमा नेपाली सेनाले कतिपय भूराजनीतिक विषयमा समेत निर्णायक भूमिका खेलेकाले चीनले उसँग सम्बन्ध बढाउन खोजेको हुन सक्छ । खासगरी ०७२ को साढे चार महिना लामो भारतीय नाकाबन्दी खुलाउन सैन्य कूटनीतिक कार्ड पनि प्रयोग भएको थियो । सेनाले कूटनीतिक भेटघाटसमेत बाक्लो बनाउँदै लगेको छ । "सैन्य कूटनीतिका नाममा सेनाले अन्तर्राष्ट्रिय सम्पर्क ह्वात्तै बढाएर लगेको छ," सामरिक मामिलाका जानकार गेजा शर्मा वाग्ले भन्छन्, "यस्तो पृष्ठभूमिमा चीनले सेनालाई नेपालको प्रमुख शक्ति मानेर विश्वासमा लिन खोजेको हुन सक्छ ।"

नेपाली सेना र भारतीय सेना परम्परागत मित्र भएकाले स्वाभाविक रूपमा नेपाली सेना भारतको नजिक रहेको ठानिन्छ । नेपालमा उत्तरी रेल आउनुलाई दक्षिणले आफ्नो सामरिक र सुरक्षाको दृष्टिकोणले समेत हेर्ने गर्छ । त्यही भएर चीनले नेपाली सेनामार्फत भारतको सामरिक स्वार्थलाई सम्बोधन गर्न खोजेको हुन सक्छ । यद्यपि, चिनियाँ रेलवे अधिकारी र प्रधानसेनापति क्षेत्रीबीच के विषयमा कुराकानी भयो भन्ने खुलाइएको छैन । जंगी अड्डाले समसामयिक विषयमा छलफल भएको अमूर्त विज्ञप्ति निकालेको छ । सैन्य प्रवक्ता सहायक रथी गोकुल भण्डारीले समेत यस विषयमा प्रस्ट पार्न चाहेनन् ।



चीन भ्रमणका क्रममा प्रधानमन्त्री केपी ओली चिनियाँ राष्ट्रपति सी जिन पीङसँग, ०७२ चैत

बार्गेनिङ कार्ड नखेलौँ

मिलन तुलाधर

हिमालपारि भएकाले कुनै बेला चीन नेपालका लागि टाढाको भन्ने धारणा थियो। भारतजस्तै साँध जोडिएको मुलुक भए पनि यही भौगोलिक सोचले नेपाल भारतसँग बढी निर्भर थियो, छ। बेलाबेला आफ्नो सार्वभौमिकता बचाउन चीन पनि छ है भनी देखाउन मात्रै नेपालले बेइजिङसँग सम्बन्ध राख्यो।

सञ्चार र प्रविधिको विकासले अब विशाल हिमाली भूबनोट चीन-नेपाल दौत्य सम्बन्धका लागि बाधक रहेन। ल्हासाजस्ता उच्च भेगमा त रेल आयो भने नेपालको सीमावर्ती केरुङमा ल्याउनु चीनका लागि सामान्य हो। अप्टिकल फाइबरमार्फत नेपाल चीनसँग जोडिइसकेको छ। सञ्चारकै कारण राजा महेन्द्रको पालामा समस्या परेको थियो। नेपाल-चीन दौत्य सम्बन्ध स्थापना हुँदाका बखत सञ्चार सेटको समस्या थियो। १ अगस्त १९५५ मा नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना हुनुभन्दा केही दिनअघि महेन्द्रले भारतस्थित चिनियाँ राजदूतलाई काठमाडौँ बोलाए। सञ्चार सेट बेलायती, भारतीयसँग मात्र थियो। एउटा राजदरबारभित्र पनि थियो। यो दौत्य सम्बन्धको सूचना चीनमा पुर्‍याउन तिनै राजदूतलाई जिम्मा दिइएको थियो। यो सूचना अरूले थाहा नपाऊन् भनेर उनलाई तीन दिनसम्म दरबारभित्रै राखियो। पहिलो दिन संयुक्त वक्तव्य निस्कियो। दोस्रो दिन चीनले नेपालका लागि राजदूत नियुक्त गरेको वक्तव्य बेइजिङबाटै दियो। तेस्रो दिन महेन्द्रसमक्ष नवनियुक्त राजदूतले ओहदाको प्रमाणपत्र बुझाए।

अहिले यातायात, सञ्चार अन्तर्देशीय सम्बन्धमा बाधक छैनन्। चीन आर्थिक रूपले शक्तिशाली मुलुक हो। यस्तो अवस्थामा चीनसँग नेपालले सम्बन्ध सुदृढ गर्न आवश्यक छ। भारत हाम्रो साझेदार हुँदै हो, चीनलाई समेत जोड्नुपर्छ।

ओलीले के गर्ने ?

पञ्चायतकालमा नेपालले ०२७ र ०४५ मा गरी दुई पटक भारतीय नाकाबन्दी सामना गर्नुपर्‍यो। त्यतिखेर राजा वीरेन्द्रले चीनसँगको सम्बन्ध बलियो बनाउन 'टास्क फोर्स' बनाएका थिए। चिनियाँ राजदूतलाई दरबारमै बोलाएर पेट्रोलियमलगायत विविध क्षेत्रमा सहयोग गर्ने सहमति भएको थियो। तर, नाकाबन्दी खुलेपछि चीनसँगका सहमति नेपालले सर्लक्क भुल्यो। नेपालप्रति चीनको अविश्वास पैदा भयो, अभर परेका बेला मात्रै हामीलाई सम्झन्छ, सहज हुँदा बिर्सिन्छ भनेर।

०७२ मा उसैगरी तेस्रोपटक नाकाबन्दी लागेपछि नेपालले फेरि उत्तरी छिमेकी सम्झियो। पारवहनलगायतका १० बुँदे सम्झौता भयो। ओलीले हस्ताक्षर गरेको उक्त सम्झौतामा दुई वर्षसम्म खासै प्रगति देखिएन। पञ्चायतमा जस्तै यतिबेला पनि हाम्रो कार्यशैली र विश्वसनीयतामाथि प्रश्न उब्जिएको छ। अब ओली भ्रमणको मुख्य काम नै नेपाल अप्ठेरोमा पर्दा मात्रै चीनको साथ खोज्दैन भनेर आश्वस्त पार्नु हुनेछ। नेपालले चीनलाई बार्गेनिङ कार्डका रूपमा मात्रै हेर्नु हुँदैन। ०७२ मा ओलीले चीनसँग समझदारी गर्दा र अहिलेको आन्तरिक र बाह्य राजनीतिक परिस्थिति फरक भएकाले धेरैमा सम्झौता कार्यान्वयनप्रति शंका नभएको होइन। तर, यो सरकारले चीन भ्रमणमा कमजोर समझदारी नगर्ला। त्यसो भयो भने भ्रमणबाट चीन आश्वस्त हुनेछ।

१० बुँदे सम्झौता त्यसबेला कामचलाउ ढंगले मात्रै भएको हो। अब त्योभन्दा अगाडि बढेर विस्तृत आयाममा जानुपर्छ। उत्तर-दक्षिण जोड्ने नाकामा हुम्लाको हिल्सा, संखुवासभाको किमाथांका छुटाउनु हुँदैन। धेरै पिछडिएको तर लाभ लिन सकिने नाका हो, हिल्सा। यो बिन्दुबाट पाकिस्तान, भारतीय केही भूभाग र चीन पुग्न सहज छ। यहाँबाट चीनको पुराङ (ताक्लाकोट) आधा घन्टामा पुगिन्छ। त्यसको ४५ मिनेटमा पर्यटकीय केन्द्र मानसरोवर पुगिन्छ। यो बाटो खोलेमा हाम्रो व्यापार बढ्छ। किमाथांकाबाट भारतको कोलकाता र चीनको सिगात्सेजस्ता व्यापारिक सहर नजिक पर्छन्।

अर्को कुरा, चीनमा कामदारको ज्याला महँगो भइसक्यो। नेपालमा विशेष आर्थिक क्षेत्रको कुरा उठेको धेरै भयो। यसलाई पुनः ब्युँताएर यहाँ चिनियाँ उद्योग, कारखाना खोल्न सकिन्छ। किनभने, तुलनात्मक रूपमा यहाँ मजदुर खर्च कम हुन सक्छ। भियतनामले चिनियाँ कारखाना खोलेर विकास गरेको हो। अहिले उनीहरू आफ्ना लागि चीन नचाहिने हैसियतमा पुगिसके। पञ्चायत र गणतन्त्रकालीन नाकाबन्दीबीचको अवस्था धेरै फरक छ। त्यतिबेला चीन यति शक्तिशाली थिएन। चीन कम शक्तिशाली हुँदा नेपाललाई बढ्तै महत्त्व दिन्थ्यो। चिनियाँ पक्षले त्यसबेला नेपाल आएर राजा वीरेन्द्रसँग बारम्बार भेटी नेपाललाई विश्वका लागि 'विन्डो'का रूपमा प्रयोग गर्न खोजेको थियो। अहिले त बाहिरी विश्वसँग सम्बन्ध राख्न ऊसँग थुप्रै विकल्प छन्। बाँकी विश्वसँग चीनले सम्बन्ध राम्रो बनाउँदै पनि लगेको छ।

आवश्यकता : स्वीस मोडल

आफ्नो विकास गर्न आर्थिक सहायता चाहिने भएकाले नै भारतले चीनसँग सम्बन्ध राखेको हो। चीन ठूलो आर्थिक शक्ति भएकाले हामी पनि ऊसँग जोडिनु परेको छ। हिजो हामीलाई युरोप, अमेरिकाले केही मात्रामा भए पनि आर्थिक सहयोग गर्थे। अहिले युरोपको आफ्नै हालत खराब छ। अमेरिकाको नीति नै 'पहिले आफ्नै मुलुकभित्र हेर' भन्ने हो। पर्याप्त लगानीको सामर्थ्य भएकाले अब हाम्रा लागि चीन भरपर्दो साझेदार हो। कस्तो किसिमको लगानी कुन सर्तमा स्वीकार्ने भन्नेचाहिँ हामीले जाँच्नुपर्छ। आफ्नो सार्वभौमिकतालाई जोगाएर ऋण वा अन्य सहयोग लिने हो, जोसँग पनि। नेपालको आर्थिक विकास अगाडि बढाउने हो भने दुवै मुलुकलाई फाइदा हुने क्षेत्रको खोजी यहीँनेर गरिनुपर्छ। राष्ट्रिय स्वार्थलाई लाभदायी बनाउने गरी कसरी सहकार्य गर्ने भन्ने हाम्रो चिन्तन हुनुपर्छ। हामीले जम्मै ऋण तिर्न सक्ने सामर्थ्य पनि राख्दैनौं।

वाम र स्थिर सरकारजस्ता कुराले चीन र नेपाललाई सहकार्य गर्न केही सहज बनाउला नै। यद्यपि, उनीहरूले आफ्नो राष्ट्रिय स्वार्थ नै हेर्ने हो। यसअघि कांग्रेस नेतृत्वको सरकारले पनि चीनसँग सम्बन्ध सुधार गर्नुपर्छ भनेकै हो। किनभने, चीनसँगको सम्बन्ध हाम्रो मुलुकको सार्वभौमिकतासँग जोडिएको छ। एउटा देशमा मात्र भर पर्नु हुँदैन भन्ने पाठ इतिहासमा हामीले धेरैचोटि पढिसक्यौं। नेपाल आउने भनिएको रेलवे अन्ततः भारतसम्मै बिस्तार हुने हो। लाओससम्म पुगेको रेल चिनियाँले बर्मा हुँदै सामुद्रिक रुटमा जोड्दैछन्। नेपालबाट पनि सामुद्रिक मार्ग छुटे कोलकातासम्मै पुग्छ। कनेक्टिभिटीको कुरा स्वाभाविक हो।

> **ओली भ्रमणको मुख्य काम नै नेपाल अप्ठेरोमा पर्दा मात्रै चीनको साथ खोज्दैन भनेर आश्वस्त पार्नु हुनेछ। नेपालले चीनलाई बार्गेनिङ कार्डका रूपमा मात्रै हेर्नु हुँदैन।**

यहाँनेर हामीले बुझ्नुपर्छ कि नेपालको बजार पनि सानो होइन। ६/७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य आफैंमा नराम्रो छैन। ३ करोड जनसंख्या सानो होइन। १७ लाखजति मात्रै जनसंख्या भएको स्वीट्जरल्यान्डबाट हामीले पाठ सिक्नुपर्छ। इटाली, फ्रान्स र जर्मनीबीचको व्यापार स्वीट्जरल्यान्डमार्फत हुन्छ। स्वीट्जरल्यान्डका ढुवानी कम्पनी र रेलवे छन्। ढुवानी कर उठाएर उसले कमाउँछ। चीन र भारतबीच नेपाल यस्तै सेतु बन्ने सम्भावना छ। चीनसँगको व्यापार घाटा भारतमा बढिरहेको छ। त्यो घटाउन पनि नेपालको बाटो भएर भारतले चीनमा निर्यात बढाउन सक्छ। सके त आफ्नै उत्पादन राम्रो। नसकुन्जेल त्यसरी पनि चलाउन सकिन्छ।

अर्को कुरा, स्वीस घडी र चकलेट संसारभर महँगोमा बिक्छ। उच्च मूल्यका सामान बनाएर बाहिर पठाएकाले उसको आर्थिक हैसियत बलियो बन्यो। चीन, भारतजस्ता विशाल आर्थिक शक्ति भएका मुलुकको बीचमा अवस्थित नेपालले उच्च मूल्यका सामान बेचेर कमाउन सक्छ। नेपालले यस्तो चलाखी देखाउने हो भने ठूला अर्थतन्त्र भएका दुई छिमेकीको बीचमा रहेर आफ्नो आर्थिक जग बलियो बनाउन सक्छ। नेपाली जडिबुटी त्यस्ता वस्तु बन्न सक्छन्। हाम्रो तयारी त्यतातिर हुनुपर्छ।

चीनमा बौद्धसम्बन्धी सामानको ठूलो बजार छ। बौद्ध मुलुक चीनको पार्टी र सरकार दुवैले इसाईकरणको प्रतिवाद गर्न बौद्ध सामग्रीको प्रवर्द्धन जोडतोडले गरिरहेका छन्। चीनको माग धान्न 'मास प्रोडक्सन' गर्नैपर्छ। अर्को कुरा, तिब्बतमा आउने पर्यटकमध्ये १० प्रतिशत मात्रै नेपाल ल्याउने हो भने हाम्रा लागि छेलोखेलो हुन्छ। वार्षिक एक करोडभन्दा बढीले तिब्बत भ्रमण गर्छन्।

नेपालको मार्गचित्र

चीनसँगको नेपाली हिमचिमलाई लिएर भारतको धेरथोर आपत्ति छ। यहाँ चीनको भन्दा आफ्नो प्रभाव कायम रहोस् भनेर भारत जहिल्यै ठूला परियोजना आफैं बनाउने नाममा अल्झाइरहन चाहन्छ, पहिल्यैदेखि। अहिले चीनले पनि त्यही मनसायले नेपालका परियोजनामा हात हालेको हो भने त्यो दुर्भाग्य मान्नुपर्छ। हामीले दुवैलाई सन्तुलनमा राखेर लैजाने हो। हामीले अडानमा रहेर आफ्नो आर्थिक शक्ति बढाउन सक्यौं भने अन्ततः दुवै मुलुक नेपालमार्फत सम्बन्ध बिस्तारको खोजीमा आउनेछन्।

तिब्बतमा नुन, सुन, युरेनियमको खानी छ। भूमिको तुलनामा जनसंख्या कम भएकाले चिनियाँहरूले यो स्रोत भरपूर उपयोग गरेकै छैनन्। भारतसम्म बजार बिस्तार भएमा चीनले यी उत्पादन बढाउँछ। त्यतिखेर नेपालको बाटो छोटो र प्रभावकारी हुने कुरा दुवै मुलुकलाई हामीले बुझाउनुपर्छ। यस्ता उत्पादन बढाउन तिब्बतमा विद्युत् आवश्यक पर्नेछ। चीनको मुख्य भूमिबाट भन्दा बिजुली तिब्बत पुऱ्याउन नेपालबाट छोटो पर्छ। त्यसैले नेपालको विद्युत् तिब्बतमा खपत हुने सम्भावना उच्च छ। हामीले प्रतिस्पर्धात्मक मूल्य नियम अनुसार बिजुली बेच्ने तयारी गर्न सक्छौं। कोइला र परमाणु ऊर्जाभन्दा बिजुली धेरै राम्रो हो। कोइलाले वातावरण खराब बनाउँछ। परमाणु ऊर्जा त एकदमै ध्वंसात्मक भइहाल्यो। परमाणु ऊर्जा जापान, जर्मनीलगायतले हटाइसके। बिस्तारै विश्व यही बाटोमा जानुपर्नेछ। त्यतिखेर विकल्प भनेको हाइड्रो हुनेछ। अब हाइड्रोको महत्त्व देखाउने हो, हामीले।

चीन आफैं भारतसँग सम्बन्ध राम्रो बनाउन खोजिरहेकाले भारतसँग नेपालको सम्बन्ध राम्रो हुनुलाई अन्यथा लिँदैन। तर, यहाँनेर हिन्दुस्तानको परम्परागत विचार बदलिइनुपर्छ। ऊ आफूचाहिँ चीनसँग राम्रो सम्बन्ध राख्ने, नेपालले हातेमालो गर्दा आफ्नो प्रभाव क्षेत्रबाट फुत्केला कि भन्ने मानसिकता परिवर्तन हुनुपर्छ। स्वतन्त्र मुलुक भएकाले चीनसँग नेपालले राखेको सम्बन्धप्रति भारत खुसी छ भनेर औपचारिक रूपमा भनिरहेकै छ। तर, चीनको काखमा नेपाल नपुगोस् भन्ने भयका कारण उसले दबाब दिनुपर्ने ठाउँमा दिइरहेकै छ। यस्तो बेला हामीले आफ्नो स्वार्थ हेर्ने हो।

अन्तर्राष्ट्रिय राजनीतिमा शंकाको घेरा जहिल्यै हुन्छ नै। जस्तो कि भर्खरै उत्तर कोरियाले अमेरिकासँग सम्पर्क बढाएपछि जापानले अमेरिकालाई शंकाको घेरामा राखेको छ। हामीले भारतसँग सम्बन्ध बढाउँदै लग्यौं भने चीन सतर्क हुने र चीनसँग सम्बन्ध सुदृढ बनाउन खोज्दा भारत सशंकित हुने परिपाटी थियो, छ र हुनेछ। जहाँसुकै पनि हुन्छ। यहींनेर हामीले राष्ट्रिय स्वार्थ बचाएर कूटनीतिक चातुर्य प्रदर्शन गर्नुपर्छ। ◆

(कूटनीतिवेत्ता तुलाधर तत्कालीन प्रधानमन्त्री झलनाथ खनालका परराष्ट्र मामिला सल्लाहकार थिए।)

इच्छाशक्ति देखाउने अवसर

■ रूपक सापकोटा

इतिहासकारको लेखाइलाई पत्याउने हो भने, पृथ्वीनारायण शाह नेतृत्वको गोर्खा राज्यको नेपाल एकीकरणको मूल उद्देश्य भारत र तिब्बतबीचको व्यापारिक मार्गलाई पूर्ण रूपमा आफ्नो अधीनमा ल्याउन अभिप्रेरित थियो । त्यतिबेला ठूला-ठूला लडाइँबाट स्थापित एकीकृत नेपालको आर्थिक स्थिति त्यति सबल थिएन । अनि, एकीकरणपछि पनि तिब्बतसँगको व्यापार र आर्थिक सम्बन्ध सोचेजस्तो हुन सकेन, अझ भनौँ नेपालले अपेक्षित आर्थिक लाभ हासिल गर्न सकेन । फलस्वरूप सन् १७८८ मा नेपालले लामो समयदेखि विद्यमान आर्थिक जटिलतालाई मुख्य मुद्दा बनाएर तिब्बतमाथि हमला बोल्यो ।

यस आलेखको अभिप्राय युद्ध वा लडाइँको पक्षपोषण गर्नु होइन । सन्दर्भ र परिवेश एकै नभए पनि, २ सय ३० वर्षपछि अर्थात् आजको नेपालले पुनः एक पटक उच्च दृढ इच्छाशक्तिका साथ उत्तर छिमेकी चीनसँग आर्थिक सहकार्य र साझेदारी गर्न हिम्मत देखाउनुपर्ने समय आएको छ। नेपालका लागि चीनसँगको आर्थिक सम्बन्ध विस्तारको महत्त्व असाधारण रूपमा बढेर गएको छ। यतिबेलाको उदीयमान वैभवशाली चीनसँग आर्थिक सहकार्य गर्नु भनेको सात दशकदेखि अपूरो रहँदै आएको नेपाली अर्थतन्त्रको विश्वव्यापीकरणको प्रक्रियालाई सार्थक दिशानिर्देश गर्नु हुनेछ ।

पछिल्लो सात दशकको अनुभवका आधारमा भन्ने हो भने नेपालको पूर्वाधार विकास र लगानीका लागि अमेरिका एवं अन्य कुनै पश्चिमा मुलुकको आशा गर्नु सर्वथा व्यर्थ हुन्छ। यस अवधिमा पश्चिमा मुलुकबाट नेपालको पूर्वाधार लगानीमा भित्रिएको पुँजी नगन्य रहन गयो। एक, नेपालको पूर्वाधार विकास उनीहरूको प्राथमिकतामा पर्दै परेन । दोस्रो, उनीहरूको आर्थिक सहयोगको प्राथमिकता मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य-मान्यताको प्रवर्द्धन, महिला, जनजाति, अल्पसंख्यक समुदायको सशक्तीकरण आदिजस्ता मुद्दामा केन्द्रित रह्यो, जसका आधारमा निकट भविष्यमा उनीहरूबाट ठूलो मात्रामा वैदेशिक लगानी र सहयोग भित्रने कुरा असम्भव प्रायः छ। अझ सन् २००८ पछिको आर्थिक संकटपछि त पश्चिमा मुलुकहरूले नेपाललाई उपलब्ध गराउँदै आएको सहयोगमा समेत व्यापक कटौती गर्दै आएका छन् ।

नेपालको पूर्वाधार विकास र लगानीमा मुख्य योगदान पुऱ्याउने भनेका दुई ठूला छिमेकी नै हुन् । विश्व अर्थतन्त्रमा उदीयमान निकट छिमेकी चीन र भारतको दुईपक्षीय राजनीतिक सम्बन्ध जति समस्याग्रस्त छ, त्यसका विपरीत आर्थिक सम्बन्धमा उति नै परस्पर निर्भरताको स्थिति बढ्दै गइरहेको छ। उदाहरणका लागि, दुईपक्षीय व्यापार आँकडाका आधारमा चीन भारतको सबैभन्दा ठूलो आर्थिक साझेदार मुलुक हो। विद्यमान आर्थिक विकास र लगानी सामर्थ्यका आधारमा हेर्दा यिनीहरू नेपालको आर्थिक विकास र समृद्धिको मूल एजेन्डामा सजिलै सहयोग गर्न सक्ने सामर्थ्य राख्छन् ।

तर, के चीन र भारत दुवै देशका नीति निर्माताहरू अन्तःस्करणबाट नै नेपालको विकास र समृद्धि चाहन्छन् त ? यी दुवै देशका नेताहरूले बेलाबेलामा दिने गरेका अभिव्यक्ति सुन्दा लाग्छ, समृद्ध र विकसित नेपालले मात्र उनीहरूको रणनीतिक चासोलाई सही सम्बोधन गर्छ। यदि दुवै छिमेकी समृद्ध र विकसित नेपालले उनीहरूको रणनीतिक चासोको सम्बोधन गर्ने सामर्थ्य राख्ने ठान्छन् भने नेपालले चीन वा भारत जोसुकैसँग नेपालको पूर्वाधार विकासका लागि गर्ने सम्झौताबाट कुनै एक पक्ष तर्सिनु वा सशंकित हुनुपर्दैन।

काठमाडौँको बौद्धिक जमात छिमेकीले नेपाललाई कति महत्त्व दिने गरेका छन् भनेर तुलानात्मक बहस गर्न रुचाउँछ। अन्तर्राष्ट्रिय राजनीतिक परिभाषामा 'रणनीतिक मुलुक' मान्नु र 'रणनीतिक मुद्दामा महत्त्व राख्ने मुलुक' मान्नु दुई अलग अवधारणा हुन् । पंक्तिकारको बुझाइमा, नेपाल दुवै देशका लागि रणनीतिक साझेदार मुलुक होइन। चीन र भारत दुवैले नेपाललाई रणनीतिक मुलुकका रूपमा नभई, आफ्ना रणनीतिक मुद्दाको कार्यसूचीमा नेपालसँगको सम्बन्धलाई विशेष महत्त्व दिने गरेको पाइन्छ ।

बहसको अर्को पाटो, के नेपालको छिमेक नीतिले निकटतम चीन र भारतको बदलिँदो आर्थिक सामर्थ्य पहिचान गरी सोही अनुरूप नेपालको विकास र समृद्धिलाई टेवा पुग्न सक्ने गरी उनीहरूबाट आर्थिक सहयोग र लगानी आकर्षित गर्न सकेको छ त ?

छिमेक नीतिको बहस

पछिल्लो दशक विश्व राजनीतिमा छिमेकीलाई विशेष महत्त्व दिने सोच क्रमशः हावी हुँदै आएको छ। हाम्रा निकटतम छिमेकी चीन र भारतले पनि छिमेकीलाई प्राथमिकतामा राख्ने नीतिलाई महत्त्व दिएका छन्। जस्तो, चिनियाँ राष्ट्रपति सी जिनपिङले सत्ता सम्हालेपछि छिमेकीसँगको सम्बन्धलाई सुमधुर बनाउन 'पेरिफेरियल पोलिसी' अगाडि सारेका छन्, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सत्तारोहणसँगै 'छिमेक प्रथम नीति' अवलम्बन गर्दै आएका छन्। भारतले छिमेक प्रथम नीतिलाई बढावा दिन बिमिस्टेक र बीबीआईएनजस्ता क्षेत्रीय एवं उपक्षेत्रीय संरचनाका माध्यमबाट कनेक्टिभिटी र आर्थिक सहकार्य बढाउनुले यसलाई थप पुष्टि गरेको छ।

नेपालको छिमेक नीतिमा प्रशस्त विरोधाभास छन्। नेपाल-भारत सम्बन्धमा चीनलाई प्रायशः छुट्याएर हेरिन्छ, जुन मूल भारतीय मान्यतामा आधारित छ। भारतका लागि नेपालमा आफ्नो अविछिन्न प्रभुत्व कायम राखिराख्न यस प्रकारको विश्लेषणबाट नेपालका 'परराष्ट्रविज्ञ-विश्लेषक'हरू पनि धेरै हदसम्म प्रभावित भएर बहकिएको पाइन्छ। नेपालको छिमेक नीतिभित्र भारत र चीन दुवै एक्टर हुन् भन्दा अतिशयोक्ति नहोला। नेपाल-भारत र नेपाल-चीन सम्बन्धका आ-आफ्नै ऐतिहासिक विशेषता छन्, जसलाई नेपालले आफ्ना छिमेक नीतिका आधारमा विवेचना गर्नुपर्छ।

नेपालको चीन र भारत दुवैसँग अलग र स्वतन्त्र तवरबाट दुईपक्षीय सम्बन्ध विकास हुँदै आएको छ। तर, कुनै विशेष सन्दर्भ र परिस्थितिमा नेपालले चीनसँग सघन सहकार्य गर्दा भारत सशंकित हुने र अर्को कुनै परिस्थितिमा नेपाल र भारतका बीचमा बाक्लो सान्निध्य र सहकार्य आदान-प्रदान हुँदा चीन तरंगित हुने गरेको अनुभूति नेपालसँग छ। नेपालको अमूक मुलुकसँगको द्विपक्षीय सम्बन्धप्रति अर्को छिमेकी सशंकित र केही हदसम्म प्रतिक्रियात्मक हुने गरेको दृष्टान्त छन्। यस सनातन विरासतको अन्त कसरी गर्न सकिन्छ भन्ने हाम्रो छिमेक नीतिको अहम् विषय हो।

> उदीयमान वैभवशाली चीनसँग आर्थिक सहकार्य गर्नु भनेको सात दशकदेखि अपूरो रहँदै आएको नेपाली अर्थतन्त्रको विश्वव्यापीकरणको प्रक्रियालाई सार्थक दिशानिर्देश गर्नु हुनेछ।

चीन, भारत र नेपालबीचको सम्बन्ध मूलतः द्विपक्षीय सम्बन्धका रूपमा मात्रै संकुचन हुँदै आएको छ। चीन, भारत र नेपाल सम्बन्धलाई द्विपक्षीयका अलावा त्रिपक्षीय र बहुपक्षीय सम्बन्धमा विकास गर्न सके परस्पर अविश्वास र आशंका कम गर्न सकिन्छ। नेपालले राख्दै आएको चीन-भारत-नेपाल त्रिदेशीय सहकार्यको प्रस्तावलाई यही पृष्ठभूमिका आधारमा हेरिनुपर्छ।

विभिन्न कालखण्डमा फरक राजनीतिक नेतृत्वले छिमेक नीति सञ्चालनमा अवलम्बन गरेका विविध स्वरूपले नेपालको छिमेक नीतिलाई प्रभाव पार्ने गरेको छ। नेतृत्वले सबैभन्दा पहिला राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितलाई सर्वोपरि राखेर छिमेक नीति अगाडि बढाउनुपर्छ। यसको मतलब राष्ट्रिय सुरक्षा र राष्ट्रिय हित नजरअन्दाज हुने गरी छिमेकीका चासो सम्बोधन गर्ने नीति अवलम्बन गरिनु हुँदैन। छिमेकीको चासो सम्बोधन गर्दै गर्दा त्यसले हाम्रो राष्ट्रिय स्वार्थलाई कति टेवा पुर्‍याइरहेको छ भन्ने ख्याल गर्नुपर्छ। हुन त, हरेक देशले आफ्ना छिमेकी मुलुकसँगको सम्बन्धलाई हेर्न अलग्गै छिमेक नीति तर्जुमा गरेका हुन्छन्। हाम्रो समग्र राष्ट्रिय सुरक्षा र परराष्ट्र नीति सञ्चालनमा छिमेकीसँगको सम्बन्धलाई प्रधान आधार मानेर अलग्गै छिमेक नीति तर्जुमा गर्न विलम्ब भएको छ, जसलाई निकटतम छिमेक नीतिको मार्गचित्र र व्याख्याद्वारा समृद्ध गर्दै लैजान सकिन्छ।

बदलिँदो भूअर्थराजनीति

दुई ठूला र शक्तिशाली मुलुकबीचको भूअर्थराजनीतिमा कनेक्टिभिटी महत्त्वपूर्ण पक्ष हुन थालेको छ। यही कारण केही वर्षयता ठूला एवं शक्तिशाली राष्ट्रहरूले अगाडि सारेका कनेक्टिभिटीका परियोजना र मुद्दा भूराजनीतिको नयाँ रंगमञ्चमा परिणत हुन थालेका छन्। अमेरिकाले उसका सहयोगी मुलुकका साथ अगाडि सारेको इन्डो प्यासिफिक रणनीति अथवा चीनले अगाडि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) दुवै यसका उदाहरण हुन्।

ठूला र शक्तिशाली मुलुकले आफ्नो पेरिफेरियल एवं छिमेक नीतिमा कनेक्टिभिटीलाई बढावा दिने नीति अख्तियार गरेका छन्। यससँगै भूराजनीतिक द्वन्द्वका झिल्का पनि देखिन थालेका छन्। गत वर्ष चीन र भारतबीच ७२ दिनसम्म चलेको डोक्लाम प्रकरण पनि कनेक्टिभिटी बिस्तारको सवालबाट सुरु भएको थियो। चीन र भारतबीचको पछिल्लो तनाव भनेको मूलतः बीआरआईको फ्रेमवर्कभित्र अगाडि बढाइएको चीन-पाकिस्तान आर्थिक करिडोर विवादास्पद कास्मिर हुँदै जाने भन्दै भारतले आपत्ति जनाउँदै आएको छ।

यद्यपि, केही महिनाअघि चीनको उहान सहरमा चीन र भारतका शीर्ष नेताबीच भएको संवादले अविश्वास कम गर्ने प्रयत्न भएका छन्। त्यसपछिका विभिन्न राजनीतिक एवं बौद्धिक मञ्चमा चीन र भारतबीच सहकार्यका विषयमा समेत छलफल हुन थालेको छ। हालै सम्पन्न सांघाई को-अपरेसन अर्गनाइजेसनको शिखर सम्मेलनको मञ्चबाट दुवै देशले पूर्वाधार विकास र कनेक्टिभिटीका मुद्दामा छिमेकी मुलुकसँग सहकार्य गरिने अभिव्यक्ति दिएका छन्। चीन-भारतबीच विद्यमान सीमा विवाद र राजनीतिक अविश्वासका कारण निकट भविष्यमा यी दुई देशबीच सीधा कनेक्टिभिटीका परियोजना अगाडि बढ्ने सम्भावना भने न्यून छ। तर, यसका बाबजुद दुवैले आ-आफ्ना छिमेकीसँग कनेक्टिभिटी र पूर्वाधार विकास परियोजनामा सहकार्य गर्ने सम्भावना बलियो बन्दै गएको छ। यस स्थितिमा नेपालले दुवै छिमेकीसँग कनेक्टिभिटी र पूर्वाधार निर्माणका मुद्दामा सहकार्य गर्न जोड दिनुपर्छ।

डेबिट ट्र्यापको वास्तविकता

बीआरआईमा सहभागी भएपछि नेपालको राजनीतिक, बौद्धिक जगत्मा नेपाल डेबिट ट्र्यापको चंगुलमा पर्न सक्ने भविष्यवाणी गर्न थालिएको छ। केहीले स्वाभाविक चिन्ताका साथ उक्त विषयलाई उठाएका छन् भने केही तर्क बीआरआईको विपक्षमा उभिएको भारत र उसका बुद्धिजीवीले दिएका अभिव्यक्तिबाट प्रभावित भएर बहस गरिएको पाइन्छ। चीनबाट लिइने आर्थिक सहयोगले पार्न

सक्ने दूरगामी नकारात्मक प्रभावका बारेमा सचेत हुन जरुरी छ। तर, यतिबेला अर्थराजनीतिक मुद्दाको पहिलो प्राथमिकता भनेको नेपालको अमूक मुलुकमाथिको निर्भरता तोड्नु र नेपाली अर्थतन्त्रको विश्वव्यापीकरणको प्रक्रियालाई अझ सघन बनाउनु हुनेछ।

भारतीय निर्भरता कम गर्ने नेपाली अर्थतन्त्रको मुद्दा बौद्धिक विलास गर्ने विषयमा मात्र सीमित हुनु हुँदैन, बरु भारतप्रतिको निर्भरता कम गर्ने दिशामा सार्थक पहल थाल्न जरुरी छ। ताकि, भारतले अर्को आर्थिक नाकाबन्दी लगाउन नसक्ने स्थितिको सिर्जना गर्न सकियोस्। तसर्थ, बीआरआईले नेपाललाई डेब ट्र्याप होइन, नेपाललाई चीन र दक्षिण एसिया जोडने गतिशील पुलका रूपमा विकास गर्ने महत्त्वपूर्ण कडीको काम गर्नेछ।

नेपाल र चीनबीच बीआरआइ फ्रेमवर्कभित्र गरिने लगानी र सहयोगको मोडालिटीमा छलफल हुन जरुरी छ। बीआरआईको फ्रेमवर्कभित्र रहेर नेपालले चीनसँग कस्ता प्रकृतिका आर्थिक सहकार्यका परियोजनालाई अगाडि बढाउन चाहेको छ भन्नेमा द्विविधा देखिन्छ। नेपालले आर्थिक विकास र समृद्धिलाई आर्थिक कूटनीतिको अमूर्त नाराभित्र बन्धक बनाइनु हुँदैन।

नेपालको उत्तरी सीमा क्षेत्रमा अवस्थित अनकन्टार पहाड छिचोलेर विकासको मूल फुटाउन कुनै पश्चिमा मुलुक त के भारत पनि इच्छुक छैन। बरु पश्चिमाहरूले नेपाल-चीन सीमावर्ती क्षेत्रमा सुरु हुने थालेका पूर्वाधार विकासले पार्ने वातावरणीय प्रभावका सम्बन्धमा आवश्यकताभन्दा बढी सरोकार राख्न थालेका छन्। चीनको आर्थिक सहयोग र सहकार्यलाई नेपाल-चीनबीचको सीमावर्ती क्षेत्रको पूर्वाधार निर्माण, कनेक्टिभिटी र विशेष आर्थिक क्षेत्र विकासमा लगाउनु सान्दर्भिक हुन्छ। ताकि, यसबाट कुशल प्राविधिक जनशक्ति उत्पादन र विकास, रोजगारी सिर्जना र पर्यटन प्रवर्द्धनमा उल्लेख्य टेवा पुऱ्याउन सकियोस्। तसर्थ, प्रस्तावित केरुङ-काठमाडौँ-लुम्बिनी रेलमार्गलाई बीआरआईको फ्रेमवर्कभित्र नेपाल-चीन आर्थिक सहकार्यका लागि 'फ्ल्यागसिप प्रोजेक्ट'का रूपमा अगाडि बढाउनुपर्छ।

नयाँ संविधान निर्माणपछि नेपाल संघीय संरचनामा प्रवेश गरी तीनै तहका निर्वाचनसमेत सम्पन्न भइसकेका छन्। दुई वाम पार्टीको एकताको पृष्ठभूमिमा गठित अहिलेको सरकार नेपालको ७० वर्षको इतिहासमा सबैभन्दा बलियो र शक्तिशाली छ। यसर्थ, सरकारले तय गरेको आर्थिक विकास र समृद्धिको मूल एजेन्डामा निकटतम छिमेकी चीन र भारतको बदलिँदो आर्थिक सामर्थ्यलाई पहिचान गरी आर्थिक सहयोग र लगानी आकर्षित गर्न सक्छ/सक्दैन भन्नेमा नेपालको कूटनीतिक क्षमताको परीक्षण भइरहेको छ।

> **"चीन र भारतको बदलिँदो आर्थिक सामर्थ्यलाई पहिचान गरी आर्थिक सहयोग र लगानी आकर्षित गर्न सक्छ/सक्दैन भन्नेमा नेपालको कूटनीतिक क्षमताको परीक्षण भइरहेको छ।"**

प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा उनको अघिल्लो कार्यकालमा भएका चीनसँगको पारवहनलगायतका सम्झौता कार्यान्वयन तहमा लैजान पर्ने जिम्मेवारी छ। यसका साथै नेपालले बीआरआईको फ्रेमवर्कभित्र अगाडि बढाउन चाहेका परियोजनाको मार्गचित्र तय गर्नुपर्नेछ। पछिल्ला वर्षमा चीनले नेपालमा ठूलो परिमाणमा आर्थिक लगानी बढाउन चाहेको कुरा लुकेको विषय होइन। तर, पछिल्लो समय चिनियाँ लगानीलाई लिएर नेपालका तर्फबाट विरोधाभास अभिव्यक्ति सार्वजनिक भएका छन्। तसर्थ, नेपालका तर्फबाट यस्ता आशंका निवारण गर्दै चिनियाँ लगानीका लागि थप सहजीकरण गर्न तयार रहेको आश्वस्त पार्नुपर्ने दायित्व पनि थपिएको छ।

प्रधानमन्त्रीको आसन्न भ्रमणको अर्को एक उल्लेखनीय पक्ष भनेको छिमेकी मुलुक चीनका राष्ट्रपति सी जिनपिङ नेपाल भ्रमणमा आउने वातावरण तयार छ भन्ने सन्देश दिनु पनि हुनेछ। छिमेकी हुनुको नाताले चीनले नेपालको पछिल्लो परिवर्तनलाई नजिकबाट नियालिरहेको छ। नेपाल क्रमशः राजनीतिक स्थिरतातर्फ अग्रसर हुँदै जाँदा चीन नेपालको वर्तमान नेतृत्वसँग मजबुत सम्बन्ध बनाउन उत्साहित देखिन्छ।

सी जिनपिङ नेतृत्वमा आएपछि चीनले वकालत गर्दै आएको वैकल्पिक विश्व अर्थव्यवस्था निर्माण प्रक्रियामा नेपाललाई सम्भावित आर्थिक साझेदारका रूपमा हेर्ने गरेको छ। सोही अनुरूप चीनको पहलमा अगाडि बढाइएका बीआरआई, एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआईआईबी), सांघाई को-अपरेसन अर्गनाइजेसन (एससीओ)जस्ता गैर-पश्चिमा संस्थामा नेपाललाई सहभागिता गराउने र क्रमशः भूमिका पनि विस्तार गर्दै लगेको छ। के नेपाल चीनको आर्थिक साझेदार मुलुक हुन तयार छ? ◆

(लेखक बेइजिङस्थित रनमिन युनिभर्सिटी अफ चाइनाबाट अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्दैछन्।)

ट्वीटर @RupakSapkota

www.civilbank.com.np
facebook.com/civilbankltd
रात दिन गरी आर्जित रकमलाई
सर्वाधिक प्रतिफल
CIVIL
चन्द्र सूर्य
बचत खाता
१०%
वार्षिक ब्याजदर*
न्यूनतम मौज्दात रु १०,०००
*शर्तहरु लागु हुनेछन् ।
समृद्धिको लागि सिभिल बैंक
साथै २२२ दिने व्यक्तिगत/गैर संस्थागत मुद्दती खातामा
१२.२२%*
वार्षिक ब्याजदर
थप जानकारीका लागि नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोला।
CIVIL BANK
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

आउलान् चिनियाँ बैंक ?

दक्षिण एसियाका बैंक नेपाल आए पनि चिनियाँ चासो कम

तस्बिर : रोयटर्स

विजयराज खनाल

पहिलो पटक प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओली चीन पुग्दा १० वटा सम्झौता भए चैत ०७२ मा । त्यसमध्येको एक थियो, बैंक नियामक आयोगसम्बन्धी सम्झौता ।

नेपाल र चीनबीच अन्तरदेशीय बैंक सुपरीवेक्षणका लागि सूचना आदान-प्रदान गर्ने सम्झौता भए पनि यसलाई नेपालमा भने चिनियाँ बैंकको आगमनकै रूपमै प्रचार गरियो । बैंकिङ सुपरीवेक्षणसँग सम्बन्धित विश्वस्तरीय बासेल कमिटीको प्रावधान अनुसार सीमापार बैंक वा शाखा सञ्चालन गर्दा दुवै देशले यस्तो सम्झौता गर्नुपर्छ ।

दुई वर्ष बितिसक्दा पनि सम्झौता अनुसारको उपलब्धि भएको छैन । अघिल्लो सम्झौता कार्यान्वयनको मूल एजेन्डा बोकेर चीन भ्रमणमा जान लागेका ओलीको एजेन्डामा यो अटाएको छैन । यसले नेपालमा चिनियाँ बैंकिङ प्रणाली मृगतृष्णा बन्ने पक्कापक्की छ । यस सम्झौताले कुनै पनि विदेशी बैंक आउन चाहे बाटो खुला गर्ने हो । "चीनमा शाखा वा बैंक खोल्ने हैसियतमा नेपाली बैंकहरू देखिएका छैनन् । चिनियाँ बैंकलाई आउन आग्रह गरिरहेका छौँ," नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी भन्छन् ।

कम चासो

२४ असार ०४१ मा नेपाल अरब बैंक नेपालमा विदेशी लगानी भएको बैंकको रूपमा स्थापना भएको थियो, जो नबिल बैंकको नाममा परिचित छ । नेपालमा विदेशी लगानीमा सञ्चालित सात वटा वाणिज्य बैंक संयुक्त लगानी ढाँचामा छन् । व्यापार सहजीकरणका लागि दक्षिण एसियाका पाकिस्तान, भारत, बंगलादेश र श्रीलंकाको लगानीमा नेपालमा बैंक खुलेका छन् । "उदारीकरणपछि दक्षिण एसियाका धेरै बैंक नेपालमा आए । तर, चीनले किन प्राथमिकतामा राखेन भन्न गाह्रो छ," राष्ट्र बैंकका कार्यकारी निर्देशक नरबहादुर थापा भन्छन् ।

विश्व परिवेश हेर्ने हो भने ठूला बैंकहरूले नै विदेश ताक्ने गरेका छन् । विश्वको उदीयमान मुलुकका रूपमा चित्रित भारततर्फ बढ्दो व्यापार र लगानीकै कारण त्यहाँ भने चिनियाँ बैंकहरूको उपस्थिति बढ्न थालेको छ । सन् २०११ मा भारतमा चिनियाँ बैंकको पहिलो शाखा खुलेको थियो । इन्डस्ट्रियल एन्ड कमर्सियल बैंक अफ चाइनाले शाखा खोलेको सात वर्षपछि सरकारी लगानीको चौथो ठूलो वित्तीय संस्था 'बैंक अफ चाइना'को शाखा भारतमा खोल्ने तयारी छ ।

नेपालमा पछिल्लो समय चीनबाट आउने प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धि भइरहे पनि एक खर्ब रुपियाँ पनि नाघेको छैन । आर्थिक सर्वेक्षण ०७४/७५ अनुसार हाल चीन (हङकङसहित) बाट नेपालतर्फ प्रत्यक्ष वैदेशिक लगानीमा १ हजार २ सय ६२ उद्योग- व्यवसाय सञ्चालनमा छन् । ६१ लाखलाई रोजगारी दिइरहेको अनुमान गरिएको यस्ता व्यवसायमा ९० अर्ब ७४ करोड रुपियाँ लगानी छ । चीनले गरेको कुल बाह्य प्रत्यक्ष लगानी अनुपातमा यो एक प्रतिशत पनि होइन । सन् २०१७ मा चिनियाँ लगानीकर्ताले १ सय ७४ देशमा ६ हजार बढी संस्थामार्फत १ सय २० खर्ब रुपियाँ (१२० अर्ब डलर) लगानी गरेको त्यहाँको वाणिज्य मन्त्रालयलाई उद्धृत गर्दै चिनियाँ सञ्चार माध्यमले उल्लेख गरेका छन् ।

त्यस्तै, चिनियाँ सरकारले गत सात वर्षको अवधिमा आर्थिक सहायताका रूपमा नेपाललाई २७ अर्ब ८० करोड रुपियाँ दिएको अर्थ मन्त्रालयको तथ्यांकले देखाउँछ । यसबाहेक भूकम्पपछि पुनःनिर्माणका लागि चीनले ४५ अर्ब ६० रुपियाँ अनुदान दिएको थियो । नेपालको कुल १० खर्ब ६३ अर्ब रुपियाँको व्यापार (आयात/निर्यात)मा चीनतर्फ १ खर्ब २९ अर्ब रुपियाँको छ । यसमा पनि नेपालबाट चीनतर्फ ३ अर्ब रुपियाँभन्दा कमको सामान गइरहँदा नेपालमा भने १ खर्ब २७ अर्बको सामान आइरहेको छ । मुलुकको कुल व्यापारमा भने चीनसँग १२ प्रतिशत बराबरको मात्र छ । विश्व बैंकको तथ्यांक अनुसार चीनले विश्वभरबाट १५ सय खर्ब रुपियाँको आयात गर्छ भने २ हजार खर्ब रुपियाँको निर्यात गर्छ । चीनको लगानी प्राथमिकतामा नेपाल पर्न नसकेको तथ्यांकले नै पुष्टि गर्छ ।

स्वामित्वमा विवाद

चीनको झोइ इ रिचवे होल्डिङ कम्पनीले नेपालमा १ खर्ब रुपियाँको पूर्वाधार विकास बैंक

विदेशी लगानीमा सञ्चालित बैंक

विदेशी संस्था	बैंक	लगानी प्रतिशत
आईएफआईसी बैंक, बंगलादेश	NB BANK नेपाल बङ्गलादेश बैंक लि. THE BANK FOR EVERYONE	४०.९१%
एसबीआई इन्डिया, भारत	नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.	५५%
हबिब बैंक, पाकिस्तान	हिमालयन बैंक लिमिटेड Himalayan Bank Limited (A Joint Venture with Habib Bank Limited - Pakistan)	२०%
एफएमओ नेदरल्यान्ड	NMB BANK एनएमबि बैंक	२०%
एनबी इन्टरनेसनल, आयरल्यान्ड	NABIL BANK	५०%
पन्जाब नेसनल बैंक, भारत	एभरेष्ट बैंक EVEREST BANK	५०%
स्ट्यान्डर्ड चार्टर्ड ग्रुप	Standard Chartered Standard Chartered Bank Nepal Limited स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	७०.२१%

नेपाल र चीनबीच बेइजिडमा भएको सुपरीवेक्षणसम्बन्धी सम्झौता, ०७२ चैत

विभिन्न उद्योगमा भएको लगानी

सुरूदेखि आव २०७४/७५ को आठ महिनासम्म (रू करोडमा)

देश	लगानी
भारत	८,६८०
चीन	६,३४६
चीन हङकङ	२,७२८
दक्षिण कोरिया	१,१५९
अमेरिका	८३८

स्रोत : आर्थिक सर्वेक्षण

स्थापना गर्ने खबर फैलियो । पूर्वाधार विकास बैंकका लागि न्यूनतम २० अर्ब रुपियाँको चुक्ता पुँजी तोकिएको भए पनि पाँच गुणा बढी प्रस्ताव गरेको यो कम्पनी अहिले पछि हटेको छ ।

विदेशी लगानीमा आउने पूर्वाधार विकास बैंकमा सर्वसाधारणको कम्तीमा १५ देखि ३० प्रतिशत लगानी हुनुपर्ने व्यवस्था छ । डेपुटी गभर्नर शिवाकोटीका अनुसार यही विषयमा कम्पनीसँग कुरा नमिलेको हो । कम्पनीले विकल्पमा नेपाल सरकारलाई भने २० प्रतिशत सेयर निःशुल्क दिने बताएको थियो । विदेशी कम्पनीले ८५ प्रतिशत सेयर स्वामित्व आफूमा राख्न चाहे १५ प्रतिशत सेयर सर्वसाधारणलाई जारी गर्नैपर्छ । यदि ५० प्रतिशतभन्दा कम विदेशी लगानी हुने भएमा यस्ता बैंकले सर्वसाधारणका लागि कम्तीमा ३० प्रतिशत सेयर जारी गर्नुपर्छ । सरकारलाई २० प्रतिशत र सर्वसाधारणमा न्यूनतम १५ प्रतिशत सेयर जारी गरेपछि पनि झोइ इ रिचवे होल्डिड कम्पनीसँग ६५ प्रतिशत सेयर रहन्छ । आफ्नो स्वामित्व ८० प्रतिशतभन्दा कम गर्न नचाहेकै कारण कम्पनी अहिले पूर्वाधार विकास बैंकको योजनाबाट पछाडि हटेको हो वा सर्वसाधारणमा सेयर जारी गर्न इच्छुक नदेखिएको हो भन्ने राष्ट्र बैंकले मेलो पाउन सकेको छैन ।

सरकारी लगानीमा विश्वास गर्ने चिनियाँ परिपाटीका कारण सर्वसाधारणमा सेयर जारी गर्न कम्पनी अनिच्छुक देखिएको हुन सक्ने आकलन छ । यसअघि नेपाल बंगलादेश बैंक र नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ एन्ड फाइनान्समा खराब कर्जाको समस्या निम्तनुमा नेपाली सेयर लगानीकर्ता नै भागिदार थिए । पूर्ववर्ती शेरबहादुर देउवा सरकारले मन्त्रिपरिषद्बाटै यो पूर्वाधार बैंकलाई सञ्चालन अनुमति दिने प्रयास गरेको थियो । तर, त्यत्तिकै थन्कियो । "चिनियाँ लगानी र बैंक आउन नदिन अड्को थाप्नि गरिएको छ, यो पनि त्यसैको शृंखला नै थियो," स्रोत भन्छ ।

विदेशी बैंकको शाखा भने नेपाल सरकारको प्राथमिकतामा छैन । शिवाकोटीका अनुसार विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएकाले मात्रै विदेशी बैंक खोल्न सकिने व्यवस्था राष्ट्र बैंकले गरेको हो । यही कारण ०६६ मा विदेशी बैंक वा वित्तीय संस्था खोल्न जारी गरेको नीतिगत व्यवस्थामा यस्ता कम्पनीको निर्धारित पुँजी उच्च (दुई अर्ब रुपियाँ) राखिएको थियो । ०७१ मा भएको संशोधनले स्वदेशी वा संयुक्त लगानीका बैंकको पुँजी वृद्धि गरिए अनुसार नै यस्ता कम्पनीको पनि पुँजी बढ्ने उल्लेख छ । हाल वाणिज्य बैंकको चुक्ता पुँजी आठ अर्ब रुपियाँ तोकिएको छ । शाखा खोल्ने विदेशी वाणिज्य बैंकले पनि यति नै पुँजी राख्नुपर्छ । विदेशी बैंकका शाखाले खुद्रा कारोबार गर्न नपाउने व्यवस्था छ । यदि संस्थागत कर्जा लगानी गर्नु परे एउटालाई पनि कम्तीमा २० करोड रुपियाँ लगानी गर्नुपर्ने व्यवस्था छ । गरिबी निवारणलगायतमा भने कर्जाको सीमा लगाइएको छैन । नेपाली बैंकहरूको प्रतिस्पर्धी क्षमता नदेखिएकाले स्थानीय बजार खोसिन सक्ने भयका कारण पनि राष्ट्र बैंकले यस्तो प्रावधान राखेको हो ।

बैंक आए सहज

चिनियाँ बैंक नेपालको आवश्यकता हो । अहिले पनि चीनबाट हुने कुल आयातमा १५ देखि २० प्रतिशतको व्यापार अनौपचारिक बाटोबाट हुने राष्ट्र बैंकको प्रक्षेपण छ । हुन्डीजस्ता अवैध माध्यमबाट चीनतर्फ पुँजी पलायन भइरहेको आशंका छ । "धेरै नेपाली व्यापारीले ठूलो परिमाणमा सामान ल्याउन सक्ने क्षमता राख्दैनन्," नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष बच्चु पौडेल भन्छन् ।

धेरैले एकभन्दा बढी चिनियाँ कम्पनीबाट सामान ल्याउने गर्छन् । नेपाली बैंकले जारी गरिदिने टेलिग्राफिक ट्रान्सफर (टीटी), प्रतीतपत्र (एलसी) एउटा व्यवसायीलाई भुक्तानी गर्न मात्रै प्रयोगमा ल्याउन सकिने भएकाले हुन्डीमार्फत गर्छन् । चिनियाँ बैंक आए यो समस्या समाधान हुनेछ । हाल नेपाली बैंकले चीनतर्फ पनि डलरमै धेरै कारोबार गर्छन् । चिनियाँ बैंक नेपाल आए चिनियाँ मुद्रामै कारोबार बढ्नेछ । यसले नेपाललाई फाइदा हुनेछ । "चिनियाँ मुद्रामा कारोबार भए नेपाली व्यापारी र बैंक दुवैलाई डलर विनिमयदरको जोखिम कम हुन्छ," सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवन दाहाल भन्छन् ।

मुलुकले हाल दातृ निकायबाट पाउने ऋणको सम्झौता डलरमै गर्नु परेको छ । पूर्वाधार बैंकका रूपमा चिनियाँ बैंक आउँदा चीनतर्फको यस्तो सम्झौता चिनियाँ मुद्रा युआनमै हुनेछ । नेपाल-चीनबीचका अन्य नाका खुलेपछि चीनतर्फको व्यापार बढ्ने पक्का छ । लगानीका लागि चिनियाँ निजी क्षेत्रले पनि नेपालमा सम्भावना खोज्न थालिरहेका छन् । यस्तोमा नेपाली बैंकको चिनियाँ डेस्क मात्र पर्याप्त नहुन सक्छ । ◆

लगानी रकम रू हजारमा
३३,०८,८६०
४४,२५,७९८
१६,२२,९०६
१२,९२,३५५
४०,२१,६११
१६,२१,३७३
५६,२४,८२६

स्रोत : सम्बन्धित बैंकहरूका वेबसाइट

चीनसँगको व्यापार

(रू अर्बमा)

आव	व्यापार
०७०/७१	६४
०७१/७२	७६
०७२/७३	१०२
०७३/७४	११७
०७४/७५	१२८

स्रोत : नेपाल राष्ट्र बैंक

मैमत्त मन्त्री

प्रश्न सोधेकै कारण टेलिभिजन कार्यक्रम प्रतिबन्धित

॥ माधव बस्नेत

नेपाल टेलिभिजनमा १२ वर्षदेखि 'सीधा प्रश्न' कार्यक्रम चलाइरहेका पत्रकार राजु थापाले अतिथि बोलाएका थिए, सूचना तथा प्रविधिमन्त्री गोकुल बाँस्कोटा । काभ्रे २ बाट निर्वाचित मन्त्री बाँस्कोटालाई थापाले सोधेका थिए, 'कम्युनिस्ट मन्त्रीहरूको दाइजोमा सबै सम्पत्ति देखियो नि !' 'दाइजो भनेर क-कसले राखेका छन्' भन्दै बाँस्कोटा टक्टकिए, '... श्रीमतीको विवाहमा आएको रे । कसले राखेको छ ।... कति राखे ।... तर, श्रीमतीको विवाहमा आएको भनेर मैले राखेको छैन । तपाईं मसँग झुट बोल्दै हुनुहुन्छ । मसँग झुट बोल्नु पर्दैन ।'

बाँस्कोटाले ७ वैशाख ०७५ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझाएको सम्पत्ति विवरण पेस गरिदिए, थापाले । त्यहाँ बाँस्कोटाले '१७ तोला सुन र ६० तोला चाँदी पैत्रिक, विवाहमा दिएको, माइतीले दिएको' उल्लेख थियो ।

'गलत विवरण' पेस गरेको जिम्मेवारी लिनुको साटो बाँस्कोटाले नेपाल टेलिभिजन व्यवस्थापनमार्फत 'सीधा प्रश्न' कार्यक्रम बन्द गराए । मन्त्री बाँस्कोटालाई सम्पत्ति विवरणबारे सोधेको ३ मिनेटको प्रश्नको 'क्लिप' थापाले सार्वजनिक गरे ।

त्यसयता राष्ट्रिय मानव अधिकार आयोग, नेपाल पत्रकार महासंघ, स्वतन्त्र पत्रकारिताको निगरानी र वकालत गरिरहेका संस्था र नागरिकले सरकारका प्रवक्ताले देखाएको स्वेच्छाचारी शैलीको निन्दा गरेका छन् । बाँस्कोटा पक्षधरले भने थापाले सञ्चालन गरेको कार्यक्रमको करार अवधि समाप्त भएकाले टिभी व्यवस्थापनले नै थप नगरेको जिकिर गरिरहेका छन् । व्यवस्थापनले पनि मन्त्रीको दबाबमा नभई आफूहरूले नै थापाको करार अवधि थप नगरेको प्रस्ट पार्ने प्रयत्न गरेको छ । तर, नेपाल टेलिभिजन सरकारी स्वामित्वको भएकाले मन्त्रीको इसाराबिना व्यवस्थापनले मात्र कार्यक्रम रोक्न नसक्ने थापाको दाबी छ ।

मन्त्रीकै निर्देशनमा कार्यक्रम रोकियो वा टेलिभिजन व्यवस्थापनले रोक्यो ? यसलाई प्राविधिक विषयका रूपमा स्थापित गर्न खोजिए पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रश्न केन्द्रमा आएको छ । प्रेस काउन्सिलका पूर्वअध्यक्ष राजेन्द्र दाहालका शब्दमा, चलिरहेको एउटा कार्यक्रम कुनै पनि निहुँमा बन्द गरिनु र पत्रकारलाई हतोत्साहित/निरुत्साहित गरिनु उचित होइन । "कार्यक्रम रोकिनु स्वयं मन्त्रीजी र सरकारका लागि पनि दुर्भाग्यपूर्ण हो," दाहाल भन्छन्, "उहाँले कार्यक्रम रोक्न निर्देशन दिएको होइन भने पुनः सञ्चालनमा आउन दिनुपर्छ । किनभने, कार्यक्रम रोकिँदा सबैका हकमा गलत सन्देश गएको छ ।" नेपाल टेलिभिजन जनताको नासो भएकाले एउटा व्यक्ति वा संस्थाले यस्ता कार्यक्रम रोक्न नहुने दाहालको सुझाव छ ।

प्रश्न गर्ने पत्रकारको मुख थुन्न कदम चाल्ने बाँस्कोटा आफैं कुनै बेला पत्रकार थिए । दृष्टि साप्ताहिकको कार्यकारी सम्पादक र *सम्बोधन* साप्ताहिकको सम्पादक रहिसकेका उनले *रेडियो नेपाल*को घटना र विचारलगायत अन्य कार्यक्रममा समेत काम गरेका छन् । "पत्रकार पृष्ठभूमिकै मन्त्रीले पत्रकारलाई पेसा विस्थापन गराउनु दुखद घटना हो," स्वतन्त्र पत्रकारिताबारे निगरानी गरिरहेका भानुभक्त आचार्य भन्छन् "पत्रकारलाई जोकसैसित सभ्य भाषामा प्रश्न गर्ने अधिकार छ । प्रश्न गरेकै कारण कार्यक्रम बन्द गरिएको हो भने यो प्रेस तथा सम्पादकीय स्वतन्त्रता खुम्चिँदै गएको प्रमाण हो ।" ◆

संविधानमा यस्तो छ

व्यावहारिक हिसाबले कार्यक्रम बन्द गरिनु गलत छ नै, कानुनी दृष्टिले समेत संविधान उल्लंघन गरिएको छ । जस्तो कि, नेपालको संविधान ०७२ को धारा १७ (२) मा उल्लेख छ, प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ : क विचार अभिव्यक्तिको स्वतन्त्रता...। संविधानकै धारा १९ (२) मा लेखिएको छ, 'कुनै श्रव्य, श्रव्यदृश्य, वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।'

नेपाल

राष्ट्रिय साप्ताहिक

GROUP A GROUP B GROUP C GROUP D GROUP E GROUP F GROUP G GROUP H

विश्व कप

विश्वकप २०१८

विशेष सामग्री

आइसल्यान्डको आरोहण

सानो राष्ट्रको लोभलाग्दो फुटबल यात्रा

पवन आचार्य

विश्वकप फुटबलमा सहभागी हुने सबैभन्दा सानो राष्ट्र आइसल्यान्ड रुस पुगेको छ। विश्वकप खेल्ने आइसल्यान्ड मात्रै यस्तो राष्ट्र हो, जसको अझैसम्म घरेलु फुटबल लिग छैन। शक्तिसम्पन्न, आर्थिक हैसियत पनि बलियो र ठूलो जनसंख्या भएको राष्ट्रले मात्रै विश्वकप खेल्छन् भन्ने मान्यतालाई आइसल्यान्डको सहभागिताले गतिलो जवाफ दिएको छ। आफ्नै बलबुतामा रुसको टिकट काटेको आइसल्यान्डले समूहगत चरण पार गर्न निकै पापड बेल्नुपर्ने देखिएको छ। किनभने, आइसल्यान्ड रहेको समूहमा अर्जेन्टिना, क्रोएसिया र नाइजेरियाजस्ता सशक्त टोली छन्। त्यसो त, विश्वकपको युरोपेली छनोटको एउटै समूहमा पर्दा आइसल्यान्ड सोझै छनोट भएको थियो भने क्रोएसियाले प्लेअफको घुमाउरो बाटो तय गरेको थियो, रुस यात्राका लागि।

आइसल्यान्डको फुटबल यात्रा निकै लोभलाग्दो छ। सन् २०१० यता आइसल्यान्डले फुटबलमा लोभलाग्दो प्रगति गरेको छ। फिफा वरीयताक्रमको २२औं स्थानमा रहेको आइसल्यान्डले सन् २०१८ को मार्चमा १८औं स्थानसम्म पुगेको थियो। रुस विश्वकपको टिकट सुनिश्चित गर्ने क्रममा पनि आइसल्यान्डले आशालाग्दो प्रदर्शन गरेको थियो। समूहगत चरणका १० मध्ये ७ खेलको नतिजा आइसल्यान्डले आफ्नो पक्षमा पारेको थियो।

कोसोभोलाई पराजित गरेर विश्वकप-२०१८ मा छनौट भएपछि आइसल्यान्डको टीम

समूह चरणमा आइसल्यान्डका प्रतिद्वन्द्वी

अर्जेन्टिना
असार २ | साँझ ६:४५ बजे

क्रोएसिया
असार १२ | राती ११:४५ बजे

नाइजेरिया
असार ८ | साँझ ८:४५ बजे

तस्विरहरू : एजेन्सी

हृदय खोलेर लगानी

आइसल्यान्डको सबैभन्दा समस्या भनेको उसको जनसंख्या हो। ३ लाख ३० हजार मात्रै जनसंख्या भएको राष्ट्रका १० प्रतिशत पुरुष र ४ दशमलव ४ प्रतिशत महिला फुटबलका सो खिन छन्। अन्य युरोपेली राष्ट्रको तुलनामा आइसल्यान्डको फुटबलमा महिला सहभागिता उच्च छ। जनसंख्या कम भएको बेफाइदालाई पनि मौकाका रूपमा कसरी प्रयोग गर्नुपर्छ भन्ने आइसल्यान्डलाई राम्ररी थाहा छ। फुटबल प्रशिक्षकका लागि आइसल्यान्डले एक दशकअघिबाट रातो कार्पेट बिच्छ्याएको हो। त्यसको प्रभाव अहिले देखिन थालेको छ।

आइसल्यान्डमा अहिले ६ सय व्यावसायिक फुटबल प्रशिक्षक छन्। जनसंख्याको अनुपातमा हेर्ने हो भने आइसल्यान्डमा हरेक ५ सय ५० जनाका बीच एक फुटबल प्रशिक्षक छन्। फुटबलको जन्मदाता इङ्ल्यान्डमा ११ हजार जनसंख्याका लागि एक जना प्रशिक्षकको भाग पुग्छ। अचम्मको कुरा त के पनि छ भने आधाभन्दा बढी आइसल्यान्डका प्रशिक्षकसँग युरोपेली फुटबल संघ युफाको बी लाइसेन्स छ। सन् २००३ सम्म अवस्था यस्तो थिएन। त्यतिबेलासम्म आइसल्यान्डका एक जना प्रशिक्षकसँग पनि युफाको बी लाइसेन्स थिएन। तर, अहिले आइसल्यान्डका फुटबलरहरू विश्वस्तरीय प्रशिक्षकसँग फुटबल कला सिक्दैछन्। आइसल्यान्डमा फुटबल सिक्नका लागि न्यूनतम उमेर १० वर्ष तोकिएको छ।

आइसल्यान्डले बिनातयारी र लगानी यो सफलता हात पारेको होइन। आइसल्यान्डको फुटबल संघले डेढ दशकको अवधिमा १ सय ५० वटा इन्डोर फुटबल पिच निर्माण गरिसकेको छ। आइसल्यान्डको चिसो मौसमको घाँसेमैदानमा सधैँभरि फुटबल प्रशिक्षण अनुकूल नहुने भएकाले संघले इन्डोर पिच निर्माण गरेको हो। आइसल्यान्डले फुटबलमा बालबालिकाको रुचि बढाउन निर्माण गरिएका सबै इन्डोर फुटबल पिच स्कुलका नजिक छन्। कारण, बालबालिकाले पनि ती मैदानमा फुटबल सिक्न सकून्।

आइसल्यान्डमा वार्षिक ६ सय डलर तिरेर कोही पनि स्थानीय स्पोर्ट्स क्लबमा भर्ना हुन सकिन्छ, जहाँ व्यावसायिक प्रशिक्षक युवा

युरोकप-२०१६ मा इङ्ल्यान्डलाई पराजित गरेपछि आइसल्यान्डका खेलाडी

सीप र जाँगरलाई नयाँ आकार दिन खटिएका हुन्छन् । त्यसमा स्थानीय प्रशासनले एक तिहाईदेखि आधासम्म सहुलियत प्रदान गर्छ । बालबालिकाको फुटबलसम्बन्धी ज्ञान र सीपका आधारमा उक्त सहुलियत तय गरिन्छ ।

त्यस्तै, सामूहिक भावनाको विकास गर्दै बालबालिकालाई लक्ष्य प्राप्तिको दिशामा अघि बढ्न पनि यस्ताखाले प्रशिक्षण सहयोगी हुने अनुसन्धानले देखाएका छन् । स्थानीय क्लबमा आइसल्यान्डका बालबालिकाले सिकेको त्यही सामूहिक भावना यतिबेला विश्वकपको मैदानमा चरितार्थ हुँदैछ ।

प्राप्त हुँदैछ प्रतिफल

आइसल्यान्डले दुई दशकअघि फुटबलमा गरेको लगानीले अहिले प्रतिफल दिन थालेको छ । एक दशकअघिका इन्डोर फुटबलर अहिले पूर्ण व्यावसायिक फुटबलरमा परिणत भइसकेका छन् । पहिलो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताका रूपमा आइसल्यान्डका युवा टोलीले राष्ट्रलाई सन् २०११ मा २१ वर्षमुनिको युरोपेली च्याम्पियनसिपमा छनोट गरायो । त्यतिबेला आइसल्यान्ड सन् २०१४ को ब्राजिल विश्वकपको छनोट नजिक पुगेर चिप्लिएको थियो । प्लेअफमा क्रोएसियासँग पराजित भएपछि आइसल्यान्डको ब्राजिल विश्वकपमा छनोट हुने आशा मरेको थियो ।

तर, लगत्तै आइसल्यान्ड सन् २०१६ को युरोका लागि छनोट भयो । त्यतिबेला पनि अन्डरडग टोलीको रूपमा रहेको आइसल्यान्डले युरोको क्वार्टरफाइनलसम्मको यात्रा तय गरेको थियो । सबैभन्दा आश्चर्यजनक नतिजा निकाल्ने क्रममा आइसल्यान्डले प्रिक्वार्टर फाइनलमा इङ्ल्यान्डलाई २-१ ले हराएको थियो । चौथो मिनेटमै वायन रुनीले पेनाल्टीमार्फत इङ्ल्यान्डलाई अग्रता दिलाए पनि आइसल्यान्डका रग्नार सिगुरसन र कोल्बिन सिग्पोर्सनले पहिलो हाफमा गोल फर्काउँदै आइसल्यान्डलाई अप्रत्यासित नतिजा दिलाएका थिए । तर, क्वार्टरफाइनलमा भने आइसल्यान्डले नजिता फ्रान्सलाई ५-२ ले सुम्पिँदै घर फर्किएको थियो । आइसल्यान्डको इतिहासकै सर्वाधिक सफल मानिएको २१ वर्षमुनिको फुटबल टोलीका ८ सदस्य अहिले रुसमा छन् । त्यसैले पनि आइसल्यान्ड अन्डरडग रहे पनि कमजोर छैन । विश्वकपमा छनोट हुन नसकेका टोलीका समर्थकको पहिलो रोजाइमा यसपटक आइसल्यान्ड पर्दैछ ।

आइसल्यान्डको टोलीमा उच्च व्यावसायिक फुटबल लिग खेल्ने खेलाडीको संख्या निकै कम छ । धैर्य र सामूहिक भावना टिमको सबैभन्दा बलियो पक्ष हो । यही लयलाई रुसमा कायम राख्न सके आइसल्यान्डले चमत्कारी प्रदर्शन नगर्ला भन्न सकिन्न । फुटबल लिजेन्ड म्याराडोनाले पनि आइसल्यान्डले दुई पटकको विश्व च्याम्पियन अर्जेन्टिनालाई माथ खुवाए आश्चर्य मान्न नपर्ने प्रतिक्रिया दिएका छन् ।

पहिलो पटक विश्वकपमा सहभागिता जनाउन लागेको भएर मात्रै होइन, आइसल्यान्ड यो विश्वकपको सर्वाधिक रुचाइने टोलीमा पर्न सक्छ । कारण, ३२ करोड जनसंख्या भएको अमेरिका रुस विश्वकपमा छनोट हुन नसकेको फाइदा आइसल्यान्डले उठाउन सक्छ । त्यसबाहेक टोलीका कोही पनि सुपरस्टार नहुनुको फाइदामा पनि आइसल्यान्ड छ । निर्देशकबाट फुटबलर परिणत भएका हल्डरसनले भनेका छन्, “हामी आफ्नो राष्ट्रका लागि र फुटबलप्रतिको लगाव राखेर मैदानमा उत्रन्छौँ । समर्पण र सच्चा प्रेमका कारण पनि दर्शकको रोजाइ बन्न सक्छौँ ।’

फुटबल आफैँमा मोहनी लगाउने यस्तो खेल हो, फुटबलरलाई पनि माया गर्न सिकाउँछ । आइसल्यान्ड अहिले त्यसैको खोजीमा छ । ◆

कोच डेन्टिस्ट, किपर फिल्ममेकर

आइसल्यान्डको टोली आफैँमा अनौठो छ । प्रशिक्षक हेइमार ह्यालग्रिमसन आइसल्यान्डमा डेन्टल सर्जरी क्लिनिक सञ्चालन गर्छन् । सन् २०१६ को युरो कपसम्म उनी प्रशिक्षक लार्स लेजरब्याकको सहायकका रूपमा टिममा थिए । विश्वकप २०१८ को छनोट चरणका खेल सुरु हुनु केही अघि मात्रै ह्यालग्रिमसन प्रशिक्षकमा बढुवा भएका हुन् । युरोकपपछि उनी फुटबल टोलीका सबै सदस्यसँग मात्रै होइन, फुटबल प्रशंसकसँग पनि उत्तिकै घुलमिल भएका छन् । विपक्षीसँगको खेल रणनीति बनाउन उनले अपनाउने तरिका पनि निकै अनौठो छ । आइसल्यान्डको रेक्याभिक बारमा उनी आइसल्यान्डको होम म्याच हुनुअघि फुटबल प्रशंसकसँग टिमको रणनीति र मैदानमा उतार्ने खेलाडीबारे छलफल गर्छन् ।

त्यस्तै, आइसल्यान्डको गोल लाइन सम्हाल्ने हेन्स हल्डरसन पनि चलचित्र निर्देशक हुन् । सन् २०१२ मा आयोजित युरोभिजन गायन प्रतियोगिताको एउटा म्युजिक भिडियोमा उनको अभिनयसमेत देख्न पाइन्छ । आइसल्यान्डको गोलपोस्ट सम्हालेयता उनले क्यामेराको पछाडि उभिएर एक्सन कट गर्न पाएका छन् । विश्वकपमा राम्रो प्रदर्शन गरेर उनी आफूले तामेलीमा राखेको निर्देशकीय जिम्मेवारी पुनः सुरु गर्न चाहन्छन् । र, त्यसका लागि रुस विश्वपकजत्तिको ठूलो प्लेटफर्म अरू नहुने उनलाई राम्ररी थाहा छ ।

हेन्स हल्डरसन

हेइमार ह्यालग्रिमसन

विश्वकपको नेपाली बजार

टिभी, जर्सी र बाजी

राजधानीको एक स्टोरमा विश्वकपमा सहभागी देशको जर्सी अवलोकन गर्दै फुटबलप्रेमी

विजयराज खनाल

नेसनल बैंकिङ इन्स्टिच्युट (एनबीआई) का सिइओ सञ्जीव सुब्बाले घरमै बसेर रसियामा सुरु भएको २१औं संस्करणको विश्वकप हेर्ने चाँजोपाँजो मिलाइसकेका छन्। एक साताअघि मात्रै उनले ५० इन्चको युएचडी टिभी खरिद गरे।

घरका सबै सदस्य विश्वकपका पारखी छन्। सबैका मन पर्ने खेल टोली पनि अलग-अलग छन्। "परिवारमा सबैका फरक-फरक टोली भए पनि म भने तटस्थ बस्छु, घरपरिवारसँगै बसेर खेल हेर्नुको मजा बेग्लै हुन्छ," सुब्बा भन्छन्।

रसियाको लुजनिकी स्टेडियममा भइरहेको विश्वकपले संसार तताइरहँदा नेपाली पनि त्यसको रापबाट अलग छैनन्। ३२ टिमले सहभागिता जनाएको विश्वकपबारे चोकचोकमा यस पटकको बाजी कसले मार्ला भन्ने अनुमान सुरु भइसकेको छ। टेलिभिजन अडियन्स रिपोर्ट फिफा टिभीका लागि कान्तर मिडियाले तयार गरेको रिपोर्ट अनुसार विश्वका ३ अर्ब २० करोड मानिसले घरमै बसेर २०औं विश्वकप हेरेका थिए। घरमै रहेर अन्तिम खेल कम्तीमा एक मिनेटसम्ममा हेर्ने संख्या ९ करोड १३ लाख रहेको मानिएको थियो। एसियामै टेलिभिजनमा कम्तीमा एक मिनेट खेल हेर्ने दर्शक संख्या १ अर्ब ५२ करोड रहेको मानिएको थियो।

विश्वकप टेलिभिजन खरिद गर्ने सिजन पनि हो यतिबेला। एलइडी, एलसीडीलगायतका टेलिभिजनमा अभ्यस्त भइसकेका नेपालीलाई त्यसभन्दा बढी गुणस्तर दाबी गरिएका टेलिभिजन पनि बजारमा उपलब्ध हुन थालेका छन्। घरमै बसेर हेर्न चाहनेलाई लक्षित गर्दै अहिले युएचडी टिभीभन्दा पनि महँगा एसयुएचडी वा सुपर युएचडीजस्ता टेलिभिजन पनि बजारमा आएका छन्।

सामसुङ र एलजीले ल्याएका यही स्तरका टेलिभिजनलाई सोनीलगायतले फोर के एचडिआरका नाममा बिक्री गरिरहेका छन्।

नेपाली मध्यम वर्गका उपभोक्ताले समेत औसतमा ४०/४५ मूल्य श्रेणीका टेलिभिजन खरिद गर्न थालेका छन्। तर, नेपाली बजारमा १४ लाख रुपियाँसम्मका टिभी पाइन्छन्। विश्वकपलाई लक्षित गरी नेपालमा विभिन्न कम्पनीका आधिकारिक बिक्रेताले छुट अफरमा टेलिभिजन बिक्री गर्न थालेका छन्।

"तुलनात्मक रूपमा विश्वकपमा टेलिभिजनको बिक्री अन्य समयभन्दा ५० प्रतिशतसम्म बढ्छ," हिम इलेक्ट्रोनिक्सका नायब महाप्रबन्धक केशव धिताल भन्छन्। यसअघि २९ जेठ ०७१ मा विश्वकप हुँदा नेपालमा दुईमहिने अवधिमा टेलिभिजन, रेडियोलगायतका आयातमा १६ करोडले वृद्धि भएको राष्ट्र बैंकको त्यतिबेलाको तथ्यांकले देखाउँछ।

पछिल्लो समय रेस्टुराँ, क्याफेलगायतले समेत ग्राहक आकर्षित गर्न विश्वकपको प्रत्यक्ष प्रसारण हेर्ने व्यवस्था मिलाइरहेका छन्। नेपालमा पनि अन्तिम खेल घरबाहिर हेर्न चाहनेको जमात बढ्दै गएको छ। फिफाका लागि तयार गरिएको सोही रिपोर्ट अनुसार विश्वभर ५ करोड ४५ लाखले २०औं विश्वकपको अन्तिम खेल प्रत्यक्ष प्रसारण हेरेका थिए। घरमै टेलिभिजन हेर्नेमध्येका ९.८ प्रतिशत मानिस अन्तिम खेल हेर्न भने पब, रेस्टुराँ धाएको रिपोर्टमा उल्लेख छ।

तस्बिरहरू : भास्कर ओझा

राजधानीको एक रेस्टुराँमा विश्वकपको मजा लिँदै ग्राहक

विश्वकप सुरु भएसँगै आफूलाई मन पर्ने विभिन्न देशका खेल टोलीलाई समर्थन गर्न कार्यालयदेखि घरमा समेत समर्थकको जर्सी लगाउने क्रम बढेको छ। बजारमा ५/६ सय देखि १४/१५ सय रुपियाँसम्मका जर्सी बिक्री भइरहेका छन्।

"अहिले दैनिक ५०-६० हजार रुपियाँसम्मको जर्सीको व्यापार हुन्छ", न्यूरोडको नेपाल स्पोर्ट्स हाउसका सञ्चालक ढेन्डुप दोर्जे भन्छन्। जर्मन, ब्राजिल, अर्जेन्टिना, पोर्चुगललगायतका टोली नेपालीको रोजाइमा परेका छन्। अधिकांश जर्सी चीनबाट आयात हुने गरेको छ। यद्यपि, अरबान गल्सजस्ता संस्थाले यस्ता जर्सीमा प्रिन्ट सुविधा दिएर थोरै भए पनि मूल्य अभिवृद्धिको लाभ राज्यलाई दिइरहेका छन्।

कतिपय उद्योग व्यवसायीले विश्वकपलाई प्रचारको माध्यम पनि बनाउन थालेका छन्। विश्वकपकै कारण बजारमा प्रोजेक्टर बिक्री, मदिरा व्यापार, होटल, रेस्टुराँ कारोबारसमेत बढेको छ। विश्वकपको सिजनमा नेपालमा समेत बेटिङमा लाग्ने जमात बढिरहेको छ। विश्वकपमा फाइनल विजेता देशको समर्थनमा एकआपसमा बाजी थाप्ने जमातको संख्या पनि बढिरहेको छ। केही अनलाइन साइटले समेत नेपालबाहिरबाट यस्तो सुविधा दिइरहेका छन्।

लगातार दुई पटक विश्वकप कुनै मुलुकले जितेको बिरलै इतिहास छ। ५० वर्षअघि यस्तो संयोग परेको थियो। इटालीले सन् १९३४ र १९३८ मा तथा ब्राजिलले १९५८ र १९६२ मा लगातार दुई वर्ष यस्तो सफलता हात पारेका थिए। गत २०औं सिजनको विश्वकप विजेता टोली जर्मनीले यसपटक पनि सफलता हात पार्ला वा नपार्ला त्यो भने केही समय पर्खिनुपर्छ। ◆

केही रोचक तथ्य

फुटबलमा तथ्यांक प्रयोग त्यति रोचक मानिंदैन । किनभने, फुटबल आफैंमा रोचक खेल हो । बरू तथ्यांक र गणितको प्रयोग ज्यादा हुने खेल क्रिकेट हो । यति हुंदाहुंदै पनि २१औं संस्करणको विश्वकप फुटबलले केही रोचक तथ्य दिएको छ । रूस विश्वकप २०१८ पूर्वी युरोपमा आयोजना भएको पहिलो विश्वकप हो । सन् १९३० मा उरूग्वेमा पहिलो पटक विश्वकप आयोजना भएको थियो । त्यसको ८८ वर्षपछि रूसले पहिलो पटक विश्वकप आयोजनाको अवसर पाएको हो ।

पाका र युवाको केमिस्ट्री

रुस विश्वकपमा सबैभन्दा युवा टोली अफ्रिकी मुलुक नाइजेरियाको छ। नाइजेरियाली टोलीमा समावेश खेलाडीको औसत उमेर २५ वर्ष ९ महिनाको छ। सुपर इगल्स उपनाम पाएको नाइजेरिया युवा र जुझारु टिमको बलमा विश्वकपमा इतिहास कोर्न आतुर छ। अफ्रिकी समूहबाट यस पटकको विश्वकपमा छनोट हुने पहिलो टोली बनेको नाइजेरिया सोही लयलाई कायम राख्न चाहन्छ। सन् १९९४, १९९८ र २०१४ को विश्वकपमा अन्तिम १६ सम्म स्थान बनाएको नाइजेरिया यसपटक त्यसभन्दा माथि उक्लने लक्ष्यसाथ रुस पुगेको छ।

फ्रान्सेली र इंगलिस टोलीको औसत उमेर २६ वर्षको रहँदा सबैभन्दा पाको टोली २१औं संस्करणको विश्वकपबाट डेब्यु गर्न लागेको पनामाको छ। उनीहरूको औसत उमेर २९ वर्ष ६ महिनाको छ। कन्काकाफ क्षेत्रबाट कोस्टारिकालाई २-१ ले पराजित गर्दै विश्वकपमा छनोट भएको पानामा अनुभवी खेलाडीको साथलाई अवसरमा रूपान्तरण गर्ने योजनामा छ। प्रशिक्षक हेर्नान डारियो गोमेज, जसलाई एल बोलिलो उपनामबाट बोलाइन्छ- उनीसँग विश्वकप फुटबलको दुई पटकको अनुभव छ। उनले कोलम्बियालाई सन् १९९८ र इक्वेडरलाई सन् २००२ को विश्वकपमा छनोट गराएका थिए।

विश्वकपकै प्रमुख दाबेदारमध्ये बूढा खेलाडीले भरिएको टोली अर्जेन्टिना र ब्राजिल हो। अर्जेन्टिनी टोलीको औसत उमेर २९ वर्ष ३ महिना हुँदा ब्राजिली टोलीमा २८ वर्ष ६ महिना उमेरका खेलाडी छन्। यो विश्वकपका सबैभन्दा पाका खेलाडी इजिप्टका इसाम एल हदारी हुन्। इजिप्टको गोलपोस्ट सम्हाल्ने हदारी ४५ वर्ष पुगिसके। उनीपछि मेक्सिकोका राफेयल मार्कवेजको उमेर ३९ वर्षको छ।

व्यावसायिक फुटबलरको लस्कर

रुस पुग्ने इङ्ल्यान्ड मात्रै यस्तो टोली हो, जसका सबै खेलाडी आफ्नै राष्ट्रमा व्यावसायिक फुटबल खेल्छन्। इंग्लिस टोलीमा प्रिमियरलिगबाहेक अन्य फुटबल लिग खेल्ने कुनै खेलाडी छैनन्। त्यसपछि आयोजक रसिया पर्छ। रसियाको टोलीमा अटाएका २३ मध्ये २१ खेलाडीले रुसी लिग मात्रै खेल्छन्। त्यसपछि निकट आउनेमा साउदी अरेबिया २० र स्पेनका १९ खेलाडी छन्।

सेनेगल र स्वीडेन मात्र त्यस्तो टोली हो, जसका राष्ट्रिय टोलीमा अटाएका खेलाडी कसैले पनि मुलुकमा व्यावसायिक फुटबल खेल्दैनन्। स्वीट्जरल्यान्ड, नाइजेरिया र बेल्जियमको टोलीमा राष्ट्रिय लिग खेल्ने १-१ खेलाडी छन्। क्रोएसिया, मोरक्को र उरुग्वेमा घरेलु लिग खेल्ने खेलाडीको संख्या २-२ छ। घरेलु लिग खेल्ने ३ जना खेलाडी अटाएका टोलीमा अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, कोलम्बिया, डेनमार्क, पानामा र सर्बिया छन्। विश्व च्याम्पियन जर्मनीको टोलीमा पनि घरेलु बुन्डेसलिगा खेल्ने खेलाडीको संख्या १५ छ। एसियाली राष्ट्रमध्ये सबैभन्दा धेरै घरेलु लिगमा व्यस्त रहने खेलाडी भएको टोली दक्षिण कोरिया हो। उसका १२ खेलाडीले स्थानीय लिगमा सहभागिता जनाउँछन्।

सात किशोर पनि

क्लियन एमबापे | ट्रेन्ट एलेक्जेण्डर | असर्फ हाकिमी | फ्रान्सिस उजोहा | जोसे लुइस रोड्रिज्वेज | मौसा सो | ड्यानियल अर्जानी

रुस विश्वकपमा सात किशोर खेलाडीले सहभागिता जनाएका छन्। फ्रान्सका क्लियन एमबापे, इङ्ल्यान्डका ट्रेन्ट एलेक्जेन्डर आर्नोल्ड, मोरक्कोका असर्फ हाकिमी, नाइजेरियाका फ्रान्सिस उजोहो, पानामाका जोसे लुइस रोड्रिज्वेज र सेनेगलका मौसा सो २१औं संस्करणको विश्वकप खेल्ने टिन एजरहरू हुन्। तर, यो विश्वकपमा सबैभन्दा कान्छा खेलाडी बन्ने श्रेय अस्ट्रेलियाका ड्यानियल अर्जानीले पाएका छन्। अर्जानीले यसै वर्षको जनवरीमा सिनियर टिममा डेब्यु गरेका हुन्। विश्वकपको छनोट चरणमा महत्त्वपूर्ण खेलमा २ गोलको एसिस्ट गरेका उनले टिमबाट २ क्याप जित्दा एउटामा गोल आफ्नो खातामा लेखाएका छन्।

फ्रान्सेली एमबापे १९ वर्षका भए। उनले फ्रान्सबाट १४ क्याप जितिसकेका छन्। र, उनको नाममा ४ अन्तर्राष्ट्रिय गोल छ। लिभरपुलका राइट ब्याक आर्नोल्डले इंग्लिस टोलीबाट १ क्याप जितेका छन्। यसअघि उमेर समूहमा पटक-पटक थ्री लायन्सको जर्सी लगाएका यिनलाई प्रशिक्षक गारेथ साउथगेटले पहिलो पटक सिनियर टोलीमा मौका दिन लागेका हुन्।

एट्लास लायन उपनाम पाएको असर्फ हाकिमी सन् २०१७ मा मोरक्कोबाट स्पेनी क्लब रियाल मड्रिडमा व्यावसायिक फुटबल खेल्ने पहिलो खेलाडी बनिसकेका छन्। राष्ट्रिय टोलीमा १२ क्याप जितेका यिनको नाममा १ अन्तर्राष्ट्रिय गोल सामेल छ।

नाइजेरियाका फ्रान्सिस उजोहो १९ वर्षीय गोलरक्षक हुन्। सन् २०१३ मा नाइजेरियाले १७ वर्षमुनिको विश्वकप जित्दा १४ वर्षीय उजोहोले टिमको म्याच साइडलाइन्सबाट मात्रै हेरेका थिए। तर, त्यसको १८ महिनापछि उनले नाइजेरियाली टोलीमा स्थान बनाए।

पानामाका जोसे लुइस रोड्रिज्वेज यस्ता मिडफिल्डर हुन्, जसप्रति टिमले पूर्ण भरोसा गर्न सक्छ। डिफेन्सिभ मिडफिल्ड पोजिसनमा खेल्ने उनी एट्याकिङ मिलफिल्डरलाई क्रस फाल्न माहिर छन्। यिनले पानामाबाट २ क्याप जितेका छन्।

सेनेगलका मौसा वाग १९ वर्षका भए। राइटब्याक पोजिसनमा खेल्ने यिनले सन् २०१५ मा न्युजिल्यान्डमा भएको २० वर्षमुनिको विश्वकपमा टिमलाई चौथो स्थान दिलाउन भूमिका निर्वाह गरेका थिए।

क्लबको क्रेज

रुस विश्वकपमा सबैभन्दा बढी म्यानचेस्टर सिटीमा व्यावसायिक फुटबल खेल्ने खेलाडीको प्रतिनिधित्व छ। म्यान सिटीका १६ खेलाडीले यो विश्वकपमा सहभागिता जनाएका छन्। त्यसपछि स्पेनिस जायन्ट रियाल मड्रिडका १५ र बार्सिलोनाका १४ खेलाडीले विश्वकपको अनुभव बटुल्दैछन्। एसियाली टोलीको कुरा गर्दा साउदी अरबका २ टोली अल हिलाल र अल अल्ही मात्रै यस्ता क्लब हुन्, जसका ९ खेलाडीले विश्वकपमा सहभागिता जनाएका छन्। उनीहरू व्यावसायिक क्लबको प्रतिनिधित्व गर्ने तालिकाको १०औं स्थानमा छन्। पेरिस सेन्ट जर्मन, इंग्लिस क्लब टटनह्याम हट्सपर र चेल्सीबाट व्यावसायिक फुटबल खेल्ने १२-१२ खेलाडी रुस विश्वकपमा पुगेका छन्। स्पेनी क्लब एट्लेटीको मड्रिडबाट क्लब फुटबलमा भाग लिने ९ खेलाडीले पनि २१औं संस्करणको विश्वकप खेल्नेछन्।

लिग फुटबलको प्रतिनिधित्व

इंग्लिस प्रिमियरसिप खेल्ने १ सय २४ खेलाडी रुसी विश्वकपमा सहभागी छन्। त्यसमध्ये बेल्जियम टोलीका १३ खेलाडीले इङ्ल्यान्डमा व्यावसायिक फुटबल खेल्छन्। स्पेनी ला लिगा खेल्ने ८१ र जर्मन बुन्डेसलिगा खेल्ने ६७ खेलाडी रुस पुगेका छन्। इटालियन सिरि आ खेल्ने ५८ र फ्रान्सेली लिग खेल्ने खेलाडीको संख्या ४९ छ।

आयोजक रुसको टोलीमा पनि लिग खेल्ने खेलाडीको संख्या कम छैन। यो विश्वकपमा ३६ खेलाडी यस्ता छन्, जो रुसी लिगमा व्यावसायिक फुटबल खेल्छन्। इंग्लिस क्लब फुटबल नखेल्ने खेलाडी अटाएका टोलीमा कोस्टारिका, इरान, पानामा, रुस, साउदी अरेबिया र उरुग्वे छन्। बाँकी २२ टोलीमा कुनै न कुनै खेलाडी इंग्लिस प्रिमियरसिप खेल्छन्।

रोचक त के पनि छ भने रुस विश्वकपमा इटालीको लिग खेल्ने ५८ खेलाडी छन्। यो संख्या चौथो ठूलो हो। जबकि, इटाली यस पटकको विश्वकपका लागि छनोट हुन सकेन। एसियाली राष्ट्रको हकमा साउदी अरब भाग्यमानी मुलुक हो, जसको फुटबल लिग खेल्ने ३० खेलाडीले विश्वकपमा सहभागिता जनाएका छन्।

कीर्तिमान र चिट्ठाको उद्योग

किताबलाई सिनेमा र समाजसँग जोडेर पढ्ने गर्छु। काव्यमा गहिरो रुचि छ मेरो। फुर्सदमा साहित्य पनि पढ्छु। तर, समाजशास्त्र र अर्थशास्त्रको अध्ययनमै आफूलाई केन्द्रित गर्दैछु। मलाई धेरै नै छोएको पुस्तक सेरी ओट्नरको *लाइफ एन्ड डेथ अन माउन्ट एभरेस्ट* हो। सगरमाथा आधार शिविरमा दशकौं बसेरै हिमाल चढ्ने शेर्पाहरूका बारेमा लेखिएको यो पुस्तक पीएचडी गर्दै पढेकी हुँ। सेरी ओट्नर शेर्पाहरूको जातीय पहिचानभन्दा पेसागत पहिचानमा जोड दिने मानवशास्त्री रहेछन्।

हुन त, हिमाल बलिया व्यक्तिले चढ्ने हो। तर, बेलायती उपनिवेशवादी राजनीति थियो- सगरमाथा चढ्ने पहिलो कीर्तिमानी बेलायती या बेलायती आशीर्वाद प्राप्त देशको नागरिक हुनुपर्छ। बेलायती साम्राज्यको अनुमतिबेगर कीर्तिमान राख्नै नसक्ने अवस्था थियो।

कीर्तिमान-उद्योग सुरु भएपछि शेर्पा-पहिचान र पेसा सुरु भयो। शेर्पा र साहेब भनिने दुई वर्ग निर्माण भएपछि गोराहरू दाता र शेर्पाहरू वफादार जातिका रूपमा 'अनुकरण-प्रक्रिया'मा अभ्यस्त भए। यिनै विषयवरपर डुलेको यस पुस्तकमा उपनिवेशवादी प्रभुत्व र जातीय वर्गवाद अझै जीवित रहेको निष्कर्ष छ।

कीर्तिमानी उद्योगमा जेलिएका सामाजिक, राजनीतिक र अन्तर्राष्ट्रिय तत्त्वलाई नजिकबाट बुझ्न सरल/सूक्ष्म शैलीमा लेखिएको यो किताब उपयोगी हुन सक्छ।

उद्योगलाई प्राविधिक रूपमा अर्थशास्त्रीहरूले मात्र बुझिने भाषामा प्रस्तुत गरिन्छ। मुनाफा, माग-पूर्ति, कर, उद्योग-नीतिजस्ता पक्षमा छलफल हुन्छन्। तर, यस्ता बहसमा मानव श्रमिकका मुद्दा ओझेल पर्छन्। त्यसैले किताब छनोटको मेरो आधार मानव अर्थशास्त्रीय मेथडोलोजी हो। उद्योग वा व्यवसायलाई मानव पक्षीय दृष्टिले हेर्नु मेरो रुचिको केन्द्र हो। हेनरी म्याह्यु र किथहार्डका लेखनले मलाई महत्त्वपूर्ण पुस्तक छनोट गर्न सघाएका छन्।







मेरो मन पर्ने अर्को किताब हो, *लर्निङ टु लेबर*। मार्क्सवादी ढाँचामा लेखिएको पउल विल्सको यो क्लासिक किताबमा स्कुले कक्षाकोठाभित्रको एथ्नोग्राफी छ। युवा पुस्तामा दुई खालका विद्यार्थी पाउँछन् लेखक। एक खालको छ- शिक्षकले भनेको मान्नुपर्छ, मिहिनेत गर्नुपर्छ, राम्रो अंक ल्याउनुपर्छ अनि राम्रो जागिर पाएपछि समाजमा उच्च हैसियत बन्छ भन्ने आशावादी समूह। अर्को खालको छ- पढेर केही हुन्न, शिक्षकले भनेको मान्नैपर्छ भन्ने केही छैन, पढेर पाउने जागिर केही उपलब्धि होइन भन्ने समूह। दोस्रो खाले विद्यार्थीहरू ठान्छन्- अफिसमा बसेर फाइल मिलाउने र छाप लगाउने दैनिकी कुनै काम होइन। काम त कामैजस्तो हुनुपर्छ, जसमा पसिना बगोस् र काम गर्‍यौं भन्ने आत्माभिमान पनि रहोस्।

किताबमा ह्यामर्नटाउन भन्ने काल्पनिक ठाउँ सिर्जना गरी वर्गको नवीकरण र विकासप्रतिको आशा-विक्रीलाई खुलस्त नंग्याइएको छ। भारतमा

तस्बिर : बिजु महर्जन

मल्लिका शाक्य
मानवशास्त्री

बस्दा 'पुँजीवाद अध्ययन समूह'मा एक मित्रले यो पुस्तक सिफारिस गरेपछि मात्र जानकारी पाएकी हुँ। अहिले त प्रायः वाम अर्थशास्त्रीसँग पीडीएफ कपी हुन सक्छ। मलाई अति नै प्रभाव पारेको यो किताब अर्थशास्त्रीहरूले गहन अध्ययन गरिदिए हुन्थ्यो, लाग्छ।

यी दुई किताबसँग *चिल्ड्रेन अफ द पायर* भन्ने डकुमेन्ट्रीलाई जोडेर पढेँ। वाराणसीमा लास जलाउने बच्चाहरूको पेसामाथि बनाइएको यो वृत्तचित्रलाई पुस्तक अध्ययनसँग गाँस्दा अर्थ बृहत्तर भएझैं लाग्यो। अतः समाज पढ्दा तथ्यांक र प्रविधिका पक्षलाई मात्र जोड नदिएर मानवीय पक्षलाई पनि मनन गर्नु राम्रो हुन्छ।

समाज बुझ्न चाहनेहरूलाई मैले सिफारिस गर्ने किताबसूचीमा चार्ल्स पिओटको *नोस्टाल्जिया फर द फ्युचर* छ। टोगो नामक सानो अफ्रिकी देशको 'अमेरिकी डीभी' भर्ने जनलहरको कथा छ, पुस्तकमा। चिट्ठा खुलेपछि जनसंख्याको ठूलो हिस्सा फारम भर्न लालायित हुने, अन्तर्वार्ताको तालिम दिने व्यवसायदेखि कोटा वृद्धिको आन्दोलनजस्ता रोचक प्रसंगले म पटक-पटक सोच्न बाध्य भएँ। चिट्ठा पर्ने आशामा रक्सी त्यागेर चर्चमा प्रार्थना गर्न आउने मानिसको हूलबारे पढ्दा रोमाञ्चित भएकी थिएँ।

राष्ट्रवाद जमिनसँग मात्र जोडिँदैन भन्ने आवाज मुखर छ यसमा। त्यहाँका जनता सोच्छन्- अमेरिकामा पनि कालाहरूको राष्ट्रवाद विकास हुनुपर्छ किनभने अमेरिका निर्माणमा दासत्वको तहबाटै किन नहोस्, कालाले पनि गोरा जातिले जत्ति नै योगदान गरेका छन्।

म सन् २०११ मा दक्षिण अफ्रिकाको केपटाउन पुगेकी थिएँ। संयोगले चार्ल्स पिओट र म एउटै होटलमा परेछौं। उनको प्रत्यक्ष लेक्चर सुनिसकेकी थिएँ। उनीसँग परिचय भएपछि विषयगत छलफल भयो। मैले आफ्नो अध्ययनको क्षेत्र बताएँ। र, उनले मलाई यो पुस्तक हस्ताक्षरसहित दिए। त्यो आफैँमा अविस्मरणीय क्षण थियो। सानो भए पनि दिगो प्रभाव पारेको पुस्तक हो यो।

नेपाली अर्थशास्त्रमा वाम अतिवाद हावी भएको आरोप लाग्ने गरेको छ। तर, डेबिड हार्वेको शब्दमा नवउदारवाद एकदम हावी भइसकेपछि नवजडसूत्रवादमा रूपान्तरित हुन्छ। नेपालमा मौलिक आर्थिक नीतिको अभाव रहेको विकराल स्थितिमा काव्यिक, दार्शनिक स्वादका यी किताबको अध्ययन झन् सान्दर्भिक देख्छु।

प्रस्तुति : **गुरुङ सुशान्त**

आचार्य आवाज

हजार सपनाहरूको माया लागेर आउँछ । घरीघरी भक्तराज आचार्यको आवाजको माया लागेर आउँछ । अतीतको चञ्चल-मञ्चल छायाले त्यागिसकेको उनको जीर्ण-शीर्ण कायाको पनि माया लागेर आउँछ ।

यो आचार्य-आश्रम हो । बुइँगलमा छु चुपचाप यता । आचार्य छन्, चुपचाप उता भुइँखाटमा निदाइरहेका । ग्रामोफोन रेकर्डमा फनफनी घुमिरहेको चाक्लो डिस्कबाट एनालग-युगको गीत गुञ्जिरहेछ :

जति चोट दिन्छौ देऊ मायालु, मुटुभित्र साँचेर राख्नेछु ।

सोच्छु, उनको मुटुभित्र कति चोट साँचिएका होलान् ! संगालिएका, थिग्रिएका होलान् ! गीतले भन्छ- जति आँसु दिन्छौ देऊ मायालु, दुई आँखाबाट झार्नेछु । गम्छु, ती बैगुनी मायालुहरू कहाँ पुगे हुनन्, जसले आचार्यको आँखामा आँसुको कुवा छाडी गए ।

लाग्छ, हजार सपनाहरू पग्लिएर, रसाएर आँसु बन्दा हुन् र उनका आँखाबाट झर्दा हुन् ।

के यिनी त्यही गायक हुन्, जसको गीत सुसेल्दै-सुन्दै म हुर्किएँ ? जसको आवाजले मेरो कानलाई पवित्र पाऱ्यो । जुन आवाजको उदासीनता एवं वैराग्य अझै पनि मेरो हृदयको एकलास जंगलमा सुसाइरहन्छ । त्यो आवाज, जसले मेरो जवानीको शोकमग्न एक्लोपनलाई गीतका अनेक मन्त्र एवं अन्तराहरूमार्फत सुम्सुम्याएको थियो ।

आज त्यही आवाज खोज्न म यहाँ आएको छु । बुइँगलको भऱ्याङ चढ्नै लाग्दा आचार्य-पुत्र सत्यराजले भनेका थिए, "बुबा लामो निद्रामा हुनुहुन्छ । उहाँलाई नजगाइदिनु होला । अनि भन्नुस्, मिस्टर फकिर, आज बाटो भुलेर कताबाट यता आउनुभयो नि ! किन आउनुभयो ? बुबालाई त सबैले बिर्सिसकेका छन् । तपाईंले कसरी सम्झनुभयो ?"

सत्यराजको प्रश्निल जिज्ञासालाई फ्रेमिल गर्नु आवश्यक थियो । फ्रेमभित्र राख्नु नितान्त जरूरी थियो, जुन यसप्रकार छ-

विगत केही समययता श्रवणशक्ति ह्रास हुँदै जाने अनौठो रोगद्वारा म ग्रस्त छु । चिकित्सकको के आशंका छ भने चाँडै नै लिटरल्ली बहिरो हुनेछु । आवाजहरू मेरो कानले सुन्न छाड्नेछ । मलाई लाग्यो, मसित बाँकी रहेको समय केही सुन्दर आवाजहरू सुनेर बिताऊँ । त्यसपछि मनप्रिय आवाजहरू खोज्न म घरबाट निस्केको हुँ ।

हिजोआज म सानो जेबी साउन्ड रिकर्डर बोकी हिंड्ने गर्छु । त्यसमा आवाजहरू रिकर्ड गर्छु । कहिले झरीको आवाज रिकर्ड गर्छु र कहिले बच्चाहरूको खित्का र हाँसोहरू । रिकर्डरमै मैले संग्रह गरेको छु, बतासको सर्सराहट र खोलाको कलकल आवाज, चराचुरुंगीका चिरबिर चिरबिर, मन्दिरका टिङटिङ, घडी र टाइपराइटरका टिकटिक टिकटिक र देवालयका प्रार्थनाहरू ।

मैले बिर्सिसकेका आवाजहरू यसैगरी संग्रह गर्दै वन-उपवन, गाउँ-नगर डुली हिंड्छु । बहिरो हुनुअघि म ती आवाजलाई अन्तिम पटक सुन्न चाहन्छु । ती आवाज, जसले मेरो अस्तित्वलाई कर्णप्रिय एवं करूणामयी बनाएका थिए । ती मनप्रिय आवाजलाई म आभार प्रकट गर्न चाहन्थेँ । र, आज आइपुगेको थिएँ आचार्य आश्रममा ।

सत्यराज भन्छन्- "तर, फकिर, बुबासित त आवाज छैन । क्यान्सरले उहांको जिब्रो काट्नुपरेको तपाईंलाई थाहा छैन र ?"

"थाहा छ," म भन्छु, "मलाई आचार्यको पुरानो ग्रामोफोन रेकर्ड भए पनि दिनुस् । म बुइँगलमा बस्दै गर्छु ।"

र, बुइँगलमा आचार्य निदाइरहेका छन् । सारा संसारका निम्ति उनी निदाएकै छन् । उनी जिउँदै छन् भन्ने कुरा पनि अब त जगत्ले बिर्सिसकेको छ । मलाई यसबेला ओह्रान पामुकको याद आइरहन्छ । उनी भन्छन्, "आई राइट बिकज आई एम अफ्रेड अफ बिइङ फर्गटन ।"

आफू बिर्सिइजाने डर कति भयावह हुंदो हो ? आचार्यलाई सोध्नू ।



तपाई तबसम्म जिउँदो जीवित हुनुहुन्छ, जबसम्म तपाई आफ्ना तमाम हितैषी, मित्र, प्रियजन तथा शुभचिन्तकहरूको स्मृतिमा रहनुहुन्छ । जब तपाई स्मृतिहरूबाट पखालिनुहुन्छ, तब तपाईं मर्नुहुन्छ । यादहरूबाट जब तपाई मेटिइँदै जानुहुन्छ, तब तपाईंको मृत्यु हुन्छ ।

के तपाईंको स्मृतिमा भक्तराज आचार्य जिउँदै छन् ? उनको स्मृतिलाई जोगाएर राख्नुस् । यादहरू नष्ट भएपछि मनुष्य भ्रष्ट हुन्छ ।

अब त मलाई हिंड्नु छ । आचार्य-पुत्र सत्यराजले उपहार दिने ग्रामोफोन-डिक्स लिनु छ । घर जानु छ । पूर्ण रूपले बहिरो हुनुअघि चराको चिरबिर चिरबिर, बच्चाहरूको खित्का हाँसो, नदीको कलकल, बतासको सर्सराहट र झरीको रिमझिमसितै भक्तराज आचार्यको आवाज सुन्दै मलाई केही काल बिताउनु छ ।

प्रिय आचार्य ! आवाज खोज्दै म तिमीसम्म आइपुगेको थिएँ । तिमी भने निदाइरहेका छौ । नउठ निदाइरह । किनभने, यो जाग्राम-जगत् त ज्यादै बैगुनी छ । जान्छु ल ! ◆

विश्वास हमाल

बिरानो देशमा थापा दाइ

फेसबुकमा नयाँ फ्रेन्ड रिक्वेस्टको रातो नोटिफिकेसन आयो। प्रोफाइल खोलेर हेरेको चिने-चिनेजस्तो लाग्यो, दुई-चार फोटा हेर्दै जाँदा एउटा धेरै पुरानो फोटो देखेँ, क्याप्सनमा लेखिएको थियो- 'बिते हुए पल, भाइसँग लन्च खाँदै ।' चार लाइक्स र एउटा कमेन्ट थियो त्यो फोटोमा । मलाई अब ढुक्क भयो, यो प्रोफाइल थापा दाइकै रहेछ । विक्रम थापा दाइले पनि *फेसबुक* खोलेछन् भनी अचम्म लाग्यो र खुसी पनि । उनको प्रोफाइल हेर्दै थाहा हुन्थ्यो, त्यो पक्का अरू कसैले उनका लागि खोलिदिएको थियो ।

थापा दाइ, मभन्दा धेरै जेठा, जिन्दगीको कुन मोडमा भेटिएका एउटा असल साथी थिए । थोरै समय सँगै बितायौँ तर दिल खोलेर बस्यौँ । उनी पूर्वी नेपालका, म पश्चिमको । उमेरले मभन्दा २० वर्ष जेठा । उनी ८ कक्षा फेल कुक, म विद्यार्थी । हामीमा केही समानता थिएन, सिवाय विदेशिएका नेपाली ।

उनीसँग छुट्टिएपछि केही महिना नियमित नै कुराकानी हुन्थ्यो फोनमा । तर, समय पनि अलि फरक । यता दिन हुँदा उता रात, मसँग समय हुँदा दाइ काममा, दाइसँग समय हुँदा म काममा । हामीबीच यस्तै लुकामारी खेलेजस्तो हुँदाहुँदै सम्पर्क नै हुन छाडेको वर्षौं भइसकेको थियो ।

क्यानडाको राजधानी ओटावा सहरको मध्यभागको व्यस्त ठाउँमा विक्रम दाइ एउटा भारतीय रेस्टुराँमा कुक थिए । १५ वर्षको उमेरमा गाउँ छाडेर कोलकाता छिरेका । समय र परिस्थितिको खेलसँगै जालन्धर, अहमदाबाद हुँदै अहिले क्यानडा छिरेको पनि दशक हुन लागेको थियो । 'देश खाएर शेष भइयो भाइ' लन्चका बेलामा आफ्नो कथा सुनाउँथे ।

मेरो कथा पनि त्यस्तै थियो । नेपालबाट विदेश छिर्ने चक्करमा भएजतिको तन, मन र धन लगाएर फिनल्यान्ड छिरेको थिएँ । नयाँ देशमा भाषा र जागिरको समस्याले निकै रन्थनिएको थिएँ म । अति व्यवस्थित र विकसित समाज भए पनि त्यहाँको जिन्दगीमा खासै केही रस थिएन । प्राकृतिक रूपले धनी देशको घना जंगल बीच तालछेउमा भोक्र्याएर ढुंगा हान्दै बस्नुबाहेक रमाइलो र चहलपहल खासै थिएन । सबै चिज भएर पनि केही नभएजस्तो । दुःख र सुख दुवै थिएन- एक किसिमले खल्लो थियो जिन्दगी । त्यसैले सकेसम्म विश्वविद्यालयबाट एक वर्षसम्म अर्को देशमा गएर पढ्न पाउने 'एक्सचेन्ज स्टडिज'को फाइदा उठाउन म अंग्रेजी बोल्ने देशमा जाने प्रयास गर्दै थिएँ । सिकागोमा रहेको नर्थ पार्क युनिभर्सिटीमा जान ठिक्क परेको म अमेरिकी भिसा नलागेपछि क्यानडाको 'कार्लटन युनिभर्सिटी'तिर हानिएको थिएँ, अर्को सपना बोकेर ।

ओटावा संसद् भवननजिकै ३ सय ५० डलरमा एउटा कोठा लिएको थिएँ । यो देशकै राजधानी भए पनि खासै ठूलो सहर होइन । ओन्टारियो राज्य र क्युबेक राज्य जोड्ने ओटावा नदीको नामबाट राखिएको यो सहर देशको राजनीतिक केन्द्र थियो ।

फिनल्यान्डकै मेरो विश्वविद्यालयसँग सहकार्य भएकाले मैले ट्युसन फि तिर्नु पर्दैनथ्यो । तर, विद्यार्थी भिसा भएकाले क्याम्पसबाहिर काम गर्ने अनुमति थिएन भने क्याम्पसभित्र पनि भन्नेबित्तिकै काम पाउन सजिलो

थिएन । ३ डलर बचाउन दिनको ३ किलोमिटर हिँडेर कलेज जान्थेँ । नेपाल छँदा स्वर्गकै एक टुक्राझैँ कल्पना गरिने क्यानडाका गल्ली चहार्दै हिँड्दा काठमाडौँमा डिल्लीबजार बसेर बानेश्वरको मीनभवन क्याम्पसमा मर्निङ क्लास लिन गएजस्तै भान हुन्थ्यो । फरक यत्ति थियो, काठमाडौँमा भोक लाग्यो भने एकाबिहानै मगमग बासना आइरहेको दोनोट र चिया खाइन्थ्यो । तर, यहाँ हैसियत थिएन । १ महिनापछि नै गाह्रो हुने स्थिति आइसकेको थियो । मुस्किलले सातामा एक दिन भए पनि क्याम्पसको लाइब्रेरीमा काम पाएँ । बाँकी समय काम खोज्दै जाँदा यो भारतीय रेस्टुराँ फेला पारेको थिएँ । यहाँ साताको ३ दिन काम गर्थें लुकेर ।

पञ्जाब जालन्धरको ठूलै होटलमा सेफ भएर काम गरिरहेका बेला, क्यानडाबाट गाउँ गएको समय यही साहूले आफन्तमार्फत चिनेको

रे थापा दाइलाई। अनि, जसोतसो मिलाएर क्यानडा छिराएको रहेछ। “सुरुमा त पेल्नु पेल्यो नि भाइ,” आफ्नो दुःख सुनाउँदै भने, “हप्ताको सातै दिन काम गराउँथ्यो।”

दुई जनाको सम्बन्ध पनि अजीबको थियो, एउटाले पेल्नुपर्ने अर्कोले घुर्की देखाउने। अति नै पेलेपछि ३० जना पाहुना आएको बर्थ डे पार्टीको खानामा भएभरको नुन खन्याइदिएर, ‘भयो मलाई तेरो जागिर चाहिँदैन म जालन्धर नै फर्किन्छु’ भनी झिटी-झाम्टा कस्न लागेको घटनापछि दुई जनाको शीतयुद्धमा केही सुधार आएको रहेछ। त्यसपछि धेरै काम लगाउँदैन रे, पैसा पनि समयमै दिन्छ भन्थे।

उनको जिन्दगी पनि अनौठो थियो, क्यानडा स्वर्ग नै होला भनेर आएको एउटा कोठा र होटलको उनको जिन्दगी बित्न लागिसकेछ। बाहिर निस्कँदा चिने-जानेको कोही छैन। न भाषा जानेका छन्, न त कोही सहयोगी नै छन्। एकपटक निकै न्यास्रो लागेर नेपालीको दसैं पार्टीमा गएछन्। दुई-चार जनासँग हाइ-हेल्लो गरेछन् तर कसैले वास्ता गरेनन् रे उनलाई। बेवास्ता गर्नेलाई म पनि केही दिन्नँ भन्दै झोक्किँदै फर्केछन्। नेपालीको फुर्ति देखेर अबदेखि कोही नेपाली खोज्दिनँ भन्दै बसेका रहेछन्।

वर्षौं भइसकेछ उनी क्यानडा छिरेको। ‘खोइ भाइ के भन्नु, चल्दैछ जिन्दगी’ आफ्नो गुनासो पोख्थे। म त्यो रेस्टुराँको बाहिर हेर्थें। कहिलेकाहीं किचनमा पनि भाँडा माझ्न अनि तरकारी काट्न सहयोग गर्थें। म किचनमा भएका बेला उनी हमेसा सँगै आएर कुरा गर्थे- साहूको, अरू वेटरको अनि नेपालतिरको कुरा। कहिलेकाहीं लाग्थ्यो, उनी केवल एक्लो जीवन जिइरहेका छन्। सातामा एक दिन छुट्टी हुन्थ्यो उनको, कहिले सोमबार, कहिले मंगलबार त कहिले बुधबार। जुन दिन मिल्छ त्यही दिन बिदा लिन्थे उनले।

रेस्टुराँको माथिल्लो तलामा त्यही साहूको किचन, बेडरुम, ट्वाइलेट अनि सानो बाल्कोनी भएको एउटा स्टुडियो फ्ल्याट थियो। उनी त्यहीं बस्थे, जसको भाडा तलबबाटै काटिन्थ्यो। सँगै भएपछि चाहिएका बेला जतिखेर बोलाए पनि भयो। जति काम लगाए पनि भयो। एक किसिमले त्यो एउटा बन्धनजस्तै थियो उनलाई। कहिलेकाहीं मलाई भन्थे, “ल भाइ, मलाई एउटा राम्रो कोठा खोजिदेऊ, कि दाजुभाइ मिलेर बसौं”। न त मैले उनको कुरालाई गम्भीर रूपमा लिएँ, न त उनले त्यो कुरा दोहोऱ्याएर नै भने।

उनी सञ्जय दत्तका निकै ठूला फ्यान रहेछन्। ‘घरको सिडी प्लेयर बिग्रेको छ, भाइलाई आउँछ भने यसो हेर्देऊ न’ भनी अनुरोध गरे। रेस्टुराँ ३ देखि ५ बजेसम्म बन्द हुन्थ्यो। त्यही समय एक दिन उनको फ्ल्याटमा गयौं। सफा र चिटिक्क पारेर राखेका रहेछन् आफू बस्ने घर। “हेर भाइ, जिन्दगीमा जे गरे पनि ८ घन्टा सुत्ने बिस्तरा र आधा जिन्दगी बिताउने घरचाहिँ राम्रो हुनुपर्छ,” उनको कुराले घत पऱ्यो।

उनी आफ्नो काम अनि जीवनप्रति निकै अनुशासित थिए। त्यो रात कामपछि घर फर्किने बेलामा बाटोमा थापा दाइका बारेमा सोचिरहें- उनको जिन्दगी, उनको त्यो धैर्य, अनुशासन अनि कामप्रतिको लगन। ८ कक्षा पढेर के भो त! जिन्दगीमा आखिर चाहिने त्यही कुरा न हो जुन कुनै पनि विश्वविद्यालयमा सिकाइँदैन।

मलाई पनि काममा जान रमाइलो लाग्न थालेको थियो। साहूको आँखा छलेर दाइले मीठो ल्याम्ब चप्स बनाएर दिन्थे। यो सबैभन्दा महँगो मासु हो। त्यसैले छिट्टो खाइहाल फेरि साहूले देख्ला भन्थे। अनि, फेरि थप्थे, ‘यो साहू मनको एकदम राम्रो छ, त्यही पनि देख्यो भने नराम्रो मान्छ।’

रेस्टुराँमा काम गरेको एउटा फाइदा भनेको आफूले खान पकाउन पर्दैनथ्यो। थापा दाइले आफ्ना लागि सेफ स्पेशल खाना बनाउँथे अनि जहिले पनि मेरा लागि छुट्याएर राखिदिन्थे।

उनलाई बैंक, अरू अफिसमा, यस्तो काम पऱ्यो भने साह्रै गाह्रो हुन्थ्यो। अंग्रेजी भाषा नआउने अनि चिनेजानेको पनि कोही छैन। २-३ साताअघिदेखि नै भनेका थिए, ‘भाइको छुट्टी कहिले मिल्छ मलाई भन्नु है, मैले पनि मिलाएर त्यही दिन छुट्टी लिन्छु।’ मंगलबार मेरो एउटा मात्र क्लास थियो। त्यो सकेपछि दाइलाई फोन गरेर ‘मेरो छुट्टी छ’ भनें। उनले घरमा बोलाए। ११ बजेतिर म कलेजबाट सीधै रेस्टुराँ पुगें। त्यहाँ खाना खाएर दाइको फ्ल्याटमा पसेर हामी दुई जना लागियो- ओटावा सहर घुम्न। सबैभन्दा पहिला उनको एउटा काम रहेछ पोस्ट अफिसमा। त्यहाँ गइयो, त्यसपछि थापा भाउजूको भिसा आवेदनका लागि केही कुरा बुझ्नु थियो। त्यो पनि सकियो अनि महिनौंदेखि बाँकी रहेका कागजातका काम सबै सकेपछि एक ठाउँ कफी खान बसियो।

> **अरू दिनभन्दा छुट्टै देखिन्थे थापा दाइ। वर्षौं पहिले किनेको छालाको जुत्ता चम्काएका थिए। भन्थे, ‘किनेको ३ वर्ष भयो। नढाँटी भन्दैछु, यो दोस्रो चोटि लगाएको हो। के गर्नु जाने ठाउँ कहीं छैन।’ लाग्थ्यो आज उनी जेलबाट छुटकारा भएका छन्।**

अरू दिनभन्दा छुट्टै देखिन्थे थापा दाइ। वर्षौं पहिले किनेको छालाको जुत्ता चम्काएका थिए। भन्थे- ‘किनेको तीन वर्ष भयो। नढाँटी भन्दैछु, यो दोस्रो चोटि लगाएको हो। के गर्नु जाने ठाउँ कहीं छैन।’ लाग्थ्यो, आज उनी जेलबाट छुटकारा भएका छन्। फेरि भन्थे, ‘ल भाइ जे खाने हो खाऊ है, आजको सबै जिम्मा मलाई छाडिदेऊ।’

अंग्रेजी बोल्नुपर्ने ठाउँका सबै काम थाँती राखेका रहेछन्। ती सबै काम आज फत्ते हुँदा पनि उनी खुसी थिए, ‘भाइले गर्दा धेरै सजिलो भयो।’ उनी प्रत्येक पटक खुसी हुन्थे, जुन उनको रेस्टुराँमा देखिनेभन्दा अर्कै रूप थियो।

त्यसपछि हामीहरू वेस्टगेट सपिङ मल गयौं। सँगै पढ्ने स्वीडिस केटी भेट भई बाटोमा। एकैछिन हाइ-हेल्लो भयो। ‘यो मेरो दाइ’ भनेर उसलाई चिनाएँ, निकै मस्केझैं गरेर ‘हेल्लो’ भनी। दाइ पनि मख्खै परे! त्यो दिनभरि ओ हो! भाइ गोरी मोरी निकै मस्किन्छे भन्दै कुरा गरिरहे। अनि, आत्मग्लानि भएझैं भन्थे, ‘पढेको भनेको पढेको नै हुन्छ भाइ। हाम्रा लागि त कालो अक्षर भैंसी बराबर।’

त्यत्रो वर्ष क्यानडा बस्दा पनि कतै घुम्न गएको छैन भन्थे। छुट्टीको एक दिन कलिङ कार्ड किनेर नेपालमा आफ्नो परिवार अनि भारतका पुराना साथीसँग घन्टौं गफिन्थे। एउटा अचम्मको सम्बन्ध बनिसकेको थियो थापा दाइसँग। सायद बिरानो ठाउँमा भेटिएको भएर होला। उहाँसँग काठमाडौं या नेपालको कुनै ठाउँमा भेटेको भए अवश्य पनि हाइ-हेल्लोमै सम्बन्ध सकिन्थ्यो होला। समय, परिस्थिति र ठाउँले पनि धेरै मानिसलाई नजिकिक्याउँदो रहेछ। त्यही भएको थियो, थापा दाइ र मेरो सम्बन्धमा पनि।

हेर्दा फुच्चे भए पनि आत्मसम्मान थियो उनमा। धेरै पटक मैले नेपाली समारोह, कार्यक्रममा जाऔं भनी कर गरें। तर, उनी भन्थे, ‘केही →

हुँदैन भाइ ती कार्यक्रममा । हामीजस्ता नपढेकालाई सबैले हेप्छन् । कसले घर किन्यो अनि कसले कस्तो जागिर पायो भन्नेबाहेक केही कुरै हुँदैन । यता घर किन्नेले यतैको धाक दिन्छन्, नहुनेले काठमाडौंको घरको धाक दिन्छन् ।' यस्ता धेरै किस्सा छन्, थापा दाइसँग बिताएका । मनका निकै सफा र सहयोगी भावना भएका स्वच्छ थिए थापा दाइ ।

त्यो दिन म कलेज जाऊँ कि नजाऊँ भन्दै दोधारे मन लगाएर बसेको थिएँ । कहिल्यै फोन नगर्ने दाइले फोन गरे, 'भाइ कता हो ?' 'म कोठामै छु कलेज जान लागेको' भनें । ल त भनी फोन राख्न लागेका थिए । 'कहिल्यै फोन नगर्ने मान्छे तपाई केही काम थियो कि' भनी मैले सोधेँ । 'होइन-होइन, मेरो आज छुट्टी, यत्तिकै तिम्रो एरियातिर आएको थिएँ त्यसैले फोन गरेको' भने ।

मलाई थाहा भइसक्यो, उनी मेरै लागि आएका छन्, होइन भने कहिल्यै कोठाबाट ननिस्कने किन यहाँसम्म आउँथे । मैले तपाई कहाँ हो म लिन आउँछु भनें । सायद उनले मलाई अप्ठेरो नहोस् भनी त्यसो भनेको हुनुपर्छ । म उनलाई लिन गएँ अनि हाम्रोमा जाऔं भनें । पहिला त जानै मानेनन्, पछि आए । मेरो कोठा लथालिंग थियो, एउटा १४ इन्चको टिभी, ल्यापटप र सानो बेड । अपार्टमेन्टमा तीन जनाले सेयर गर्ने किचन पनि कहिल्यै प्रयोग गर्दैनथें । त्यही रेस्टुराँबाट ल्याएको खाना खान्थें भने अरू बेला ब्रेड र अन्डा खाएर काम चलाउँथे ।

सधैं मीठो-मीठो बनाएर खुवाउने दाइ कोठामा आएका बेला मेरो हालत देखाउनुपर्दा कता-कता अप्ठेरो लागेको थियो मलाई । खानेकुरा थिएन । फ्रिजमा पनि मेरो केही थिएन । बोलिभियाको अर्को साथीको फ्रिजको सेक्सनबाट म्याङ्गो जुस निकालेर दाइलाई दिएँ । उनले मेरो कोठा अवलोकन गरे । पुरानो मैलो पर्दा, सफ्ट ड्रिंक क्यानडा ड्राइका क्यान, कफी खाएर कट्कटिएका ३-४ वटा जुठा कप नियाले तर केही भनेनन् ।

'ल भाइ जाऔं बाहिर पसलतिर' भनी मलाई उठाए, म ट्राउजर र घरमै बस्ने टिसर्ट लगाएर निस्कें दाइसँगै । एउटा मासुपसलनेर टक्क अडिएर भने, 'आज तिम्लाई खतरा बंगुरको मासु खुवाउँछु ।' त्यहाँ एक किलो मासु किनेर फेरि नजिकैको इन्डियन पसलमा छिर्यौं मरमसला किन्न । घरमा आएर दाइले बंगुर फ्राइ गरे । त्यो कोठामा बसेको महिनौं हुँदा पनि मैले त्यसरी पकाएर कहिल्यै खाएको थिइनँ । मेरो जीवन झन् थापा दाइको भन्दा गए-गुज्रेको भएको अनुभव गरें त्यो दिन ।

बिहान उठ्यो, कलेज गयो, त्यही ल्यापटपमा घोत्लियो बिहानदेखि साँझसम्म । कलेज गयो फेरि आयो । एक्लो निरस थियो मेरो जिन्दगी ।

एक वर्षका लागि आए पनि मलाई ६ महिनामै क्यानडा अघाइसकेको थियो । म एक सेमेस्टर सकेर फेरि बाँकी पढाइ सक्न फिनल्यान्ड फर्किन थालें । र, सबैभन्दा सस्तो टिकट पाउने दिन रोजें, जुन चार दिनपछि थियो ।

जाने दिन दाइ मलाई छाड्न ट्याक्सी चढेर एयरपोर्ट आए । सधैं हँसीमजाक गर्ने, नबोली एकछिन बस्न नसक्ने दाइ मेरो कोठाबाट एयरपोर्टसम्मको ३० मिनेटको बाटोमा एक शब्द पनि बोलेनन् । म पनि दाइलाई अप्ठेरो नहोस् भनी सञ्जय दत्तको नयाँ फिल्मका बारेमा सोधेर कुरा मोड्न थालें तर दाइ चुपचाप देखिन्थे ।

छुट्टिने बेलामा हात मिलाउँदै भने, 'ल भाइ, राम्रोसँग पढेर ठूलो मान्छे बन्नू, जति पढे पनि नपढेकालाई नहेप्नू ।' ◆

मापसे जाँच्ने प्रविधि

अन्तर्राष्ट्रिय यातायात सञ्जाल कम्पनी उबरले आफ्ना गाडीमा सवार यात्रुले मादक पदार्थ सेवन गरे-नगरेको पत्ता लगाउन आर्टिफिसियल इन्टलिजेन्स (एआई)युक्त प्रविधि ल्याउन लागेको छ । यसका लागि अमेरिकामा उबरले ७ जुनमा पेटेन्ट दर्ता गरिसकेको छ । आफ्ना सवारी चालकको सुरक्षार्थ यो प्रविधि अपरिहार्य रहेको कम्पनी सञ्चालकको भनाइ छ ।

पेटेन्ट निवेदन अनुसार यसमा समाविष्ट एआई प्रविधिले सुरुमा प्रयोगकर्ताका स्थान, समय र व्यवहार निर्धारण गर्नेछ । कुनै बार वा पबवरिपरिको स्थान देखिए प्रयोगकर्ताले मापसे गरेको सम्भावना देखिनेछ । अझ साँझ वा रातको समयमा यो सम्भावना बढी हुनेछ । अन्य अवयवमा प्रयोगकर्ताले टंकण गर्दा गरेका गल्ती (टाइपो), खुट्टाको चाल, कुनै बटन थिच्दा हात लर्बराउने तरिका, गाडी मगाउन लगाउने समय आदिलाई राखिनेछ ।

नेपालमा उबरको शाखा छैन । यसका विकल्पमा एडी क्याब, सारथि क्याब, कावा राइड्सजस्ता सेवा भने उपलब्ध छन् ।

बन्द हुँदै याहु मेसेन्जर

प्रयोगमा आएको २० वर्षपछि *याहु मेसेन्जरले* आफ्ना सुविधा बन्द गर्ने भएको छ । १७ जुलाईदेखि यसका सम्पूर्ण सेवा बन्द हुने भए पनि यसमा भएका सम्पूर्ण डाटा ब्याकप गर्न प्रत्येक प्रयोगकर्तालाई ६ महिने समय दिइनेछ । यसको विकल्पका रूपमा याहुले स्क्वीरल नामक च्याट एप्लिकेसन ल्याउने भएको छ ।

आफ्नो २० वर्षे जीवनकालमा *याहु मेसेन्जरले* विभिन्न उतारचढाव पार गर्‍यो । सन् २००४ मा *फेसबुकको* आगमनसँगै यसको अस्तित्व नै संकटमा पर्न गयो । च्याट सेवामा मात्र सीमित *याहु मेसेन्जरलाई फेसबुकका* विभिन्न आयामका कारण कम रूचाइन थालियो । अझ सन् २०१३ मा यसका सम्पूर्ण डाटा ह्याक

प्रविधिमैत्री सुविन

“प्रविधिमैत्री हुंदाहुंदै प्रविधिको दास भएको सुइँकै पाइएन,” आख्यानकार सुबिन भट्टराई भन्छन् । थुप्रै ग्याजेट प्रयोग गरिसकेका उनी प्रविधिले जमाएको अस्वस्थ आधिपत्यमा खुसी भने छैनन् । पहिले कम्प्युटर र फोन आममानिसको पहुँचमा नहुँदा मानिस-मानिसबीच सुमधुर सम्बन्ध हुने गर्थ्यो । पछि सिंगो टोलमा एउटा घरमा मात्र टिभी हुंदा पनि त्यो सम्बन्धमा ह्रास आएको देखिँदैनथ्यो । भन्छन्, “अर्को ग्रहमा भइरहेका घटनाबारे थाहा पाउन त प्रविधिले सहज पारिदियो । तर, कसैलाई आफ्नै घरमा के भइरहेको छ नै पत्तो हुंदैन ।”

उनी आफ्ना प्रिय ग्याजेट म्याकबुक एयरमा नै लेख्छन् । यसलाई आफ्नो बेस्ट फ्रेन्ड भन्न रुचाउँछन् । म्याकबुक किन्नुभन्दा पहिले उनी एसरको ल्यापटप चलाउँथे । ब्याट्री धेरै नटिक्ने, सुस्त गतिमा चल्ने र भाइरसले धेरै सताइरहने हुंदा उनमा यसप्रति वितृष्णा बढ्दै गयो । भन्छन्, “मेरो एसर ल्यापटपको राम्रो पक्ष त्यसमा भएको पाँच सय जीबीको हार्ड डिस्क मात्रै थियो । बाँकी सबै भुर ।”

सुबिन फोटोग्राफीका सौखिन हुन् । कतै जाँदा केही कुराले आकर्षित गरे फोटो खिचिहाल्ने बानी छ उनको । यसका लागि उनी निकोनको डी-५२०० प्रयोग गर्छन् । यसको गुणस्तरीय अडियो-भिडियोले पनि उनको मन लोभ्याएका छन् । तर, सबैतिर क्यामेरा बोकेर हिंड्न सम्भव पनि हुंदैन । त्यसैले उनले फोटोग्राफीका लागि आइफोन ६ एस्को प्रयोग गर्दै आएका छन् । *फेसबुक, ट्वीटर* र *इन्स्टाग्राम*मा अपडेटेड रहन पनि उनी आइफोन नै प्रयोग गर्छन् । यसबाहेक उनीसँग एप्पलको आइप्याड छ । “आइप्याड नयाँ हुंदा खुब चलाउँथें । अहिले नचलाएको धेरै समय भइसक्यो,” उनी भन्छन् । फोटो तथा भिडियो खिच्न उनी ड्रोन खरिद गर्न चाहन्छन् । ड्रोन प्रयोग गर्दा आइपर्ने कानुनी अड्चनबारे पनि अवगत छन् ।

बाल्यकालमा प्रयोग गर्ने वाकम्यान अहिले बजारबाट हराइसक्यो । तर, उनको मानसपटलमा अझै ताजा छ, त्यो समय । टाइपराइटर र कर्डलेस फोनजस्ता पुराना ग्याजेटले उनलाई अझै आकर्षित गर्छन् । कम्प्युटर भन्नेबित्तिकै उनका आँखाअगाडि अझै सीआरटी मनिटरको दृश्य आउँछ ।

भए । २०१६ सम्म यो तथ्य आधिकारिक रूपमा बाहिर आएन । तथ्य बाहिर आएपछि पनि एक अर्ब अकाउन्टका विवरण मात्र चोरिएको भनियो । विज्ञहरूको टोलीको एक छानबिनमा एक अर्ब नभएर तीन



अर्ब अकाउन्ट यसबाट प्रभावित भएको भेटियो । यस्तै, विभिन्न कारणले अब यसको २० वर्षे लामो यात्रामा पूर्णविराम लगाउन लागिएको हो ।

नेपालमा एउटा पिंढीले *याहु मेसेन्जर*कै माध्यमबाट इन्टरनेटसँग साक्षात्कार गर्ने मौका पायो । अन्य सामाजिक सञ्जाल नहुंदा यसमै साथी बनाउने र अन्तर्क्रिया गर्ने ठूलो जमातका लागि यो सधैं अविस्मरणीय रहनेछ ।

विश्वकप भविष्यवाणी



विश्वकप फुटबल सुरू भइसकेको छ र सबैले आफ्नो प्रिय टोलीको चयन गरिसकेका छन् । यसै सन्दर्भमा एन्ड्रियास ग्रोल र युनिभर्सिटी अफ डर्टमन्डका केही अनुसन्धानकर्ता मिलेर बनाएको मसिन लर्निङ एल्गोरिदमले यस विश्वकपको विजेता जर्मनी हुने पूर्वानुमान गरेको छ ।

विभिन्न कारकतत्त्वलाई लक्षित गरी प्रतिपादित यस सिद्धान्तमा र्‍यान्डम फरेस्ट अप्रोच नामक पारम्परिक तथ्यांकविधि प्रयोग भएको छ । समर्थकको अनुमानित संख्या, सहभागी राष्ट्रको फिफा र्‍याकिङ, प्रत्येक खेलाडीका व्यक्तिगत विशेषता आदि यसका अवयव मानिएका छन् । यी सबैलाई आधार मानी निर्माण गरिएको डिसिजन ट्रीले विश्वकप फाइनलमा जर्मनीले ब्राजिललाई परास्त गर्दै विजयध्वजा फहराउने सम्भावना रहेको देखाएको छ ।

संयोजन : विभु

महाभारतको झल्को

शब्द/तस्बिर : आरके अदीप्त गिरी

ठूलो हरियो पाटन । बुर्कुर्सी मार्दै कुदिरहेका बलिष्ठ घोडामा योद्धाजस्ता तन्नेरीहरू । लाग्थ्यो, महाभारतमा वर्णन गरिएको कुरूक्षेत्र यही हो । खप्तडको बाइसपाटनमा भएको घोडादौडले महाभारतमा वर्णित योद्धा र अश्वदौड सम्झाउँथ्यो । त्यसो त, यो हरेक वर्ष हुने प्रतियोगिता हो । बझाङ, बाजुरा, डोटी र अछामको साझा धार्मिक एवं पर्यटकीय संगमस्थल खप्तडमा बर्सेनि १० जेठमा गंगादशहरा मेला लाग्छ । त्यसैको अघिल्लो दिन यहाँ घोडादौड प्रतियोगिता हुन्छ ।

बलिष्ठ र बाक्लो यालसहितको श्वेत अश्वले सबैलाई उछिन्यो, जसमा सवार थिए- बझाङ छान्नाका सहिल रावल । यस वर्षका लागि रावल प्रथम भए भने बझाङकै खम्सेर नेपाली र बाजुराका जगत रावलले दोस्रो र तेस्रो स्थान हासिल गरे ।

खप्तड क्षेत्रमा परम्पराकै रूपमा बर्सेनि घोडादौड प्रतियोगिता आयोजना गरिंदै आएको छ । छिमेकीदेखि टाढाटाढाका जिल्लाबाट घोडा दौड हेर्न ठूलो संख्यामा दर्शक खप्तड पुग्ने गर्छन् । घोडाको टापको आवाज, दर्शकको हुटिङ र अश्वदौडमा उडिरहेको धूलोले खप्तडको विशाल पाटन दुन्दुभि बजाइरहेको युद्धभूमिझैं प्रतीत हुन्छ । ◆

फिल्म नपाएपछि...

पहिलो फिल्म *अन्तराल*मा नम्रता सापकोटाको चरित्र र अभिनयले प्रशंसा कमायो । त्यसैले उनको करिअरले गति लिने विश्वास गरिएको थियो । तर, पाँच वर्ष बित्यो, उनले एउटै फिल्ममा मुख्य भूमिका पाएकी छैनन् । अर्थात्, उनको फिल्मी यात्रा कछुवाको चालजस्तै भएको छ । उनी अभिनीत *छक्का-पन्जा* सुपरहिट भयो । तर, सहायक भूमिकामा सीमित थिइन् । जस पाउने कुरै भएन । प्रदर्शनको पर्खाइमा रहेको *समर लभ*मा पनि उनको भूमिका मुख्य होइन । यस्तै-यस्तै कारणले हुनुपर्छ, आइटम डान्समै चित्त बुझाउनु परेको छ । २९ जेठमा दिनेश श्रेष्ठ निर्देशित *चीं मुसी चींं*को शीर्ष गीत *युट्युब*मा रिलिज भयो, जसमा नम्रताले कम्मर मर्काएकी छन् । यसअघि दिनेशकै फिल्म *शकुन्तला*मा उनको आइटम डान्स थियो । उनलाई म्युजिक भिडियोको पनि कमी छैन । खडेरी त फिल्मको न हो । ♦

» पूर्वमिस नेपालको प्रतीक्षा

***गाजलु*ले** ठीकठाक व्यापार गर्‍यो । सृष्टि श्रेष्ठले दुई-चार अवार्ड जितिन् । उनलाई भविष्यकी स्टारका रूपमा हेरियो । पूर्वमिस नेपाल जो परिन् । दुई वर्ष पूरा भएछ तर उनको दोस्रो फिल्म दर्शकले हेर्न पाएका छैनन् । जबकि, उनी सँगसँगै करिअर सुरु गरेकी साम्राज्ञीराज्यलक्ष्मी शाह चर्चाको चुलीमा छिन् । त्यसो त यसबीच उनले फिल्मै नपाएकी भने होइनन् । तीन फिल्म खेलिन्, *लाउरे*, *बाँध मायाले* र *रोमियो एन्ड मुना* । तर, सबै पोस्ट प्रोडक्सनमा अल्झिएर तनाव । *बाँध मायाले* र *लाउरे*को अझ टुंगो छैन, *रोमियो एन्ड मुना*चाहिं ११ साउनमा प्रदर्शन हुँदैछ । तर, समस्या कहाँनेर छ भने प्रदर्शनको करिब एक महिना बाँकी रहँदा पनि *रोमियो एन्ड मुना*ले अपेक्षाकृत 'हाइप' बटुल्न सकेको छैन । ♦

» रामकहानीको भर

डेब्यु फिल्म नै फ्लप हुंदा कलाकारलाई आपत् पर्छ । कोही त दोस्रो मौका नपाई हराउँछन् । आकाश श्रेष्ठको हकमा त्यस्तो भएन । *म त तिम्रै हुँ*बाट रजतपटमा हाम फाले, मुख्य भूमिका उनकै थियो । तर, बक्स अफिसमा फिल्मको प्रदर्शन निराशाजनक भइदियो । तैपनि, शिशिर राणाले *तिमीसँग* खेलाए, प्रचार-प्रसारमा उनलाई प्राथमिकता दिइयो । यसले पनि राहत दिएन । अचम्म लाग्ला, यी हिरोको अझै तीन फिल्म प्रदर्शन हुन बाँकी छन्, *ड्रिम गर्ल*, *ब्ल्याक* र *रामकहानी* । यीमध्ये *ब्ल्याक* र *ड्रिम गर्ल*को प्रदर्शन मिति पटक-पटक सरिरहेको छ । खास चर्चा पनि छैन । त्यसैले उनलाई भर छ, *रामकहानी*बाट । सुदर्शन थापा निर्देशित यस फिल्ममा उनले पूजा शर्मासँग रोमान्स गरेका छन् । सुदर्शन र पूजाको जोडीले यसअघि लगालग दुई हिट फिल्म *प्रेमगीत* र *म यस्तो गीत गाउँछु* दिएकाले पनि आकाश आशावादी बनेका हुन् । र पनि, फ्लप रेकर्डमा ह्याट्रिक होला भन्ने भय त छँदैछ । ♦



भीम बाको लडाइँ

दोस्रो विश्वयुद्ध लडेका बहादुर सिपाही, रेडियो प्रस्तोता, श्रव्य-नाटक लेखक र लोकप्रिय कलाकार । उनका परिचय अनेक छन् । यसभन्दा माथि, मिलनसार स्वभाव । जोसँग परिचय भयो, उही उनको व्यक्तित्वको फ्यान हुन्थ्यो । उनको भोगाइ अरूलाई दन्तेकथाझैं लाग्थ्यो । कुनै समय उनको आवाज सुन्नासाथ जो-कोही भन्थे, 'सैनिक कार्यक्रम रूपकमा बोल्ने सेनानी ।' उनी अर्थात्, भीमबहादुर थापा ९२ वर्षको उमेरमा अस्ताए । लामो समयदेखि छाती, फोक्सोलगायत समस्याबाट पीडित थापाको काठमाडौं मैतीदेवीस्थित घरमै ३० जेठमा निधन भएको हो ।

विसं १९८३ असार १३ गते खोटाङमा जन्मिएका थिए थापा । गाउँमा अध्ययनको मेलोमेसो मिलेन । बरू ब्रिटिस सेनामा भर्ती भए, १३ वर्षकै कलिलो उमेरमा । युद्ध के हो, थाहै थिएन । तैपनि, प्रतिमहिना ३५ रुपियाँ भारूको लोभमा लाहुर गए । दोस्रो विश्वयुद्धमा बर्मामा गएर अनवरत लडे । आदेश एउटै हुन्थ्यो- मार्नु कि मर्नु । केही वर्षअघि *नेपाल*सँगको कुराकानीमा उनले भनेका थिए, "मैले कति जनालाई मारेँ, ठ्याक्कै भन्न सक्दिनँ तर दुई हजारभन्दा माथिकै संख्यामा मारियो होला ।" विवशता कस्तो हुन्थ्यो भने शत्रु होइन, कहिलेकाहीं आफ्नै घाइते साथीमाथि गोली दाग्नुपर्थ्यो । उपचारको प्रबन्ध हुँदैनथ्यो अनि घाइतेलाई जिउँदो नछाड्नु भन्ने आदेश हुन्थ्यो ।

विश्वयुद्ध रोकियो । अनि, स्वदेश फर्किए, २००२ मा । यहाँ आउनासाथ तत्कालीन शाही नेपाली सेनाको 'चौबीस पल्टन'मा भर्ती भए । तलब थियो, जम्मा ९ रुपियाँ । त्यसमध्ये पनि ४ रुपियाँ बचाएर घर पठाउँथे । युद्धकला त छँदै थियो, नाचगानमा पनि उस्तै उस्ताद । बडो रमाइलो स्वभावका । यी गुणको मिश्रण भएकाले हुनुपर्छ, तत्कालीन राणा प्रधानमन्त्री मोहनशमशेरको बडीगार्डमा छानिए ।

त्यतिबेलासम्म थापाले नाम कमाएका थिएनन्, दाम मात्र थियो । त्यसपछि उनले नाम पनि कमाए, *रेडियो नेपाल*को सैनिक कार्यक्रममा *रूपक* चलाउने अवसर पाएर । संवत् ००८ मा रेडियो नेपाल छिरे र अनवरत ३७ वर्ष बोले । यसबीचमा दर्जनौं श्रव्य-नाटक लेखे, खेले अनि बनाए । अर्थात्, यसबीचमा उनको जीवन पूरै कायापलट भयो, विश्वयुद्ध लडेको मान्छे बन्दुक छाडेर कलम समाए । ०४१ मा मेजर पदबाट सेवानिवृत्त भए । तर, उनको कलाकारिता रोकिएन ।

'रेडियो रूपक'का पर्यायका रूपमा थापाले काफी ख्याति कमाएका थिए । यसलाई फराकिलो बनाए, टेलिसिरियल र फिल्मले । संवत् ५० को दशकमा *देवी* नामक टेलिसिरियलले उनलाई प्रसिद्धि दिलायो । हास्य टेलिफिल्म *तीतो-सत्य*बाट त्यस्तै लोकप्रियता कमाए । ८० वर्ष कटिसक्दा पनि उनको फुर्तिलो ज्यान र गहकिलो आवाजले धेरैको मन जित्यो । उनले १५ नाटक, ६८ फिल्म र डेढ सय टेलिसिरियल खेले । *छक्का-पञ्जा २* उनले खेलेको अन्तिम फिल्म हो । प्रायः फिल्म र टेलिफिल्ममा रिटायर्ड आर्मीकै रूपमा देखापर्थे । तर, अफर आए पनि अस्वस्थताका कारण केही समययता फिल्म खेल्न सकिरहेका थिएनन् । धर्मकर्ममा लीन लिए । फिल्मवृत्तमा उनलाई अभिभावकका रूपमा आदरसम्मान गरिन्थ्यो ।

थापाले लामो समय दीपाश्री निरौलाको *तीतो-सत्य*मा बुबाको भूमिका निर्वाह गरे । सोही कारण दीपाश्रीले उनलाई धर्मपिता बनाएकी थिइन् । उनै दीपाश्रीले थापाको देहान्तपपछि भावुक हुँदै *फेसबुक*मा लेखेकी छन्, "यति धेरै माया गर्ने बुबालाई कसरी अलबिदा भनुँ म !'

गोकर्ण गौतम

'स्लो रेस'

गोकर्ण गौतम

रोमान्स, एक्सन अनि ट्वीस्टका कारण रेस र रेस २ काफी रुचाइयो । यही फिल्मको संस्करण रिलिज भएको छ, रेस ३ । यसपटक सलमान खान पनि छन् । सलमानको अहिलेसम्मकै ठूलो बजेटको फिल्म हो यो । अपेक्षाले शिखर चुम्ने भइहाल्यो । यस्तै आश लिएर हल पुग्दा निरास हुनुपर्छ । एकाध ट्वीस्ट र आकर्षक एक्सन सिक्वेन्सबाहेक फिल्ममा खास केही छैन । निर्देशक रेमो डिसुजामा फिल्मको आवरण भव्य र स्टाइलिस बनाउने ध्याउन्न मात्र देखिन्छ । प्लट नै कमजोर भएपछि जति नै गाडी उडाए वा बम-गोली पड्काए पनि त्यसले रोमाञ्चकता नदिने रहेछ ।

२ घन्टा ४० मिनेट लामो यस फिल्म सलमानको स्टारडमले मात्र थेगिने कुरै भएन । त्यसो त, फिल्ममा अनिल कपुर, बबी देवल, ज्याकलिन फर्नान्डेज, डेजी शाह, शकिब सलिमलगायत गिनेचुनेका कलाकारको भीड नै छ । तर, पर्दामा खास जादू देख्न पाइन्न । एक्सन दृश्यचाहिँ हलिउड स्तरकै लाग्छ ।

खासमा यो एउटा पारिवारिक अन्तरद्वन्द्व र जालसाजीको कथा हो । शमशेर सिंह (अनिल) ले आइल्यान्ड अल सिफामा अवैधानिक हतियार निर्यात गर्छन् । भारत फर्केर काम गर्न चाहन्छन् । तर, आपराधिक पृष्ठभूमिका कारण फर्कने अवस्था छैन । त्यसमाथि राना (फ्रेडी दारुवाला)ले तनाव दिइरहन्छ, जसबाट उनलाई सौतेनी छोरा सिकन्दर (सलमान) र आफ्नै जुम्ल्याहा सन्तान सञ्जना (डेजी) र सुरज (शकिब)ले जोगाउँछन् । तर, सिकन्दरलाई सञ्जना र सुरज देखिसहँदैनन् । सम्पत्ति र शक्तिमा आँखा लगाउँछन् । यस्तो अवस्थामा परिवारलाई बचाउँदै आफ्नो धन्दालाई निरन्तरता दिन शमशेर सफल होलान् ? यही वरपर अल्झिएको छ फिल्म ।

पैसा र स्टारडमले मात्र दर्शकलाई बाँधिराख्दैन । त्यसका लागि पटकथा नै कसिलो हुनुपर्छ । तर, नाम रेस भए पनि यसको पटकथा ज्यादै धीमा छ, खुकुलो छ । सुरुआती आधा घन्टासम्म दनादन एक्सन आउँछ । लाग्छ, पक्कै केही हुँदैछ, जसले पर्दामा ध्यान खिच्दै लानेछ । तर, जब मुख्य कलाकार एकै ठाउँमा आउँछन्, फिल्म कछुवाको चालभन्दा सुस्त हुन्छ । पटकथाकार सिराज अहमद घिसिपिटी ट्वीस्ट र प्रस्तुतिभन्दा रत्तिभर माथि उठ्न सकेका छैनन् । थ्रिलर र सस्पेन्स फिल्मप्रेमी मात्र होइन, रेसका अघिल्ला दुई संस्करण हेरेकालाई पनि कुनै ट्वीस्टले छुँदैन । घटनाक्रम अनुमानभन्दा खास बाहिर जाँदैनन् । अर्थात्, थ्रिलर जनराको आधारभूत साखसमेत बचेको छैन । त्यसमाथि बेतुकमा आइरहने गीतले फिल्मको बहाव अझ बिथोलेको छ ।

> **पैसा र स्टारडमले मात्र दर्शकलाई बाँधिराख्दैन । त्यसका लागि पटकथा नै कसिलो हुनुपर्छ । तर, नाम रेस भए पनि यसको पटकथा ज्यादै धीमा छ, खुकुलो छ ।**

हिरोको मिसन भयंकर र विश्वसनीय हुँदा मात्र एक्सन प्रभावकारी लाग्छ । सलमानकै *टाइगर जिन्दा* हैलाई उदाहरण मान्न सकिन्छ । यो अहम् विशेषतालाई *रेस ३* ले आत्मसात् गरेको छैन । कथालाई सशक्त बनाउने उद्देश्यले भन्दा फगत एक्सन सिक्वेन्सकै लागि मेलोड्रामा घुसाइएको छ । सलमानको परिवारप्रेम, सुरज-सञ्जनाको आक्रोश, यश (बबी देवल)को वफादारी, जेसिका (ज्याकलिन) को चरित्र अनि शमशेरको सन्तानप्रेम दर्शकसम्म प्रवाह हुन्न । भिलेन रानालाई त निर्देशकले कथा होइन, आफ्नो अनुकूलता अनुसार प्रयोग गरेका छन् । यद्यपि, कन्टेन्ट र प्रस्तुति सुख्खाप्रायः भए पनि फिल्मको प्राविधिक पक्ष उम्दा छ । दुबई, कम्बोडियादेखि थाइल्यान्डसम्म कैद गरिएका एक्सन दृश्य जबर्दस्त छन् । दुबईको एक्सन सिक्वेन्स *इन्सेप्सन, द डार्क नाइट*जस्ता 'ए' ग्रेडका हलिउड फिल्मका एक्सन निर्देशक टम स्थुर्ससको कोरियोग्राफी छ । ब्याकग्राउन्ड स्कोर र खिचाइ पनि अब्बल लाग्छ ।

स्टारडम त छँदैछ, मुद्दा बोकेको अर्थपूर्ण फिल्मतिर सलमानको झुकाव देखिन थालेको थियो । तर, यसपटक कथा र चरित्र छनोटमा चुकेका छन् । भलै, पर्दामा उनको उपस्थिति उति नै सानदार छ । अनिल कपुर आकर्षणको केन्द्रमा छन् । उनको हुलिया, चालढाल र संवाद बोल्ने शैली गज्जबको छ । यस फिल्मलाई बबी देवलको 'कमब्याक' मान्न सकिन्छ । ज्याकलिन, डेजी, शकिबलगायत कलाकार पनि अभिनयका हिसाबले कमजोर लाग्दैनन् । सात गीत छन्, तर 'वाह !' भन्न लायक एउटै छैन । न न्यारेटिभलाई उकास्न कुनै भूमिका खेलेका छन् । यो फिल्म पटकथाकार र निर्देशकको साँघुरो सोच अनि स्टारमाथि निर्भर हुँदाको परिणाम हो भन्न किञ्चित हिच्किचाउनु पर्दैन ।

सलमानका 'डाइहार्ट फ्यान' को तैबिसेक चित्त बुझ्ला । बाँकीलाई *रेस ३* 'स्लो' लाग्छ । पर्दामा फिल्म चलिरहँदा आफूलाई मोबाइल चलाउन मन लाग्छ । ◆

अचानक

'विश्वकपको सपना देख्छु'

राष्ट्रिय फुटबल महिला टिमकी स्ट्राइकर **सावित्रा भण्डारी**ले सशस्त्र प्रहरी बलको विभागीय क्लब एपीएफबाट खेलेर चौथो साफ महिला च्याम्पियनसिपमा सर्वाधिक गोलकर्ताको कीर्तिमान राखेकी थिइन् । सोही प्रतियोगितामा भुटानविरूद्धको खेलमा भण्डारीले एउटै खेलमा दोहोरो ह्याट्रिक गरेर अर्को कीर्तिमानसमेत राखेकी थिइन् । विश्वकप फुटबल फिभर छाएका बेला साम्बा नामले चिनिने स्ट्राइकर भण्डारीसँगको संवाद :

विश्वकप कत्तिको लागेको छ ?

काठमाडौँको दरबारमार्गमा ओपनिङ कार्यक्रम राख्नुभएको थियो, हरि खड्काले ३१ जेठमा । त्यहाँ अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारी र थुप्रै खेलाडी आएका थिए । रमाइलो हुँदैछ ।

पुरुष विश्वकप फुटबलको चर्चा छ । तर, महिला विश्वकप हुन्छ कि हुँदैनजस्तो किन ?

पुरुष विश्वकपमा फुटबलको भन्दा महिलाको कमै महत्त्व भएजस्तो गरिन्छ । यसमा फिफाको पनि कमजोरी छ ।

नेपाली महिला फुटबल प्रतियोगिताको अवस्था पनि त्यस्तै हो कि ?

महिला फुटबलमा प्रधानसेनापति कप र एन्फाको वुमेन्स लिग मात्रै हुन्छ । एन्फा लिग पनि नियमित छैन ।

विश्वकप फुटबलको मैदानमा उत्रिएको कल्पना पनि गर्नुभएको छ ?

कल्पना मात्रै होइन, सपनै देख्छु । जितेर नेपालको झन्डा फहराउँदै मैदानमा दौडेको देख्छु । युरोपेली क्लबबाट खेलेको पनि देख्छु । तर, त्यो हाम्रा लागि सपना मात्रै हो । एउटा दुइटा प्रतिस्पर्धाले त्यहाँ पुग्न सकिँदैन । हाम्रो अवस्था एकदम नाजुक नै देख्छु ।

नेपाली फुटबल विश्वकप खेल्ने हैसियतमा नपुग्नुको प्रमुख कारण शारीरिक बनोटलाई मानिन्छ, त्यस्तै हो ?

मलाई त त्यस्तो लाग्दैन । साफमा हामीले भारतबाहेक सबैलाई जितेकै हुन्छौँ । हामीलाई पोषण पुग्दैन । समाज, परिवारबाट निरन्तर रूपमा पिछडिनुपर्छ । सरकारले खेललाई सहयोग, सुविधा दिएको छैन । यस्तो भद्रगोलले हाम्रो खेल नसुधारिएको हो ।

परिवारबाट सहयोग छ कि छैन ?

सानोमा आमाले खेल्न त्यति दिनुभएन । उहाँले काम खोज्नुहुन्थ्यो । म काम सकेर वा चुटाइ खाएरै भए पनि लुकीलुकी खेल्न जान्थेँ । महिला मात्रै खेल्न टिम नै पुग्दैन थियो अनि दाइहरूसँग मिसिएर खेल्थेँ । बुबाको सपोर्ट थियो ।

फुटबलरको सपना कहिले देख्नुभएको हो ?

टिभीमा जमुना गुरुङहरूले एउटा महिला अन्तर्राष्ट्रिय खेल जितेको देखेकी थिएँ । मिति बिर्सिएँ । वान टु वान पास खेलेर मज्जाले गोल हान्नुभएको थियो । दिदीलाई देख्दा म रुन मात्रै सकेको थिइनँ । त्यतिबेला ममा फुटबल खेल्ने व्यवस्थित ज्ञान थिएन । तालिम थिएन । तर, म आफैँले गोल हानेजस्तो लाग्यो । टिभीमा यो सबै देख्दा मलाई खेल्न ठूलो हौसला भयो ।

प्रहरीको विभागीय टिम एपीएफमा आबद्ध नभएको भए फुटबलमै टिकिराख्न सकिन्थ्यो ?

एकदमै गाह्रो हुन्थ्यो । क्लबहरूले अनुबन्ध गरे पनि महिला फुटबलरलाई पाँच/सात हजार रुपियाँ मात्रै दिन्छन् । काठमाडौँमा आएर खेलेपछि परिवारले आर्थिक सहयोगको अपेक्षा गरेको हुन्छ । तर, त्यति पैसामा आफू बाँच्नु कि परिवारको अपेक्षा हेर्नु ? विशुद्ध फुटबलर मात्रै भएको भए सायद म यहाँ हुन्न थिएँ कि !

फुटबलर प्रायः हेयर स्टाइलका पारखी किन हुन्छन् ?

विश्वस्तरीय खेलाडीले आफ्नो हेयर स्टाइल बदलिरहन्छन् । विशेषगरी पोग्बा, रामोस, रोनाल्डोले । मैले पनि उनीहरूकै देखेर सिको गरेकी हुँ ।

कोही महिला फुटबलरको खेलले तपाईंलाई लोभ्याउँछ ?

कार्ली लोयड । यी अमेरिकी खेलाडीको स्कोरिङ गर्ने तरिका एकदमै मन पर्छ । रक्षापंक्तिसँग भिडेर गोल हान्ने (ड्यासिङ, पुसिङ र स्कोरिङ) गज्जबको क्षमता छ यिनमा । एकदमै शक्तिशाली प्रहार छ ।

आफूले खेलेको कुन खेल सम्झिनुहुन्छ ?

चौथो साफ वुमेन्स प्रतियोगिताको भारतविरुद्धको खेल । भारतको सिलिगुडीमा भएको खेलमा मैले पेनाल्टीबाट गोल गरेकी थिएँ । त्यतिबेला भारतले दुई गोल गरेको थियो । २-१ भएकाले जितिन्छ भन्ने आशा थियो । तर, ३-१ ले हारियो ।

साम्बाको अर्थ के हो ?

कपाल केटाको जस्तै छोटो थियो । अनि, एपीएफकै दिदीहरूले कपाल सुहाउँदो नाम राखिदिनुभयो 'साम्बा' भनेर ।

मनबहादुर बस्नेत

॥ विजयराज खनाल

छद्‍मभेषी बजार गुरु

सेयर बजार बढ्दा त्यसलाई बाढीको संज्ञा दिने परिपाटी अन्य मुलुकमा पनि छ । नेपाल यसै पनि धेरै नदीनाला भएको देश । यही कारण होला यहाँ आउने बाढीको उछाल सानोतिनो हुँदैन । यो उछालमा नयाँ-नयाँ लगानीकर्ता पस्ने र फस्ने मात्र होइन, विज्ञ जन्मिने पनि गरेका छन् ।

केही समयअगाडि बजारमा यस्तै अदृश्य गुरु टोलीको जन्म हुन थाल्यो । सशरीर उपस्थित नभए पनि यस्ता फेसबुके छद्‍मभेषी गुरुहरू बजारलाई डोऱ्याउन सक्ने बलवान् रहेको देखाउने भगिरथ प्रयासमा लाग्दै गए । बजारै नबुझी लगानी गर्ने जमातको समेत बाहुल्य बढ्दै जाँदा यस्ता फेसबुके गुरुका अनगिन्ती चेला पनि निस्किए । कसले बढी पाठक तान्ने होडमा रहेका सेयर बजारसम्बन्धी *अनलाइनले* यस्ता गुरुहरूलाई वैधानिकता दिए । अर्ती-उपदेशका नाममा कतिपयले आफू प्रतिकूलका सेयर बिक्री गरे, कतिपयले अन्धाधुन्ध भविष्यवाणी गर्दै हिंड्न थाले । बजार चल्ने आफ्नै सिद्धान्त छ । यसलाई प्रभाव पार्ने कारकतत्त्व आफ्नै हुन्छ । तर, मेरो गोरुको बाह्रै टक्का भनेझैं मेरै बुझाइ सही भन्दै लाग्ने गुरुहरूलाई बजारले त पछाऱ्यो नै, अन्ध समर्थक देखिएकाले समेत धारे हात लाउन थाले । यद्यपि, *फेसबुकमा* यस्ता गुरुहरूको जन्मको शृंखला तोडिएको छैन । अझ अहिले यस्ता गुरु जन्माउने काम कतिपय लगानीकर्ता संघका अधिकारीहरूले संयुक्त रूपमा गरिरहेका छन् । कोही लगानीकर्ता एकल लागिपरेका छन्, आफ्नै नयाँ स्वरूप जन्माउन । समयले जन्माउने र समयले नै ठेगान लगाउने यस्ता छद्‍मभेषी गुरुहरूको जय होस् !

व्यवसायीको भारू मोह

८ नोभेम्बर ०१६ मा मध्यराती नरेन्द्र मोदीको सरकारले ५ सय र हजार दरका भारू नोटलाई प्रतिबन्ध लगायो । लगत्तै आफूहरूसँग १५ अर्ब रुपियाँसम्म यस्ता नोट रहेको भन्दै व्यवसायीले सरकारलाई साट्न दबाब दिए । तर, दिन-प्रतिदिन यस्तो दबाबको स्वर मसिनो हुन थाल्यो । केही सातामै व्यवसायीबाट प्रतिबन्धित नोटको 'न' पनि उच्चारण हुन छाड्यो ।

भारतले नेपालमा प्रतिबन्धित भारू साट्न खासै कुनै पहल गरेन । नेपालले गरेको प्रयासमा भारतले चासो पनि दिएन । अन्ततः घाटा खाएरै व्यवसायीले भारतीय बैंकको समेत प्रयोग गरेर नोट साटे । अर्थतन्त्रको आधा हिस्सा बराबर अनौपचारिक मानिँदै आएको नेपालमा भारूको नोटबन्दीपछि कति पैसा औपचारिक प्रणालीमा आयो ? यहाँ पनि हिसाब गरिएको छैन ।

यहाँ भारू साथमा राख्न कानुनले दिंदैन, तर भारतबाटै सामान ल्याउँदा भुक्तानीको माध्यम पनि बनाइएको छ । यसै सुविधाको लाभ लिंदै नखुलेको धन लुकाउने माध्यम बनिरहेको ठूला भारू नोटको प्रयोग खुला गर्न व्यवसायी पुनः लबिइङ गरिरहेका छन् । गत मंगलबार मौद्रिक नीतिमा राय दिन आएका व्यवसायीले माग राखे, भारूको नयाँ ५ सय र २ हजारको नोट खुला गर्न । केही महिनाअघि मात्रै १८ अर्ब नेपाली रूपियाँ प्रणालीबाटै हरायो । सम्भवतः यसैले होला, पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले नेपाली ५ सय र १ हजार रूपियाँलाई समेत नोटबन्दी गर्नुपर्ने राय राखे । यस्तोमा व्यवसायीको यो माग कसैले सम्बोधन गर्नुपर्छ र !

आत्महत्याको क्षतिपूर्ति

विश्वमा आत्महत्यालाई हेर्ने फरक-फरक दृष्टिकोण छ । आत्महत्या प्रयासलाई कानुन विपरीत मानिन्छ ।

संसारका विभिन्न देशमा बिमा कम्पनीहरूले आत्महत्यामा फरक-फरक रणनीति अपनाउने गरेका छन् । नेपालमा जीवन बिमा गरेको पहिलो वर्षको अवधि कटेपछि बिमांकको कुल रकम क्षतिपूर्ति पाउने व्यवस्था छ । विशेषगरी अल्पसंख्यक समुदाय र वैदेशिक रोजगारीमा जाने तयारीमा रहेकाहरूका यस्ता दाबी नेपालका बिमा कम्पनीमा आउने गरेको छ । वैदेशिक रोजगारीमा जानेले एक वर्ष नपुग्दै पनि क्षतिपूर्ति पाउँछन् ।

यत भवती तत् नास्यती, सबै वस्तु नाशवान छन् भन्ने मान्यतालाई धेरैजसो मुलुकमा बिमा कम्पनीहरूले पनि आत्मसात् गरिरहेका छन् । यही कारण आत्महत्यामा क्षतिपूर्ति दिने प्रचलन छ तर, पहिलो वर्ष नभई अवधि बढी राख्ने गरिएको छ । यस्तो क्षतिपूर्ति पाउने अवधि नहुँदै आत्महत्याका घटना भएमा बिमितका आफन्तले प्रिमियम शुल्क पाउने व्यवस्था छ । नेपालमा पनि यो अवधि बढाउनुपर्ने अवस्था देखिएको छ । ♦

CG
inspiring life
SINCE 1982

EXTRA TIME गोलमै छ मज्जा

यो फुटबल पर्वसंग CG मा EXTRA Time को गोलसंगै EXTRA मज्जा

FIRST TIME IN NEPAL
3 YEARS* WARRANTY
On LED TVs

यसपालीको फुटबल पर्वको अवसरमा CG का TV हरू खरिद गरि पाउनुहोस् EXTRA
साथै प्रत्येक हप्ता लक्की GIFT HAMPER मा CG LED TV

- ३०% सम्म नगद छुट
- ३ बर्षको वारेन्टी
- पक्का उपहारहरू

4K Smart TV

CG LED TV	MRP	MOP	EXTRA Discount
CG65D1802U	182,990.00	149,290.00	33,700.00
CG55D6602U	125,790.00	104,390.00	21,400.00
CG49D6602U	101,890.00	84,590.00	17,300.00
CG86D8900S	630,690.00	539,590.00	91,100.00

Smart TV

CG LED TV	MRP	MOP	EXTRA Discount
CG32D1604S	34,690.00	27,690.00	7,000.00
CG43D3100S	60,890.00	48,590.00	12,300.00
CG49D3100S	71,290.00	61,590.00	9,700.00
CG55D1802S	88,790.00	76,590.00	12,200.00
CG55D3100S	87,990.00	76,190.00	11,800.00

TURBO TV

CG LED TV	MRP	MOP	EXTRA Discount
CG20D1504	17,990.00	12,590.00	5,400.00
CG20D3205	17,390.00	13,290.00	4,100.00
CG20D3305	17,390.00	13,290.00	4,100.00
CG22D3205	19,390.00	14,590.00	4,800.00
CG22D3305	19,390.00	14,590.00	4,800.00
CG24D1004	19,890.00	15,890.00	4,000.00
CG24D1905	19,890.00	15,890.00	4,000.00
CG32D1004	29,890.00	22,890.00	7,000.00
CG32D1905	29,890.00	22,790.00	7,100.00
CG43D9904	55,690.00	43,290.00	12,400.00
CG55D3200	81,890.00	65,990.00	15,900.00
CG55D7100	81,890.00	65,990.00	15,900.00

upto 30% EXTRA DISCOUNT

PARTICIPATE ON FACEBOOK CONTEST
FOR A CHANCE TO WIN DAILY PRIZE!

यो योजना जेठ २३, २०७५ देखि सिमित अवधिका लागि मात्र लागू गरिएको छ ।

CG ELECTRONICS

CG ELECTRONICS PVT. LTD.
CG DIGITAL PARK,
SATUNGAL, KATHMANDU
Tel: 01-5108131, 01-5108108

CG BRAND SHOP
UWTC, Tripureshwor
Exclusive CG Brand Showroom
Tel:01-4117002, 01-4117114

Ravibhawan:- KTM, Tel: 01-4281749
Hattigauda:- KTM, Tel: 01-4376815
Tangal:- KTM, Tel: 01-4431837, 4411269
Kumaripati:- KTM, Tel: 01-5008772,5008771
Nayabazar:- KTM, Tel: 01-4364072

TOLL FREE NO. 16600100211
For Ncell & UTL, Contact: +977-1-4100141
FOR SERVICE ONLY

For Dealer Inquiry 9851102181
For Sales Inquiry 9813975980
For Corporate Inquiry 9851012539

NEPAL'S 1 & Only ISO 9001
International Quality Management Certified Electronics Company

0% FINANCE
NABIL INSTALLMENT
NMB BANK LIMITED एनएमबि बैंक लिमिटेड
Global IME Bank

www.cginspiringlife.com
facebook/inspiringlifecg

Mahindra Rise.
BOLERO PIK-UP
NEPAL'S NO.1 PICK-UP
उद्यमीको उदय
उद्यम तपाईं गर्नुस्, साथ हामी दिन्छौं
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
स्वागत छ उदयको संसारमा
UDAY
तपाईं जस्तै उद्यमशील नेपालीहरुको लागि हो यो योजना । हरेक बोलेरो पिक-अप खरिदपछि उदयको सदस्यता लिनुहोस् र पाउनुहोस्:
Rs. 200
नि:शुल्क दुर्घटना जीवन बिमा
रु. २००,००० बराबरको जीवन बीमा
छोरा-छोरीको लागि छात्रवृति
SEE मा उत्कृष्ट २५ छोरा-छोरीको लागि रु. २५,००० बराबरको छात्रवृति
स्पेयर पार्ट्समा विशेष छुट
स्पेयर पार्ट्स र लुब्रिकेन्टमा १५% छुट र थप एक फ्रि सर्भिस
नि:शुल्क रिचार्ज
रु. २०० को मोबाइल रिचार्ज
सर्भिस क्याम्प
सदस्यका लागि विशेष महिन्द्रा सर्भिस क्याम्प
वार्षिक लाभदायक कार्यक्रम
अन्य लाभदायक कार्यक्रमहरु
Mahindra Bolero Pik-Up
उद्यमशील नेपालीको भरपर्दो साथी
AGNI INCORPORATED PRIVATE LIMITED
25 YEARS
Agni Incorporated Pvt. Ltd.
Naxal, Bhagwati bahal, Kathmandu, Tel: 01-4419133/4419134
Branch: Birgunj, Tel: 051-419323/419456, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742;
Kohalpur, Tel: 081-541522
Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 Spare Parts Outlet: Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/ 4384176;
Teku, Kathmandu, Tel: 01-4253635 Authorized Service Center: (Inside Kathmandu Valley) Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123
(Outside Kathmandu Valley) Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157;
Dhading Besi, Tel: 010-521024
Insurance Partners:
MAXIMILE
GENUINE ACCESSORIES
Url: www.onlineagni.com Email: onlineagni@agniinc.com.np Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/AgniGroupNepal